# चितवन राष्ट्रिय निकुञ्ज सौराह क्षेत्रको संस्कृतिमा पर्यटनले पारेको असर

स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिको लागि
त्रिभुवन विश्वविद्यालय नेपाली इतिहास,
संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौंमा प्रस्तुत

## शोधपत्र


**प्रस्तुतकर्ता**
सरोजा सापकोटा
एम.ए (दोस्रो वर्ष)

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व
केन्द्रीय विभाग कीर्तिपुर, काठमाडौं

२०६३

त्रिभुवन विश्वविद्यालय मानविकी र सामाजिक शास्त्र संकाय
नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग
कीर्तिपुर , काठमाडौं

## शोध निर्देशकको मन्तव्य

यस विभागको एम. ए. दोश्रो वर्षकी छात्रा सरोजा सापकोटाले मेरो निर्देशनमा लेख्नुभएको **"चितवन राष्ट्रिय निकुञ्ज सौराह क्षेत्रको संस्कृतिमा पर्यटनले पारेको असर"** शीर्षकको प्रस्तुत शोधपत्र एम. ए. उपाधिको संस्कृति विषयको आंशिक परिपूर्तिको निमित्त योग्य भएकोले मुल्याङ्कनको लागि सिफारिस गर्दछु ।

मिति : २०६३/११/१८

प्रा.डा. प्रेमकुमार खत्री
शोध निर्देशक
नेपाली इतिहास, संस्कृति तथा पुरातत्व
केन्द्रीय विभाग कीर्तिपुर, काठमाडौं

टेलिफोन नं. ४३३१९७६

त्रिभुवन विश्वविद्यालय
नेपाली इतिहास, संस्कृति तथा पुरातत्व
केन्द्रीय विभाग
विभागीय प्रमुखको कार्यालय

कीर्तिपुर
काठमाण्डौ, नेपाल ।

प.सं.
च.नं.

## शोधप्रबन्धको स्वीकृति

श्री सरोजा सापकोटाद्धारा पेश गरिएको **"चितवन राष्ट्रिय निकुञ्ज सौराह क्षेत्रको संस्कृतिमा पर्यटनले पारेको असर"** शीर्षकको प्रस्तुत शोधप्रवन्ध त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व विषयको स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिका निमित्त स्वीकृत गरियो ।

| | | |
|---|---|---|
| प्रा.डा.पेशल दाहाल | श्री डिल्लीराज शर्मा | प्रा.डा.प्रेमकुमार खत्री |
| (विभागीय प्रमुख) | ( बाह्य परीक्षक ) | (शोधनिर्देशक) |

मिति:२०६३।११।१७

# प्राक्कथन

प्रस्तुत शोधपत्रलाई सफल र वैज्ञानिकता प्रदान गर्नको लागि स्थलगत भ्रमण र पुस्तकहरुबाट मात्र पर्याप्त नहुने भएकोले विभिन्न महानुभावहरुको सल्लाह र सहयोग पनि लिइएको छ ।

शोधपत्र परिक्षणको क्रममा सहयोग गरी मेरो स्नातकोत्तर उपाधि प्राप्तिको मार्ग खोलिदिनु भएकोमा नेपाली इतिहास, संस्कृति र पुरातत्व केन्द्रीय विभागका विभागीय प्रमुख आदरणीय गुरु प्रा. डा. पेशल दाहाल ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यो शोधपत्र तयारीमा विभिन्न श्रोत तथा सामाग्रीहरु जुटाइदिनुका साथै आवश्यक सरसल्लाह र सुझाव तथा सहि निर्देशन दिनुहुने यसै विभागका आदरणीय मार्गनिर्देशक गुरु प्रा.डा. प्रेमकुमार खत्री ज्यूप्रति म हार्दिक कृतज्ञता एवम् आभार व्यक्त  गर्दछु ।

शोधप्रस्तावना स्वीकृत गरी शोधपत्र लेख्ने अवसर प्रदान गर्नुहुने यस विभागका भूतपूर्व प्रमुख आदरणीय गुरु प्रा.मुकुन्दराज अर्याल ज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु।

शोधपत्र तयार गर्ने क्रममा गरिएको स्थलगत सर्वेक्षणमा आफ्नो अमूल्य समय दिएर विविध जानकारी दिई सहयोग गर्नुहुने सौराहका साथीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यस शोधपत्रको रिपोर्ट तयार गर्ने शिलशिलामा आवश्यक सरसल्लाह र विविध प्रकारको सहयोग गर्नुहुने र कम्प्यूटर सेट गरी सहयोग गर्नुहुने सम्पूर्ण साथीहरु तथा मेरो परिवारजनप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

अन्तमा यो शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रि.वि.वि. नेपाली इतिहास संस्कृति तथा पुरातत्व विभाग समक्ष प्रस्तुत गर्दछु ।

मितिः२०६३/११/१७

**प्रस्तुतकर्ता**
सरोजा सापकोटा/त्रि.वि.वि.




नेपालका राष्ट्रिय निकुञ्ज वन्यजन्तु आरक्षण र संरक्षण क्षेत्रहरु




चितवन राष्ट्रिय निकुञ्ज र त्यससँग जोडिएका वरिपरीका क्षेत्र तथा जिल्लाहरु

# विषय - सूची

पृष्ठ संख्या


शोध निर्देशकको मन्तव्य ii
स्वीकृति पत्र iii
प्राक्कथन iv

**१. अध्याय एक :– शोधको परिचय**
१.१ भूमिका........................................................ १
१.२ शोधको समस्या............................................ १–२.
१.३ शोधको औचित्य............................................ २
१.४ शोधको उद्देश्य............................................. २
१.५ शोधको सीमा र क्षेत्र ..................................... ३
१.६ शोधको पुन संगठन........................................ ३
१.७ शोध विधि.................................................... ३–४
१.८ सन्दर्भ साहित्य पुनरावलोकन............................ ५–६

**२. अध्याय दुई :–नेपालको पर्यटन, संस्कृति र अन्तर्सम्बन्ध**
२.१ पर्यटनको परिभाषा......................................... ७–१०
२.२ नेपालमा पर्यटनको विकास............................... १०–१३
२.३ संस्कृति र पर्यटन........................................... १३–१४
२.४ सांस्कृतिक पर्यटन.......................................... १४–१६
२.५ पर्यटनले संस्कृतिमा पारेको असर....................... १६
२.५.१ सकारात्मक असर................................ १६–१७
२.५.२ नकारात्मक असर................................ १७–१८

**३.अध्याय तीन :– सांस्कृतिक पर्यटनमा सौराह क्षेत्र**
३.१ शोध स्थलको परिचय.........................................१९–२१
३.२ सौराहको आर्थिक विकासमा पर्यटनको स्थान.............२१–२२
३.३ सौराहका आकर्षणहरु...........................................२२
३.३.१ सांस्कृतिक आकर्षणहरु.............................२२–२३

**४. अध्याय चार :– सौराहको संस्कृतिमा पर्यटनले पारेको असर**
४.१ प्राक्कथन...........................................................२४–२७
४.२ थारु संस्कृति र त्यसमा पर्यटनको प्रभाव.................२७
४.२.१ रहन सहन ..........................................२७–२८

४.२.२ परम्परा...............................................२८–३३
४.२.३ पेशा ...................................................३३
४.३ अध्ययनबाट प्राप्त आँकडाहरुको तथ्याङ्कगत
प्रस्तुति...........................................................३४–४२
४.४ पर्यटनबाट प्रभावित गाउँहरु र असरहरु...................४३
४.५ सौराह क्षेत्रमा पर्यटनका असरहरु............................४४–४५
४.५.१ आर्थिक क्षेत्र.........................................४५–४६
४.५.२ शैक्षिक क्षेत्र.........................................४६
४.५.३ सामाजिक तथा सांस्कृतिक क्षेत्र........ ........४६–४९
४.६ विकासको क्रियाकलापमा प्रभाव .............................४९
४.७ उपसंहार...........................................................४९–५०

**५. अध्याय पाँच :– निष्कर्ष र सुझाब**....................................५१–५३

**सन्दर्भ ग्रन्थ र पत्रपत्रिका सूची**............................................५४–५५

**परिशिष्ट**..................................................................... ५६

**परिशिष्ट क :–सान्दर्भिक तथ्याङ्कहरुको संकलन**........................५७–६१

**परिशिष्ट ख :–सान्दर्भिक तस्वीरहरुको संकलन**........................६२–७८

**परिशिष्ट ग :–संग्राहलयमा संग्रहित कृतिहरुको चित्रमय झलक**...७९–८१

**परिशिष्ट घ :–सौराह क्षेत्रमा अध्ययनको क्रममा गरिएका प्रश्नहरु**..८२

# अध्याय एक

# शोधको परिचय

## १.१ भूमिका

नेपाल प्राकृतिक सुन्दरताले भरिएको देश हो । नेपालका बिभिन्न क्षेत्रहरुमा रहेका मनोरम स्थलहरु एवम् अनेकौं प्रकारका रैथाने संस्कृतिहरुका कारणले बिदेशी तथा आन्तरिक पर्यटकहरु आकर्षित हुनु स्वभाविक कुरा हो । नेपालको अर्थतन्त्रमा पर्यटन उद्योगबाट उल्लेखनिय योगदान पुग्ने हुनाले यसको दिगो विकास गरिनु झनै अपरिहार्य भएको छ ।

बिभिन्न जातजाति, धर्म, भेषभुषा र रहनसहनले भरिएको नेपाललाई संस्कृतिको धनी देश एवम् पर्यटकीय दृष्टिले आकर्षक देश मान्न सकिन्छ । यहाँका सांस्कृतिक बिविधताहरु हाम्रा गौरव हुन् । देशमा हुन सक्ने कुनै पनि गतिबिधिले हाम्रो मौलिक संस्कृतिको संरक्षण र सम्वर्द्धनमा सकारात्मक भूमिका खेल्नु पर्ने तथ्य निर्बिबाद छ । यसै सन्दर्भमा नेपालको महत्वपूर्ण उद्योगको रुपमा रहेको पर्यटन उद्योगले पनि संस्कृतिमा हुन सक्ने नकारात्मक असरहरुलाई न्युनिकरण गर्दै सकारात्मक पक्षको विकासमा लाग्नु उत्तिकै जरुरी हुन्छ ।

## १.२ शोधको समस्या

नेपालका बिभिन्न महत्वपूर्ण पर्यटन क्षेत्रहरुमध्ये सौराह क्षेत्रको नाम पनि उल्लेखनिय रहेको छ । शाही चितवन राष्ट्रिय निकुञ्जको साथमा हुनुले पनि सौराह बढी लोकप्रिय बन्न पुगेको छ । स्थानिय स्रोतबाट प्राप्त तथ्याङ्क अनुसार सौराह मुलुककै तेस्रो महत्वपूर्ण पर्यटकीय गन्तब्य स्थल मान्न सकिन्छ । पर्यटनको विकासको क्रममा यस क्षेत्रको संस्कृतिमा पनि असर परेको पाइएको छ । पर्यटनको कारणले यस क्षेत्रका मानिसहरुमा चेतनामा वृद्धि हुनु, अतिथिको सम्मान सत्कार गर्ने संस्कारको विकास हुनु, समाजका कुरितीहरु हटाउने पक्षमा लाग्नु आदि जस्ता कुरामा सकारात्मक असर परेको पाइन्छ । तर, पर्यटनकै कारणले यस क्षेत्रका बासिन्दाहरु सांस्कृतिक नकारात्मक प्रभावका शिकार नभएका पनि हैनन् । बिदेशीहरुको सबै चिज राम्रो भन्ने सोचाई बिषेशगरी युवाहरुमा आउँदा उनीहरुले आफ्नो संस्कृति र मूल्य मान्यतालाई महत्व नदिने प्रवृति देखाउन थालेको पाइएको छ । ‘Stronger Guest and Weaker Host’ को स्थिति रहनुले उनीहरुको सबै चिज नक्कल गर्दा आधुनिक र सभ्य भइन्छ भन्ने सोचाई आउनाले यस्तो भएको हो । देशमा विद्यमान गरिबी, अशिक्षा, अज्ञानता, अचेतता आदिको कारणले गर्दा यस्तो धारणा रहन गएको कुरा निर्विवाद छ । बिदेशीको खानपिन, रहनसहन र भेष-भुषा माथिल्लो दर्जाको हो भन्ने

धारणाले त्यसको नक्कल गर्न खोज्नु स्वभाविक हो । यस क्षेत्रका विषेशगरी थारु जातिका केटाहरुमा आफ्ना हैसियत भन्दा बढी तडक-भडक देखाउने, अनावश्यक रुपमा पैसा खर्च गर्ने, लागूपदार्थको सेवन गर्ने, डिस्को पब आदिमा गई बरबाद हुने जस्ता नकारात्मक प्रभावहरु देखिनु पक्कै पनि राम्रो लक्षण हैन । यस्ता नकारात्मक सांस्कृतिक असरहरुलाई हटाई दिगो पर्यटनको विकास गर्नु आजको आवश्यकता भएको छ । यसै परिवेशमा यस क्षेत्रको पर्यटनमा परेका सबै खाले असरहरुको अध्ययन गर्न यस शोधको परिकल्पना गरिएको हो ।

## १.३ शोधको औचित्य

सौराह लामो समयदेखि अति नै रमणिय स्थलको रुपमा मात्र नभई पर्यटकिय दृष्टिकोण बाट पनि अति नै महत्वपूर्ण क्षेत्रको रुपमा चिनिन्छ । यस क्षेत्रको विस्तृत अध्ययनको लागि अझै पनि धेरै खोज तथा अनुसन्धानको आवश्यकता छ । यस क्षेत्रमा रहेका रमणिय स्थलहरु, यहाँका जनजातिहरु र यिनीहरुको संस्कृतिको बारेमा अध्ययन गर्नु र लोप हुन लागेको परम्परागत मौलिक संस्कृतिको संरक्षण गर्ने उपायको खोजी गर्नु यो शोधको समस्या हो, जुन देशको संस्कृतिको संरक्षण गर्ने अभियानमा औचित्यपूर्ण कार्य हुन सक्दछ । यो अध्ययनले सम्बन्धित क्षेत्रको संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्दै दिगो पर्यटनको विकास गर्न सम्बन्धित पक्षलाई ध्यान आकृष्ट गराउने छ । पर्यटनको विकास गर्दा सांस्कृतिक पक्षलाई ओझेलमा पार्न नहुने मान्यतालाई यसले जोड दिनेछ । भविष्यमा हुने अध्ययन अनुसन्धानको लागि पनि यो शोध कार्य सहयोगी हुन सक्दछ ।

## १.४ शोधको उद्देश्य

यो शोधको प्रमुख उद्देश्य सौराह क्षेत्रको मौलिक संस्कृतिको संरक्षणका उपायसँग संबन्धित प्राप्त गर्नु र यी उपायहरुका बारेमा सम्बन्धित पक्षलाई ध्यानाकर्षण गराउनु भएको छ । जसको लागि निम्न विशिष्ट उद्देश्यहरु लिएर अनुसन्धान गरिएको छ । उद्देश्यहरुलाई निम्ननुसार उल्लेख गर्न सकिन्छ :–

क.सम्बन्धित क्षेत्रको मौलिक संस्कृतिको अध्ययन गर्ने ।
ख.सौराह क्षेत्रको वस्तीहरुमा पर्यटनको विकासका कारण आएको सांस्कृतिक परिर्वतनको अध्ययन गर्ने ।
ग.संस्कृतिमा भएका नकारात्मक परिर्वतनहरुको पहिचान गर्ने ।
घ.संस्कृतिमा हुन लागेका नकारात्मक परिवर्तनलाई हटाउने उपाय प्रस्तुत गर्ने।

## १.५ शोधको सीमा र क्षेत्र

यस शोधको अध्ययन क्षेत्र चितवनको सौराह पर्यटन क्षेत्र र यसका सीमानाका बस्तीहरु हुनेछ । यसमा सौराह क्षेत्रको पर्यटन, जनजाति,संस्कृति आदिको जानकारी दिदैं त्यहाँको सांस्कृतिक संरक्षण र सम्वर्द्धनमा मात्र यो अध्ययन केन्द्रित रहेको छ ।

## १.६ शोधको संगठन

यस अध्ययनलाई स्पष्ट गर्ने कार्य क्षेत्रमा संकलन गरिएका सूचना तथा तथ्यहरुलाई विश्लेषण गरी सौराह क्षेत्रको बारेमा विस्तृत रुपमा सूचना प्रदान गर्ने हेतुले अनुसन्धानलाई विभिन्न अध्याय, शीर्षक, उप–शीर्षकमा विभाजन गरी क्रमिक रुपमा प्रस्तुत गरिएको छ । यो शोधपत्रलाई ५ अध्यायमा विभाजन गरिएको छ । प्रत्येक अध्यायमा निम्न अनुसारका शीर्षकहरु राखिएका छन् ।

(क) प्रथम अध्यायमा अनुसन्धानको परिचय रहेको छ । यस अर्न्तगत शोधको समस्या, शोधको औचित्य, शोधको उद्देश्य, शोधको सीमा र क्षेत्र, शोधको पुन : संगठन, शोधको विधि, साहित्यहरुको पुनरावलोकन बारे वर्णन गरिएको छ ।

(ख) दोश्रो अध्यायमा शोध सँग नेपालको पर्यटन, संस्कृति र अन्तरसम्बन्ध अर्न्तगत पर्यटनको परिभाषा, नेपालमा पर्यटनको विकास, संस्कृति र पर्यटन, सांस्कृतिक पर्यटन, पर्यटनले संस्कृतिमा पारेको असरः सकारात्मक असर, नकारात्मक असर, समावेश गरिएको छ ।

(ग) तेश्रो अध्यायमा सांस्कृतिक पर्यटनमा सौराह क्षेत्र र यस अर्न्तगत शोध स्थलको परिचय, सौराहको आर्थिक विकासमा पर्यटनको स्थान, सौराहका आकर्षणहरु , सांस्कृतिक आकर्षणहरु समावेश गरिएको छ ।

(घ) चौथो अध्यायमा सौराहको संस्कृतिमा पर्यटनले पारेको असर र ध्ययनबाट प्राप्त आकँडाहरुको तथ्याङ्कगत प्रस्तुति , पर्यटनबाट प्रभावित गाउँहरु र असरहरु, सौराह क्षेत्रमा पर्यटनको असरहरुमा आर्थिक क्षेत्र, शैक्षिक क्षेत्र, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा परेको असरहरु बारे जानकारी  समावेश गरिएको छ ।

(ङ) पाँचौ अध्यायमा शोधको निष्कर्ष र सुझाब समावेश गरिएको छ ।

शोधपत्रको अन्तमा सन्दर्भ ग्रन्थ र पत्रपत्रिका सूची तथा परिशिष्ट खण्ड समावेश गरिएका छन् ।

## १.७ शोध विधि

कुनै पनि अनुसन्धानलाई वैज्ञानिक र व्यवस्थित रुप दिनको निमित्त अध्ययन विधिको भूमिका महत्वपूर्ण हुन्छ । यो अध्ययन चितवनको सौराह पर्यटन स्थलको पर्यटन र संस्कृति पक्षलाई समेटेर गरिएको छ । शोधको अध्ययन क्षेत्र र विषयलाई ध्यानमा राख्दै अध्ययनलाई बढी प्रभावकारी र सुव्यवस्थित तुल्याउने क्रममा गहन अध्ययन गरी तथ्यपूर्ण जानकारी र  सूचना संकलन गरेर यिनको विश्लेषण गरिएको छ । जसको लागि पुस्तकालय, सम्बन्धित परामर्शदाताहरु, स्थानिय समुदाय, पर्यटन सँग सम्बन्धित तथ्यांकहरुको सहयोग लिइएको छ । यस शोधमा अपनाइएका विधिहरु निम्नलिखित छन् :–

**क. सामान्य सर्वेक्षण** : सौराह क्षेत्रको स्थलगत भ्रमणगरी त्यस क्षेत्रमा बसोवास गर्ने सबै जाति र समूदायहरुको बारेमा सोधखोज र अवलोकन गरी यस शोधकार्यसँग सम्बन्धित तथ्यहरु संकलन गरिएको छ ।

**ख. प्रश्नावली** : स्थानिय थारु जाति र यहाँ बसोवास गर्ने अन्य जातिहरुसित पर्यटनको प्रभावबारे प्रश्नहरु सोधेर उनीहरुको बिचार र धारणा संकलन गरिएको छ ।

**ग. मौखिक अन्तरवार्ता** : यहाँ बसोवास गर्ने मानिसहरु तथा पर्यटन क्षेत्रमा संग्लग्न रहेका व्यक्तित्वहरुसित मौखिक रुपमा प्रश्नहरु राखी शोधसँग सम्बन्धित पक्षहरुको बारेमा जानकारीहरु लिइएको छ ।

**घ. सामूहिक अन्तरवार्ता कुराकानी तथा छलफल** : सामूहिक रुपमा उनीहरुसित शोध स्थलको बारेमा, भाषा, संस्कृति, पर्यटक र पर्यटन क्षेत्रको प्रभावबारे सोधपुछ तथा छलफल गरिएको छ ।

**ङ. अध्ययन क्षेत्रको गहन अवलोकन तथा सर्वेक्षण** : सौराह क्षेत्रको स्थलगत भ्रमणको क्रममा पर्यटन र संस्कृतिसँग सम्बन्ध राख्ने पक्षहरुलाई विषेश महत्व दिई त्यस सँग सम्बन्धित तथ्यहरुको गहन रुपमा अवलोकन र अध्ययन गरिएको छ ।

**च. चित्र तथ्य संकलन** : अनुसन्धानलाई सजीव रुप दिनको लागि सम्बन्धित क्षेत्रमा खिचिएका तस्वीरहरुको मद्धत लिइएको छ ।

**छ. द्वितियक तथ्याङ्क संकलन** : स्थलगत अध्ययनबाट संकलन गरिएका तथ्यहरुलाई द्वितियक श्रोतको मद्धतबाट संस्कृतिमा परेको असरको विश्लेषण गरिएको छ ।

**झ. पुस्तक, प्रकाशित लेख, कागजपत्रहरुबाट प्राप्त सामाग्रीको संकलन** : पर्यटन र संस्कृति सम्बन्धि लेखिएका पुस्तक, पत्रपत्रिका, लेख आदिको अध्ययनगरी तिनमा प्राप्त भएका संस्कृति र पर्यटन र सौराह क्षेत्रसँग सम्बन्धित सामग्रीलाई

उपयोग गरी तिनमा उल्लेखित तथ्याङ्कहरुको समेत अध्ययनगरी त्यस्ता विषयवस्तुलाई समेत शोधपत्रमा समावेश गरिएको छ ।

## १.८ सन्दर्भ साहित्यको पुनरावलोकन

एक्काईसौं शताब्दीमा विश्वको सबैभन्दा प्रमुख एवम् ठूलो उद्योगका रुपमा स्थापित हुन गइरहेको पर्यटन व्यवसायका विषयमा विदेशीहरु तथा स्वदेशी लेखकहरुले नेपालको सन्दर्भमा पर्यटनको इतिहास, पर्यटनका घटकहरु, कारक तत्वहरु, भौतिक, सामाजिक, आर्थिक एवम्  सांस्कृतिक नकारात्मक तथा सकारात्मक असरहरु, परम्परागत एवम्  अत्याधुनिक पर्यटनका प्रसङ्गहरु एवम् पर्यटन र विकासको अन्तरसम्बन्धहरु बारे लेखिएका लेख तथा पुस्तकहरु प्राप्त छन् । विदेशी विद्वानहरु जस्तै एडम्स (१९९२,१९९६), फिसर (१९९०), स्टेभन (१९९६), रोजर र  ऐटचिसन (१९९८), वौमगार्टनर (१९९६) र लुगर (२०००) जस्ताले नेपालको पर्यटनसँग सम्बन्धित लेख तथा पुस्तकहरु लेखेका छन् । जसमा तिनीहरु प्रायः सबैले खुम्बु र खुम्बुमा परेको पर्यटन प्रभावको विकासका निम्ति अध्ययन गरिएको पाइएको छ । रोगर्स र ऐट्सनले पर्यटनको सकारात्मक र नकारात्मक विकास दुवै देखाएका छन् ।

यी मध्ये स्वदेशी विद्वानहरुमा रमेशराज कुवँरको “Anthropology of Tourism”, र “Tourism and Development”, Pandey, Ram Niwas, Chettri, Pitambar, Kunwar, Ramesh Raj and Ghimire, Govinda को ‘‘Case Study On The Effects Of Tourism On Culture And The Environment - NEPAL -Chitwan-Sauraha and Pokhara-Ghandruk’’, यज्ञराज सत्यालको “Tourism in Nepal”, प्रयाग राज शर्माको “Culture and Tourism”, कोलिन हन्टर र हवार्ड ग्रिनको “Tourism and the Enviroment”, दिवस ढकालको “Nepalese Culture, Society and Tourism”, उद्धव पुरीको “पर्यटन र विकास”, डा. गणेश क्षेत्री र रामचन्द्र रायमाझीको “पर्यटनः विकास र व्यवस्थान”, डोरबहादुर विष्टको “सबै जातको फूलबारी”, जनकलाल शर्माको “हाम्रो समाजः एक अध्ययन”, हरिकान्त लाल दासको “सप्तरीको राजनैतिक इतिहास तथा प्रमुख धार्मिक स्थलहरु (सांस्कृतिक स्थलहरु समेत)” आदि उल्लेखनीय छन् ।

यज्ञराज सत्यालको “Tourism in Nepal”,(१९८८) मा नेपालको पर्यटन र यसको अवस्थाबारे सामान्य जानकारी दिइएको छ । लेखकले यस पुस्तकमा समाज र संस्कृतिमा परेको पर्यटनको असरबारे केही मात्रमा चर्चा गरेको भएतापनि यो त्यति विस्तृत र प्रयाप्त रहेको पाइदैन । सत्यालकै अर्को पुस्तक “Tourism in Nepal”, (२०००) मा पर्यटनसँग सम्बन्धित तथ्याङ्कहरु र ऐतिहासीक विकासक्रमका बारेमा लेखिएको छ तर यो पुस्तक पनि पर्यटनको समाजिक र सास्कृतिक असरका पक्षलाई समेट्न सकेको पाइदैन । रमेशराज कुवँरको “ Tourism and Development :

Science and Industry Interface''(1997), पुस्तकले विद्यार्थी र अनुसन्धानकर्ता हरुलाई पर्यटनको बारेमा धेरै जानकारी दिई अध्ययन अनुसन्धानको लागि सहयोग गरेको छ । यस पुस्तकमा उल्लेखित रहेका पर्यटन र यसले पार्ने समाजिक र सास्कृतिक प्रभावसँग सम्बन्धित कुराहरुले यो शोध अध्ययनमा धेरै सहयोग पुगेको छ ।

रमेशराज कुवँरको "Anthropology of Tourism – A case study of Chitwan Saura " र राम निवाश पाण्डे, पिताम्बर क्षेत्री, रमेशराज कुवँर, गोविन्द घिमीरे को ''Case Study on The Effects of Tourism on Culture and The Environment - NEPAL - Chitwan-Sauraha and Pokhara-Ghandruk'', पुस्तकहरुमा पर्यटनलाई बिषेशतः मानवशास्त्रीय ढंग बाट अध्ययन गरिएको छ । पहिलो पुस्तकले थारु जातिमा मात्र पारेको प्रभावलाई बढी केन्द्रित गरी लेखिएको छ , तर पर्यटनले त्यहाँ रहेका अन्य जातिमा पारेको सांस्कृतिक असर र अन्य जातिबाट त्यहाँ रहेका स्थानिय थारु जातिमा पारेको प्रभावको बारेमा पूर्ण जानकारी दिइएको पाइदैन ।[१] दोस्रो पुस्तकमा घान्द्रुक क्षेत्रलाई पनि समेटेर लेखिएको भएतापनि सौराह क्षेत्रको बारेमा भने पहिलो पुस्तकमा भन्दा थप सामाग्री रहेको देखिदैन ।[२] यी पुस्तकहरुले पर्यटनबाट उब्जीएका नकारात्मक असरहरुलाई दर्शाउन खोजेको भएपनि समाधानका बारेमा भने खासै चर्चा गरेको पाइदैन ।

नेपाली संस्कृति, समाज र पर्यटनसँग सम्बन्धित विषय वस्तुलाई समेटेर लेखिएका यी सबै पुस्तक तथा लेखहरुमा नेपाली संस्कृति र समाजमा पर्यटनले पारेका बिद्यमान प्रभाबहरुको बिश्लेषण गर्ने प्रयास राम्ररी गरिएको पाइन्छ । सबै क्षेत्रको बिविधतालाई पुस्तकमा समेटेर नेपालमा पर्यटन, यसको अवस्था, र यसले खेल्ने सकारात्मक र नकारात्मक असरको भूमिका बारे पहिचान गराउन यी पुस्तकहरु सफल रहेका पाइन्छन् ।

यति हुँदाहुँदै पनि समयको अन्तरालमा भएका परिवर्तन फेरबदल र अहिले आएर परेका पर्यटनको स्थिति र प्रभाब बारे थप जानकारी दिन आवश्यक भएको देखिन्छ । यस परिप्रेक्ष्यमा यो शोधकार्यले सौराह क्षेत्रको बारेमा थप जानकारी उपलब्ध गराई यस क्षेत्रको मौलिक संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्ने प्रयासमा टेवा पुऱ्याउन मद्धत गर्न सक्ने आशा लिइएको छ ।

---

१. Ramesh Raj Kunwar, **ANTHROPOLOGY OF TOURISM**-A case study of Chitwan Sauraha.(Delhi ADROIT, 2002) ।

२. Ram Niwas Pandey, et al**, Case Study on the Effects of Tourism on Culture and the Enviroment – NEPAL – Chitwan-Sauraha and Pokhara-Ghandruk**. (UNESCO Principal Regional office for Asia and the Pacific. Bangkok 10110, Thiland, 1995) ।

# अध्याय दुई

## नेपालको पर्यटन, संस्कृति र अन्तर्सम्बन्ध

### २.१ पर्यटनको परिभाषा

पर्यटनलाई अंग्रेजीमा 'Tourism' भनिन्छ जुन Tour र ism मिलेर बनेको छ । 'Tour' शब्द ल्याटिन भाषाको टोरनस् (Tornos) शब्द बाट व्यूत्पन्न भएको हो, जसको अर्थ वृत अथवा एउटा केन्द्र बिन्दुको वरिपरी घुम्ने चक्र भन्ने हुन्छ (Kunwar, 2002)। यसमा भएको प्रत्यय 'ism' ले प्रक्रिया अथवा व्यवहार भन्ने बुझिन्छ । यसको आधारमा एक स्थानबाट सुरु भई एउटा यात्रा पुरा गरी वृतजस्तो सोहि स्थानमा फर्किनुलाई 'Tour' भनिन्छ भने यस्तो प्रक्रियालाई 'Tourism' भनिन्छ ।[३]

स्वीस प्राध्यापक वाल्टर हुन्जीकर र कुर्त क्राफले सन् १९४२ मा पर्यटनको परिभाषा यसरी दिएका छन् : "Torism is the total relationships and phenomena linked with the stay of foreign persons to a locality, on condition that they do not settle there to exercise a major, permanent or temporary activity of a lucarative nature."[४]

पर्यटक र पर्यटनको परिभाषा गर्ने क्रममा इन्टरनेशनल युनियन अफ् अफिसियल ट्राभल अर्गनाइजेशन (IUOTO) ले व्यापकरुपमा मान्यताप्राप्त परिभाषा सन् १९६३ मा अघि सार्‍यो, जसलाई विश्व पर्यटक संघले १९६८ मा अनुमोदन गर्‍यो । यस परिभाषा अनुसार पर्यटक भनेको कुनै अर्को मुलुकमा आफ्नो भ्रमणताका कम्तीमा पनि २४ घण्टा बिताउने व्यक्ति हो । जसको उद्देश्य निम्न लिखित शिर्षकमा बाँड्न सकिन्छ :–

क. फुर्सदको समय बिताउने - मनोरञ्जन, बिदा, स्वास्थोपचार, अध्ययन, धर्म, खेलकुदका निम्ति ।

ख. व्यपारिक, पारिवारिक र बैठकहरुमा उपस्थित हुनका निम्ति ।[५]

---

[३]. Kunwar, **opcit** (f.n.1), P.15 ।

[४]. Yajna Raj Satyal, **TOURISM IN NEPAL.** (Delhi : ADROIT, 2000), P.7-8 ।

[५]. गणेश क्षेत्री र रामचन्द्र रायमाझी, **पर्यटनः विकास र व्यव्स्थापन** (काठमाडौं : एसिया पब्लिकेसन, २०५७), पृ.१३ ।

सन् १९७६ मा ब्रिटेनको पर्यटन समाजले आन्तरिक एवम् राष्ट्रिय पर्यटनको क्षेत्रलाई समेट्दै पर्यटन भनेको आफ्नो स्वाभाविक बसोबास भएको ठाउँ वा स्थानभन्दा बाहिर अस्थायी वा छोटो समयका निम्ति गरिने भ्रमण हो भनी व्याख्या गरेको छ ।[६] त्यस्तै केही समय अगाडि विद्वानहरुले पर्यटनलाई शिक्षाको एउटा अंग मानेका छन् ।

वर्तमान समयको पर्यटन उद्योगलाई परिभाषा गर्नु भनेको निकै अप्ठ्यारो कुरा हो किनभने वर्तमान समयको पर्यटन उद्योगको स्वरुप ज्यादै व्यापक हुन पुगेको छ । विचार र धारणाका रुपमा र पर्यटनका निम्ति पर्यटकहरुलाई पुऱ्याउनुपर्ने सेवा एवम् सुविधा तथा हवाईजहाज, रेल, पानीजहाज, आवास र पर्यटकहरुका निम्ति चाहिनेआकर्षण, दृष्यावलोकन, जंगली दृष्यावलोकन, संस्कृति र वातावरण आदि सबै कुरालाई गाभेर पर्यटनको एउटै परिभाषा दिन ज्यादै गाऱ्हो देखिन्छ । यस अर्थमा पर्यटन अनगिन्ती आयामयुक्त तत्वको रुपमा देखापर्दछ , जसभित्र अनेकौं बन्दव्यवसायहरु, सघंसंस्थाहरु एवम् गतिबिधिहरु संलग्न रहेका हुन्छन् । यसप्रकारले यो आफैंभित्र ठूलो उद्योग हुन पुगेको छ । पर्यटनको कुनै निश्चित सीमारेखा देखिदैन किनकि यो विश्वकै जुनसुकै कुना कुनासम्म फैलिएको हुन्छ ।[७]

पर्यटन र पर्यटक शब्दको इतिहास पुरानो छैन तर यात्रा र भ्रमण को इतिहास भने मानव इतिहासको प्रारम्भिक चरण देखि नै सुरु भएको पाइन्छ । प्राग्ऐतिहासिक मानव आफ्नो सिकार र खानाको खोजिमा भ्रमणशील र घुमन्ते जीवन बिताउँथे भन्ने यथार्थता पुरातत्वविद्हरुले प्रमाणित गरिसकेका छन् । पछि ऐतिहासिक युगको थालनी भएपछि तथा मुद्राको प्रचलनले गर्दा धार्मिक, व्यपारिक तथा अन्य विभिन्न उद्देश्यले यात्राहरु हुनथाले । यसको उदाहरणमा ठाउँठाउँमा बनेका पाटीपौवा, घरहरुलाई लिन सकिन्छ जुन पक्कै पनि यात्रा गर्ने यात्रुहरुको विश्रामको लागि बनाइएको हुनु पर्दछ । समयको परिवर्तनसँगै बाटोघाटो पनि विकसित हुन पुगे तथा सजिलो यात्राको लागि कोइलाबाट बनेका गाडी वाफबाट चल्ने पानीजहाज र अझ पछि गएर नयाँ प्रविधि अनुरुप रेल, पानीजहाज, मोटरकार, हवाईजहाज आदिको निर्माण भयो । सञ्चारका माध्यमहरुले समेत पर्यटन विकासका निम्ति अहम् भूमिका निभाएको पाइन्छ । रेडियो, प्रेस र पछि आएर टेलिभिजन जस्ता माध्यमहरुले विभिन्न आकर्षक मुलुक र स्थलहरुको जानकारी एवम् सुचना प्रवाह गरेर त्यस्ता मुलुक र स्थलहरुतर्फ मानिसहरुको हेर्ने, डुल्ने इच्छा जगाउने काम गरे । साथै एउटा देशका मानिसले अन्य मुलुकहरुका मानिसहरुसँग बसउठ र भेटघाट गरी अन्तर्राष्ट्रिय समझदारीमा वृद्धि गर्ने कुराले मान्यता प्राप्त गऱ्यो ।

आधुनिक पर्यटन विकासलाई थप सहयोग पुऱ्याउने अरु प्रेरक तत्वहरुमा ट्राभल एजेन्ट र एजेन्सीको भूमिकालाई महत्वपूर्ण रुपमा लिनुपर्दछ । साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा खोलिएका पर्यटनसँग सम्बन्धित संघ संस्थाहरु जस्तै

---

[६]. ऐजन, पृ. १३ ।

[७]. ऐजन, पृ. १४ ।

आई.यू.ओ.टी.ओ., पी.ए.टी.ए., ए.आई.एस.ई.टी, आई.यू.टी.पी.ओ. आदिको पनि उल्लेखनिय भूमिका रहेको छ । वर्तमान युगको पर्यटन विकासको एकमात्र आधारस्तम्भ मानिसले गरेको प्राविधिक विकास नै हो । खासगरी यातायातको क्षेत्रमा भएको प्राविधिक विकासले मानिसको जीवनशैली नै हुन पुगिसकेको पर्यटनलाई ज्यादै सजिलो र सुविधाजनक बनाइदियो । रेल, मोटर, बस, हवाईजहाज आदिमा मानिसले प्राप्त गरेको प्राविधिक विकासको कारणले गर्दा नै पर्यटन सुगम र सजिलो हुन गयो । जसले गर्दा पर्यटनको विकास सर्वोच्च शिखरसम्म पुग्नु स्वभाविक थियो । पर्यटनका निम्ति यातायात, आकर्षकस्थल, वातावरण, सुविधा, स्वागतसत्कार, मित्रतापूर्ण व्यवहार आदिले अति नै महत्व राख्दछन् । पर्यटकहरु आफ्नो आम्दानी, उमेर, शैक्षिक स्तर , लिङ्ग अनुसार आफ्नो पर्यटनस्थल निर्धारण गर्दछन् ।[८] पर्यटकहरु आफ्नो उद्देश्य अनुरुप, बिदालाई मनाउन खासगरी आनन्द प्राप्ति वा मनोरञ्जनका निम्ति र टाढा रहेका आफन्त, नातागोताहरु एवम् परिवारका अन्य सदस्यहरुसँगको भेटघाटका लागि, आफ्नो कामको शिलशिलामा भेटघाट गर्न, सेमिनारमा भाग लिन, धर्मकर्म गर्न, देशभित्र र देशबाहिरका पवित्र तिर्थस्थलको दर्शन र पूजागर्न, साहसपूर्ण कार्य जस्तै Mountaineering, Trekking, Rafting, Hunting, Skiing, Fishing, Surf-riding, Baluning आदि गर्न, राष्ट्रिय र अन्तर्राष्ट्रियरुपमा खेलिने खेलमा भाग लिन, औषधोपचार गर्न तथा विभिन्न देशका सांस्कृतिक धरोहर, कला, सङ्गीत र साहित्यको बारेमा अध्ययन अनुसन्धान गर्न समेत पर्यटन गर्ने गर्दछन् ।[९]

विकसित यातायात र संचारका माध्यमले गर्दा संसार दिनप्रतिदिन साँगुरिदै गएको छ , मानिसको जीवन झनझन् व्यस्त हुँदै गएको छ । मानव प्राकृतिक स्वभाविक कारणले नै एकै ठाउँमा बस्न र एउटै चिज हेरिरहन सक्दैन, उ नयाँ ठाउँ हेर्न र नयाँ चिज गर्न सधैं इच्छुक भैरहन्छ । उसले समय समयमा आफूलाई परिवर्तित वातावरणमा पाउन खोज्दछ जसको फलस्वरुप उ नयाँ स्थान भ्रमण गर्छ , हेर्छ र नयाँ कुरा जान्दछ । कतिपय ठाउँहरुको बारेमा अरुबाट सुनेको भरमा परी भ्रममा परिएको हुन सक्छ तर त्यस्तो ठाउँहरुमा आफैंले भ्रमण गरी आफ्नो भ्रम दुर गर्न सकिन्छ । पर्यटनले केबल वैदेशिक मुद्रा र रोजगार मात्र उपलब्ध गराउने मात्र नभएर यसले मानिसको आधारभूत आवश्यकता समेत पुरा गर्दछ ।

पर्यटन उद्योग भनेको हजारौं कामदारहरु चाहिने उद्योग एवम् व्यवसाय हो । त्यसैले यसले रोजगारको क्षेत्रमा पनि उल्लेखनिय भूमिका खेल्न सक्दछ र पर्यटन विकास सँगसँगै देशको आर्थिक विकास पनि हुन पुग्दछ । पर्यटन व्यवसाय धुवाँरहित उद्योग भएको हुनाले वातावरणीय दृष्टिकोणले पनि यसलाई असल उद्योगको रुपमा लिन सकिन्छ । यसको विस्तारको लागि देशमा राजनैतिक स्थिरता, शान्ति, सुन्दर वातावरण, राम्रा बाटाहरु, पर्याप्त संचारका माध्यमहरु, स्वच्छ हावा, स्वस्थ खाना र

---

[८] . ऐजन, पृ. ३४ ।

[९] .ऐजन, पृ. ३४-३७ ।

पानी, प्राकृतिक सुन्दरता, ऐतिहासिक तथा सांस्कृतिक कला र वास्तुकलाको साथै असल नीतिनियमहरु हुनु अत्यावश्यक हुन्छ ।[१०] यदि त्यस्तो नभएमा पर्यटकहरु आउन रुचाउदैनन् । पर्यटकहरुको लागि सबैभन्दा महत्वपूर्ण कुरा मध्ये समय पनि एक हो । पर्यटकहरु निश्चित समय लिएर घुम्न आएका हुन्छन् । उनीहरुको समयलाई ध्यान दिएर गन्तब्य स्थलमा भ्याएसम्मका प्रमुख सबै ठाउँहरु घुमाउने व्यवस्था मिलाउनु पर्दछ र घरबाट पर आएका पर्यटकहरुलाई रमाइलो वातावरण प्रदानगरी खुसी तुल्याउनु पर्दछ ।

## २.२ नेपालमा पर्यटनको विकास

हिमालयको काखमा अवस्थित नेपाल अधिराज्य, भारतको उत्तरी सीमा र तिब्बतको दक्षिणी सीमाको बीचमा पर्दछ । अधिराज्यको उत्तरी सीमा जम्मै हिमालय पर्वतका श्रृङ्खलाद्वारा ढाकिएको छ , जो सृष्टिको शुरुआतदेखि सदासर्वदा हिमैहिमले सेताम्य छ । त्यहाँ अनेक अग्ला तथा प्रसिद्ध टाकुराहरु छन्, जसमा विश्वको सर्वोच्च शिखर 'सगरमाथा' पनि पर्दछ । हिमालय पर्वतका पारि, उत्तरतिर 'संसारको छाना' भन्ने नाउँले प्रसिद्ध तिब्बतको समथर भूमि छ । उत्तरी सीमा प्रायः रुखो र उजाडै उजाड देखिन्छ भने त्यसको विपरित, अधिराज्यको दक्षिणी भाग उर्वर भूमिको रुपमा रहेको तराई र मैदानले ढाकेको छ । यो मैदान गंगाको विशाल मैदानसँग मिल्न पुगेको छ ।

संसारको सबैभन्दा अग्लो हिमालचुली सगरमाथालगायत अरु पनि संसारभरिका अग्लामध्येका झल्कने हिमालयहरु मकालु, गौरीशङ्कर, गणेश हिमाल, मनासलु, हिमालचुली, अन्नपूर्ण, धौलागिरी, साइपाल आदि हाम्रै नेपाल भित्र छन् । यिनै अग्ला हिमालबाट बगेका पवित्र नदीहरु मेची, कोशी, वागमती, गण्डकी, भेरी, कर्णाली र महाकालीले काटेका डोलबेंसी र यिनै नदीहरुमा मिल्ने अरु असङ्ख्य नदी र खोलाहरुले पखालेर माझेका रमाइला लेक, पाखा, बेंसी र खाल्डाहरु, हरियो जङ्गल, बुकी र बुक्यानहरु यहाँ छन् । यिनै रमणीयता र सुन्दरतादेखि मुग्ध भएर मोहनी लागेका संसारभरिका अनेक थरीका हाम्रा विदेशी मित्रहरु यहाँ पर्यटकको रुपमा तीर्थयात्रीजस्तो भएर प्रत्येक वर्ष बढ्दो संख्यामा धाम गर्न आएझैं आउन थालेका हामीले देखेका छौं । यो देश हाम्रा लागि मात्र होइन विश्वभरिकै लागि पनि राम्रो कहलाइसकेको छ । हाम्रो यो सानो देश रमाइलो, राम्रो र गुनिलो छ । त्यसैले यहाँ संसारभरिबाट मानिसहरु हेर्न र आनन्द लिन आउँछन् । यो धर्माती छ, त्यसैले कोही तीर्थ गर्न आउँछन्, कोही बसोबास र जीविका गर्न पनि आउँछन् । यहाँको जाडो, न्यानो र गर्मी सबै थरीका हावापानीले गर्दा नेपालीलाई बेला र याम हेरी लेकबेँसी गर्न रमाइलो लाग्छ । हिउँदको बेला ठकठकी कमाउने जाडो हुँदा हिमाली लेकका बासिन्दा न्यानो खोजेर मधेश र बेंसीतर्फ झर्छन् । अनि गर्मीको बेला शीतल हावा, हरियो लेक र झल्कने हिमाल हेर्न उत्तर लाग्ने चलन धेरै नेपालीहरुको छ । हामीलाई प्रकृति र सृष्टिकर्ता परमेश्वरले सबै

---

[१०] . Kunwar, **opcit** (f.n.1), P. 9 ।

थोक दिएका छन् । यो प्राकृतिक साधनले सम्पन्न देशले, झल्कने हिमाल, गुराँस फुल्ने डाँडा, सङ्गीत भन्ने झरनाहरु र संस्कृतिले लाखौं पर्यटकहरुलाई रातदिन यहाँ बोलाइ रहेका छन् ।

नेपाली समाज परम्परै–परम्पराले बाँधिएको छ । नेपाल भ्रमण गर्न आएका विद्वानहरुले मुक्तकण्ठले यसको प्रशंसा गर्छन् । नेपालको सांस्कृतिक परम्परा विश्वका प्राचीनतम सांस्कृतिक निधिको एक सजीव उदाहरण हो । नेपाल संसारका पर्यटकहरु भित्र्याउने प्रमुख देशहरु मध्ये एक हो । नेपाल एउटा स्वर्ग जस्तो स्थल भएकोले यहाँ हेर्न तथा गर्न धेरै रमाइला कुराहरु रहेका छन् । नेपालले हेर्ने तथा घुम्ने पर्यटकहरुलाई धेरै चाखलाग्दो कुराहरु दिएको छ । यहाँ हिमाल चढ्नदेखि लिएर कला तथा वास्तुकलाका बारेमा अध्ययन गर्न चाहनेहरुलाई प्रसस्त ठाउँहरु रहेका छन् । नेपालमा प्रागऐतिहासिक युगताका देखि नै काठमाडौं उपत्यका लगायत वर्तमान नेपालको राजनैतिक सीमाभित्र रहेका बस्तीहरुमा विभिन्न उद्देश्यले उत्तर चीन, तिब्बततिरबाट र दक्षिण भारततिरबाट आवागमन,  यात्रा वा पर्यटन हुने कुरा प्राप्त प्रमाणहरुले स्पष्ट पारेको छ , जसलाई नवपाषण युगताका निर्मित नेपालका विभिन्न क्षेत्रबाट प्राप्त ढुङ्गे औजारहरुले पुष्टि गर्दछन् । नेपालको प्राचिन इतिहास जान्नका निमित्त हामीसँग कुनै त्यस्तो ठोस प्रमाणित कुराहरु नभएर केबल कथाहरु मात्र रहेका छन् । प्रामाणिक इतिहास लिच्छवी युगदेखि अर्थात् ईश्वीको चौथो शताब्दीदेखि मात्र प्राप्त हुन सुरु भएको पाइन्छ । यसै समयताकादेखि नेपाल बाहिर जाने र नेपालभित्र आउने यात्री वा पर्यटकहरुको स्पष्ट विवरण पाइन्छ जुन यात्रा आज पनि यथावत नै रहेको छ ।

वि. सं. २००७ सालसम्म छिमेकी मुलुकहरुका बासिन्दाहरु बाहेक र छिमेकी भारतमा राज्य गर्ने अंग्रेज पर्यटकहरु बाहेक संसारका अन्य मुलुकहरुका निम्ति पर्यटकहरुको गन्तव्य स्थलको रुपमा नेपालको चिनारी थिएन । खासगरी युरोपेली पर्यटकहरुका निम्ति नेपाल धेरै टाढाको वा कुनाको देश थियो । तर वि.सं. २००७ पछिका वर्षहरुमा खासगरी पञ्चायतकालमा र प्रजातन्त्रको पुनर्स्थापनापछिका वर्षहरुमा अन्तर्राष्ट्रिय पर्यटकहरुका निम्ति महत्वपूर्ण गन्तव्य स्थलको रुपमा नेपालको चिनारी स्थापित भएको पाइन्छ । वर्तमान समयसम्म नेपालले १४२ मुलुकहरुसित दौत्य सम्बन्ध स्थापित गरिसकेको हुँदा यस्ता मुलुकहरु र नेपालका बीच पर्यटन संवर्द्धन र विकासका निम्ति परस्परमा समझदारी र सहयोग प्रसस्त मात्रामा भएको पाइन्छ । सन् १९५० देखि तथा पहिलो योजनाकालदेखि नै नेपालमा निजीस्तरको समेत संलग्नतामा संस्थागत रुपमा पर्यटन उद्योगको विकास भएको पाइन्छ । अन्तर्राष्ट्रिय पर्यटनका कारणले गर्दा नै सन् १९५० पछि नेपाल संसारको सबैभन्दा अग्लो चुचुराहरु भएको देशमा, विश्वका सबै प्रकारको जलवायुहरु एकै ठाउँमा पाइने देशका रुपमा, सबैभन्दा गहिरो उपत्यका भएको देशका रुपमा, बुद्धको देशको रुपमा, अनेकौं प्रकारका कला र वास्तुकलाका अवशेष भएको देशको रुपमा र अनेकौं प्रकारका रैथाने संस्कृतिहरु भएको देशको रुपमा चिनिन पुग्यो , जसले गर्दा पर्यटन विकासको निम्ति नयाँनयाँ पूर्वाधार नेपालभित्र देखिन पुगे । फलस्वरुप नेपालको सरकारद्वारा

हवाईयातायात, सञ्चारसेवा, सडकयातायात आदिको विस्तार गर्नाका साथै पर्यटन विकास समिति, पर्यटन विकास ऐन २०१४, र वाणिज्य मन्त्रालय अर्न्तगत पर्यटन बोर्ड समेतको गठन गरियो । हालमा आएर नेपालमा पर्यटन गतिविधि व्यापक बनाउने उद्धेश्यले बाहयदेशहरुमा पर्यटन सम्बन्धी जानकारी दिने एजेन्टहरुको समेत नियुक्ति गरिएको छ । खासगरी फ्रान्स, अमेरिका, क्यानाडा, बेलायत, हङ्कङ्, अष्ट्रेलिया, बेल्जियम, फिनल्याण्ड, इण्डोनेशिया, जर्मनी र भारतमा यस्ता एजेन्टहरुको नियुक्ति गरिएका छन् । वि.सं. २०४६ सालपूर्व वा पञ्चायतकालको ३० वर्षको समयमा पर्यटन विकास नेपालको मुख्य उद्योगको रुपमा विस्तार गर्न सकिने एकमात्र विकल्परहित क्षेत्र हो भन्ने पहिचान भइसकेको थियो । त्यही अनुरुप तत्कालिन सरकारले पूर्वाधार विकासका लागि आवश्यक ऐननियम एवम् अनुसन्धानका कार्यहरु गरिरहेको थियो । निजी क्षेत्रको संलग्नता भने त्यसबेलामा पनि एकदमै साँघुरो एवम् संकुचित थियो । सरकारी र निजी क्षेत्रको संलग्नतालाई समान रुपमा लाने प्रयास त्यति हुन सकिरहेको थिएन ।

सन् १९६० पछि नेपाल अन्य उद्धेश्यले आउने पर्यटकहरुभन्दा ट्रेकिङ गर्न आउनेहरुको लागि बढी आकर्षित क्षेत्र भएको पाइन्छ । विशेषगरी सगरमाथाको खुम्बु क्षेत्र यसका लागि प्रख्यात भएको पाइएको छ । झण्डै ३०% ट्रेकिङ्का लागि आएका पर्यटकहरु त्यस क्षेत्रमा पुगेको भेटिन्छ ।[११]

कुनै पनि राष्ट्रको बहुपक्षीय आर्थिक, सामाजिक विकास कार्यका लागि योजना चरणबद्ध कार्यक्रम मानिन्छ । सर्वसाधारणको आवश्यकताको पूर्ति गरी तिनीहरुको आर्थिक विकास वा कल्याण गर्न उत्पादनको साधनहरुको रुप निर्धारण तथा उपयोग गर्ने तरिका योजनामा समाविष्ट हुन्छ । नेपालमा पनि वि.सं. २०१३ देखि योजनाको थालनी भयो । नेपालकोलागि विदेशी मुद्रा आर्जन गर्ने मुख्य श्रोत, रोजगारी वृद्धि गर्ने माध्यम, कृषि एवम् घरेलु उद्योगको वृद्धि गराउने, देशविदेशको कला संस्कृति आदिको आदानप्रदान गर्नेगराउने माध्यमको रुपमा रहेको पर्यटन विकासका लागि सरकारले आफ्नो पञ्चवर्षीय योजनामा विशेष महत्वका साथ अगाडि बढाउँदै ल्याएको छ ।

वि.सं. २०१३ सालताकादेखि नै वर्तमान समयसम्म जम्मा ९ वटै योजनाहरुमा पर्यटन विकासमा निम्ति पूर्वाधारहरुको निर्माण गर्न अनेकौं नीति, उद्देश्य र योजनाहरुको तर्जुमा गरी कार्यान्वयनसमेत हुँदै आएको देखिन्छ । तर सबैजसो योजनाहरुमा पर्यटनक्षेत्रका लागि तोकिएका योजनाहरु र निर्धारित गरिएका लक्ष्यहरु भनेबमोजिम पूरा भएको देखिदैन । अझै पनि अन्तर्राष्ट्रिय हवाईसेवा र त्यसको क्षमतामा न्यूनता रहेको छ भने आन्तरिक हवाईसेवा समेत स्तरीय हुन सकेको छैन । यसैगरी पर्यटक आगमनको प्रक्रियालाई वर्षभरिकै निम्ति कायम राख्न सकिएको छैन । पर्यटन स्थलहरुको विस्तार, विकासमा धेरै न्यूनता रहेको छ भने पर्यटन सेवासमेतको विस्तार उपत्यका बाहिर गतिलो किसिमले हुन सकेको छैन । पर्यटनसम्बन्धी

[११] .उद्धव पुरी, **पर्यटन र विकास**, (काठमाडौं : तलेजु प्रकाशन, २०५८), पृ.१०१ ।

जनचेतनालगायत, अन्तर्राष्ट्रियरुपमा नेपाली पर्यटनका निम्ति व्यापक प्रचारप्रसारको कमी देखापर्दछ । यसैगरी आवश्यक भू–उपयोग योजना र प्रदुषण निवारण कार्यले गति लिन सकेको छैन । यति हुँदाहुँदै पनि आन्तरिक र बाह्य पर्यटन विकासक्रममा नेपालले योजनाबद्ध तवरबाट वि.सं. २०१३ सालदेखि नै पर्यटन विकासको सम्भाव्यता केलाउने, पर्यटनस्थलको विकासका पूर्वाधारहरु खडा गर्ने तथा पर्यटनबाट प्रशस्त विदेशीमुद्राको आर्जन गर्नेतर्फ अनेकौं कदमहरु चालेको देखिन्छ । आठौं योजनाको अवधिभरिमा कुल १९,०७,७४५ पर्यटकहरुको आगमन हुने पूर्वानुमान गरिएकोमा कुल १७,६४,७३९ पर्यटकहरु नेपाल भित्रिएका थिए ।[१२] यसैगरी सन् १९९८ लाई नेपाल भ्रमण वर्षको रुपमा मनाएर अन्तर्राष्ट्रिय र राष्ट्रिय दुवै प्रकारका पर्यटनहरु विकसित गर्न र पर्यटनसित सम्बन्धित क्षेत्रलाई परिमार्जित एवम् सुधार गर्न अनेकौं कार्यक्रमहरु गरिएको पाइन्छ । तर आर्थिक कठिनाइहरुको कारणले र वि.सं. २०४६ देखि देखापरेका राजनैतिक अस्थिरताको कारणले पर्यटनक्षेत्रको विकासमा त्यति तिव्रता आउन सकेको देखिदैन । आठौं योजना अवधिपछि कार्यक्रम तर्जुमा गर्दा नवौं योजनामा पर्यटकीय स्थल विकास र विस्तार, पर्यटन बजार संवर्द्धन र विस्तार, वातावरण संरक्षण तथा निजीक्षेत्रको परिचालन जस्ता शीर्षकहरुमा विभिन्न कार्यनीतिहरुको तर्जुमा गरिनाका साथै सरदर १० प्रतिशतले पर्यटन संख्या बढाउने र सरदर २० प्रतिशतले विदेशी मुद्राआर्जन गर्ने लक्ष्य रखिएको थियो । उपर्युक्त विभिन्न नीति तथा कार्यक्रमहरुको कार्यान्वयनबाट विभिन्न क्षेत्रबाट आएका पर्यटकहरुको संख्या र प्रतिशत तथा मुद्राआर्जनको प्रष्ट विवरण परिशिष्ट ‘क’ मा उल्लेख गरिएको छ ।

## २.३ संस्कृति र पर्यटन

मानव एक सृजनात्मक मष्तिष्क भएको प्राणी भएकोले उसले हरक्षण कुनै न कुनै कुराहरुको रचना गरिरहेको हुन्छ । त्यसरी रचना गरेको मूल्य, मान्यता, परम्परा, भाषा, कानुन आदि जस्ता अभौतिक कुराहरु तथा मानवले बनाएका घर,सडक, मोटर, जहाज आदि जस्ता सम्पूर्ण भौतिक कुराहरुको योग नै संस्कृति हो ।[१३]

यिनै विशेषताहरुको कारणले गर्दा नै मानव अन्य प्राणीभन्दा फरक छ र यस्तो संस्कृति एक पिढी देखि अर्को पिढीसम्म हस्तान्तरित भैरहेको हुन्छ । संस्कृतिको जन्म मानवद्वारा निर्मित मानवका आवश्यकताहरु पुरा गर्नको लागि भएको हो । मानवका चाहना अनुरुप उनीहरुको शारिरीक एवम् मानसिक आवश्यकताहरुको पुरा संस्कृतिले गर्दछ । मानव र उसका आवश्यकताहरुमा समय र स्थान अनुसार परिवर्तन हुन्छ । परिवर्तन प्रकृतिको नियम हो । पहिलेका मानव एवम् अहिलेका मानवका आवश्यकता एवम् चाहनामा धेरै परिवर्तन आइसकेको छ । संस्कृतिमा मानवद्वारा निर्मित भौतिक

---

[१२] .ऐजन, पृ. १३० ।

[१३] .रेशराज अधिकारी, **समाजशास्त्र तथा मानवशास्त्रको परिचय**, (काठमाडौं : विधार्थी पुस्तक भंडार, २०५२), पृ. १२६ ।

एवम् अभौतिक सबै कुरा पर्दछन् , तसर्थ मानव समुदायले आफ्नो सन्तुलन र अनुकुलता अनुसार संस्कृतिलाई जन्म दिन्छ । साधारण अर्थमा साहित्यकारहरुको हेराइमा संस्कृतिलाई वौद्धिक श्रेष्ठताको रुपमा लिइएको पाइन्छ त कतिपयले यसलाई जीवनको कोमलता वा प्रकाश भनेका छन् । मैथ्यु अर्नोल्डको भनाइअनुसार संस्कृति मानव जीवनको पूर्णताको लागि अनुसन्धान हो, मिठास र प्रकाशका लागि खोज हो । यसले केही हुनुमा भन्दा केही प्राप्त गर्नमा जोड दिन्छ ।[१४] कति विद्वानहरुले नैतिक, वौद्धिक र आध्यात्मिक तीनवटा उपलब्धिको समष्टिलाई नै संस्कृति भनेका छन् । कसैका अनुसार संस्कार शब्दबाट संस्कृति आएको हो, जसको अर्थ निश्चित कर्मकाण्ड परिमार्जन हो, जसले मानिसलाई सामाजिकरण गर्दै लान्छ । कसैले प्रकृतिमा नभएको अनौठो कुराको निमार्ण हुनु नै संस्कृति हो भनेर भनेका छन् । समष्टिमा संस्कृति मानव निर्मित भौतिक एवम् अभौतिक वस्तुहरुको योग हो, मानव जीवनको सार हो र सभ्यताको परिचय हो ।

जुनसुकै राष्ट्रको आफ्नो इतिहास र परम्परासँग गाँसिएको आफ्नै संस्कृति हुन्छ । संस्कृति अमुल्य निधि हो भने यो राष्ट्रको मुटु आत्मा पनि हो । संस्कृतिबिना मानव सभ्यताको विकास हुदैन । मानवका सभ्यता नै संस्कृति हुन् । यसकै कारण संसारका सम्पूर्ण देशले आफ्नो संस्कृतिमाथि गर्व गर्दै यसको विकास एवम् संरक्षणमा अथाह कोशिश गरिरहेका हुन्छन् । यदि मानवमा यस्ता सभ्यता निमार्ण गर्न सोच्ने सक्ने क्षमता नहुँदो हो त मानव पशुभन्दा केही भिन्न हुने थिएन र मानव समाज पनि आजको अवस्थामा आउने थिएन । संस्कृति मानवद्वारा मानवका आवश्यकता परिपूर्ति गर्न मानवद्वारा नै निर्मित हुन्छ । त्यस्तो संस्कृतिले आदिम युगदेखि आजसम्मको सभ्यतालाई दर्शाउन सक्दछ । त्यस्ता संस्कृतिका माध्यमबाट हामी ढुङ्गेयुगदेखि वर्तमान सम्मका हरेक पक्षलाई जान्न सक्छौं, जसले हाम्रो परिचय अरुसामु गराउँदछ । यस्ता महत्वपूर्ण वस्तुको जगेर्ना हामीबाट नै गरिनुपर्दछ ।

## २.४ सांस्कृतिक पर्यटन

कुनै पनि देश वा स्थानका मानिसहरु र उनीहरुको सांस्कृतिक धरोहर लगायत कला, सङ्गीत, साहित्य र सभ्यताका बारेमा जान्न, हेर्न र अध्ययन गर्नका निम्ति गरिने पर्यटनलाई सांस्कृतिक पर्यटन भनिन्छ । विश्वका विभिन्न भागमा गएर त्यहाँका सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक, आर्थिक एवम् भौगोलिक विषयहरुको अध्ययन, विश्लेषण गरी लेख, रचना र पुस्तकहरुद्वारा संसारलाई जानकारी दिने उद्धेश्यले यसप्रकारका पर्यटकहरुको जन्म हुन्छ । विशेषगरी ऐतिहासिक र सांस्कृतिक महत्वका वस्तुहरुको अवलोकन गरेर तथा सांस्कृतिक एवम् पुरातात्विक अवशेषहरुको खोजी तथा अन्वेषण गरेर तिनीहरुको विश्वव्यापी महत्वलाई प्रकट गर्ने कार्य यसै प्रकारका

[१४] .हरिकान्त लाल दास, **सप्तरीको राजनैतिक इतिहास तथा प्रमुख धार्मिक स्थलहरु**, (राजविराज :श्रीमती विद्या देवी, २०५६), पृ. २ ।

पर्यटकहरुबाट हुने गर्दछ ।[१५] परस्परका अन्तरक्रियाहरु तथा उठ्बस् , भेटघाट र कतिपय कुरामा सहभागिताको कारणले यिनीहरुको परस्परमा आनीबानी, रहनसहन, भाषा, बोली, लवाइखुवाइलगायत आफ्ना आस्था एवम् विश्वासहरुको आदान प्रदान हुने गर्दछ , जसका कारणले पर्यटक तथा समाजले एकले अर्काको परम्परा, भाषा, बोली, शैली लगायत अनेकौं सांस्कृतिक मूल्य मान्यताहरु ग्रहण गर्न पुग्दछन् भने विभिन्न मुलुकका बासिन्दाहरुबीच देखापर्ने, पारस्परिक घृणा, अवहेलना र हिंसाका प्रवृत्तिहरु परिवर्तन भएर पारस्परिक मान्यता, सद्भावना र समझदारीको विकास हुन जान्छ । पर्यटन  र खासगरी सांस्कृतिक पर्यटनको कारणले गर्दा राष्ट्रिय संस्कृतिको जगेर्ना हुने गर्दछ ।

पर्यटन विकासका निम्ति कुनै पनि मुलुकमा सांस्कृतिक रुपमा पर्यटकीय आकर्षण विकसित हुनु आवश्यक छ । सांस्कृतिक आकर्षणका रुपमा रहेका परम्परा, सङ्गीत, इतिहास, निर्माणशैली वा वास्तुकला, खाना, पहिरन, चाडपर्व, भाषा, रहनसहन, शिक्षाप्रणाली आदि संस्कृतिका बेग्लाबेग्लै आयामहरुबाट आकर्षित भएर नै पर्यटकहरु आउने गर्दछन् । त्यसैले यस्ता सांस्कृतिक आकर्षणहरुको जर्गेना र विकास गर्नु अपरिहार्य हुन जान्छ । यसो भएमा मात्र कुनै पनि मुलुकको सांस्कृतिक पर्यावरण यथावत् कायम रहिरहन सक्छ र पयर्टक आउने सिलसिला निरन्तर रहन सक्छ । यो सिलसिलाले सांस्कृतिक आकर्षणका रुपमा रहेका सांस्कृतिक परम्पराहरु संरक्षित र सुरक्षित हुन पुग्दछन् । सांस्कृतिकरणका कारणले पूर्विय परम्परा, आस्था, रहनसहन, शिक्षा, भाषा, सङ्गीत र धार्मिक क्रियाकलापहरुमा पश्चिमीकरण भएको पनि पाइएको छ । उदाहरणका निम्ति विभिन्न मुलुकमा प्रचलित अंग्रेजी भाषाको बोलबाला, पश्चिमी शिक्षापद्धति, सङ्गीत, पूर्वेली देशका अनेकौं हिन्दू धर्मका सम्प्रदायहरुमा इसाई धर्मको प्रचारप्रसार आदिलाई लिन सकिन्छ । धार्मिक पर्यटकहरुको कारणले गर्दा नै बौद्ध धर्मको प्रचारप्रसार संसारभरि फैलिन सकेको हो ।

सांस्कृतिक पर्यटनको कारणले परम्परागत कलाकौशल एवम् हस्तकलाको पुनर्जागरण हुने गर्दछ । पर्यटकहरुले त्यस्ता वस्तुहरुको हेर्ने खरिद गर्ने गरेकाले व्यापारका निम्ति भएपनि निरन्तर निर्माण गरिन्छ । पर्यटकहरु बेग्लाबेग्लै समाज एवम् राष्ट्रबाट आउने हुनाले उनीहरुको संस्कृतिमा पक्कै पनि फरकपन हुन्छ । यस्ता पर्यटकहरु तथा आयोजकबीच सांस्कृतिक आदानप्रदान हुने हुनाले उनीहरुबीच समझदारी र सद्भावको सिर्जना हुन पुग्दछ । संसारभरिको आदिवासी, जनजाति र उनीहरुको रीतिस्थिति, परम्परा बुझ्न र जान्नका निम्ति यस्तो पर्यटनको आवश्यकता पर्दछ । यसका साथै प्रसिद्ध ऐतिहासिक स्थलहरुको भ्रमणका निम्ति, ऐतिहासिक र प्रागऐतिहासिक संस्कृतिको खोजीका निम्ति यस्तो पर्यटनले  महत्व राख्दछ ।

सांस्कृतिक पर्यटनहरुको अभावमा विश्वका कुनै पनि जाति वा मानिसहरुको संस्कृति र परम्पराबारे जानकारी हासिल गर्न गाह्रो हुन जान्छ । अहिलेको समयमा

[१५] .क्षेत्री र रायमाझी, **पूर्ववत** (पादटिप्पणी संख्या ५), पृ. ३७ ।

पपगीत, पाश्चात्य सङ्गीत आदिले ठाउँ लिइरहेको बेला आफ्ना परम्परागत चाडपर्वहरु, उत्सवहरु, लोकनृत्य, लोकगीत आदि जस्ता सांस्कृतिक धरोहरहरुको संरक्षण हुनु अत्यावश्यक छ । पर्यटनको कारण शैक्षिक रुपमा पछ्यौटे हुन पुगेका समाजका बासिन्दामा समेत धामी झाँक्री, बोक्सी भूतप्रेत लगायत खान हुने, खान नहुने कुराहरु, छुवाछुत एवम् अदृश्यका भावनाहरु, लिङ्गभेद जस्ता कुराहरुमा ठूलो परिवर्तन हुने गर्दछ । पर्यटकहरु पर्यटन गर्न आउँदा आफ्नो साथ पैसा मात्र नल्याएर आफ्ना जीवनशैली पनि बोकेर ल्याएका हुन्छन् । उनीहरुको लवाई, खुवाई, मनोरंजन गर्ने तरिका र केही नयाँपन पर्यटन गर्न जाने ठाउँमा लिएर जान्छन् । मानव प्रकृतिनै सुबिधायूक्त चिज ग्रहण गर्ने हुनाले उनीहरुले पनि नयाँ स्वादको लागि पर्यटकहरुको नयाँ गुण लिन्छन् ।

पर्यटकहरु नेपालको हिमाल, जङ्गल, प्राचीन स्मारक, सहर र गाउँबाट मात्र आकर्षित नभएर विभिन्न मानिसहरु तथा उनीहरुको संस्कृतिप्रति पनि आर्कषित भएर आउने गर्दछन् । नेपालमा ७० जनजातिका समूह छन् भने सालाखाला करिब १०० प्रकारका विभिन्न भाषाभाषी रहेका छन् जो भौगोलिक रुपमा छुट्टिएर रहेका छन् । हिमाली क्षेत्रमा बस्ने मानिसहरु र तराई वा पहाडमा बस्ने मानिसहरु वीच जीवनशैली, कपडा, खाना, धर्म, गरगहना र विश्वास आदिमा विभिन्नता रहेको पाइन्छ,, जुन आकषर्णको एउटा रुप हो ।

## २.५ पर्यटनले संस्कृतिमा पारेको असर

वर्तमान अवस्थामा, पर्यटन मानवीय जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्ने, महत्वपूर्ण कार्यकलाप भइसकेको छ । मानवीय जीवनशैलीबाट यसलाई अलग्याउन सकिदैन । यस अर्थमा यो मानवीय समाजका लागि अपरिहार्य तत्व भइसकेको देखिन्छ । संसारभरिका मुलुकहरुले पर्यटन विकासलाई प्राथमिकता दिएको देखिन्छ । खासगरी एसियाली, अफ्रिकी र ल्याटिन अमेरिकीजस्ता विकासोन्मुख मुलुकहरुका निम्ति पर्यटन राष्ट्रिय अर्थतन्त्रको मूल आधार नै हुन पुगिसकेको छ । अन्तर्राष्ट्रिय सद्भावना, सहयोग र समझदारीका निम्ति पर्यटन अपरिहार्य ठानिन्छ ।[१६] यति हुँदाहुँदै पनि राष्ट्रिय र अन्तर्राष्ट्रिय पर्यटन विकासले अनेकौं नकारात्मक प्रभावहरु पनि सिर्जना गर्ने गर्दछ , जसमध्ये पर्यटनले संस्कृतिमा पार्ने असर पनि एक हो ।

### २.५.१ सकारात्मक असर

पर्यटकहरु बेग्लाबेग्लै समाज एवम् राष्ट्रबाट आउने हुनाले उनीहरुको संस्कृतिमा पक्कै पनि फरकपन हुन्छ, यस्ता पर्यटकहरु तथा आयोजकबीच सांस्कृतिक आदानप्रदान हुने हुनाले उनीहरुबीच समझदारी, सद्भावको सिर्जना हुन पुग्दछ ।

---

[१६] .ऐजन, पृ. ९७ ।

शैक्षिक रुपमा पछ्यौटे हुन पुगेका समाजका बासिन्दामा समेत पर्यटनको कारणले धामी झाँक्री, बोक्सी भूतप्रेतलगायत खानपिन, छुवाछुत एवम् अदृश्यका भावना, लिङ्गभेद जस्ता कुरामा ठूलो परिवर्तन हुने गर्दछ । विदेशी पर्यटकहरुका संसर्गले खानपिनका परहेजहरु र कतिपय सामाजिक निषेधहरुप्रतिका आस्था र विश्वासहरु खण्डित हुन पुग्दछन् । परस्परको अन्तरक्रियाहरुबाट तथा उठ्बस्, भेटघाट र कतिपय कुरामा सहभागिताको कारणले यिनीहरुको परस्परमा आनीबानी, रहनसहन, भाषा, बोली, लवाइखुवाइ लगायत आफ्ना आस्था एवम् विश्वासहरुको आदान प्रदानका कारणले पर्यटक तथा समाजले एकले अर्काको परम्परा, भाषा, बोली, शैलीलगायत अनेकौं सांस्कृतिक मूल्य मान्यताहरु ग्रहण गर्न पुग्दछन् ।

विभिन्न मुलुकका बासिन्दाहरुबीच देखापर्ने, पारस्परिक घृणा, अवहेलना र हिंसाका प्रवृत्तिहरु परिवर्तन भएर पारस्परिक मान्यता, सद्भावना र समझदारीको विकास हुन जान्छ । पपगीत र पाश्चात्य सङ्गीतले ठाउँ लिइरहेको अहिलेको समयमा पर्यटनको कारणले परम्परागत चाडपर्वहरु, उत्सवहरु, लोकनृत्य, लोकगीत, परम्परा, सङ्गीत, इतिहास, निर्माणशैली, वास्तुकला, खाना, पहिरन, भाषा, रहनसहन, शिक्षाप्रणाली जस्ता सांस्कृतिक धरोहरहरुको संरक्षण हुने गर्दछ किनभने यिनीहरुबाट आकर्षित भएर नै पर्यटकहरु आउने गर्दछन् । यो नै नेपाली सांस्कृतिक क्षेत्रमा पर्यटनले पारेको सबैभन्दा ठूलो सकारात्मक असर हो । पर्यटनको कारणले परम्परागत कलाकौशल एवम् हस्तकलाको पुनर्जागरण हुने गर्दछ । पर्यटकहरुले त्यस्ता वस्तुहरु हेर्ने र खरिद गर्ने गरेकाले व्यापारका निम्ति भएपनि यिनीहरुको निरन्तर निर्माण गर्ने गरिन्छ । प्राचीन मूर्तिकला र वास्तुकलाका नमुनाहरुको व्यापक निर्माण यसको उदाहरण हो ।

पर्यटन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रको विकासका निम्ति मूलभूत आधार भएतापनि संस्कृतिमा यसको केही नकारात्मक असर रहेको भने पक्कै छ ।

### २.५.२ नकारात्मक असर

नेपालको सन्दर्भमा सांस्कृतिक क्षेत्रमा पर्यटनको सबैभन्दा ठूलो असर नेपाली सांस्कृतिक गोप्यतालाई भङ्ग गर्नुमा देखापर्दछ । कतिपय अवस्थामा पर्यटकहरु हरेक कुना काप्चादेखि लिएर प्रत्येक घर घरको चुलो एवम् अगेनामा पुग्ने गर्दछन् । उनीहरुको क्यामेराले प्रत्येक कुराको फोटो खिच्दछ । मन्दिरको पूजा, बलीको दृष्य, स्मसानघाट र मृत्यु संस्कारलाई समेत उनीहरुले छाड्दैनन् । पर्यटकसित धेरैभन्दा धेरै कमाउने उद्धेश्यले परम्परागत स्वच्छ, इमान्दार श्रद्धायुक्त र नैतिक आनीबानी एवम् चरित्रको ठाउँमा व्यापारीकरण भई अनैतिक, अमानविय, छली र कपटी आनीबानी एवम् चरित्रको विकास भएको पाइन्छ । नेपाली कलाकौशल, वास्तुकला, शिल्पकला, हस्तकला आदिका परम्परागत नमुनाहरु सबै पर्यटन बजारका वस्तु हुन पुगेका छन् । व्यवसायिक दृष्टिकोणले यस्ता वस्तुहरुको धेरैभन्दा धेरै निर्माण गर्नु परेकाले

परम्परागत निर्माण शैली र प्रविधिमा ह्रास आई नेपाली कला, संस्कृतिको परम्परागत विशिष्ट शैली र स्वरुपको ठाउँमा निकृष्ट शैली र स्वरुप सिर्जना भएको पाइन्छ । पर्यटन विकासको कारण स्थानीय कलावस्तुहरुका ठाउँमा सहरतिरबाट व्यापारीहरुले लगेको कलावस्तुले ठाउँ लिने गर्दछ । नेपाली नाचगान र रीतिस्थितिसमेत सांस्कृतिक वा धार्मिकरुपमा कुनै निश्चित समयमा सार्वजनिक रुपमा प्रदर्शन गर्नु पर्नेमा पर्यटकहरुका निम्ति पैसा दिएर जुनसुकै समयमा पनि देखाइने गरिन्छ । पर्यटनका कारणले नेपालमा भएको संस्कृतिकरण वा पश्चिमीकरणले सकारात्मक असर मात्र नपारेर नकारात्मक असरसमेत पारेको पाइन्छ । नेपाली राष्ट्रिय संस्कृतिको खानपिन, पहिरन, बोलचाल, भाषा, रहनसहन, शिक्षा, स्वास्थ्य, सङ्गीत जस्ता क्षेत्रमा पश्चिमेली संस्कृतिले पारेको असरले यो तथ्यलाई स्पष्ट पार्दछ ।

# अध्याय तीन

## सांस्कृतिक पर्यटनमा सौराह क्षेत्र

### ३.१ शोधस्थलको परिचय

भनिन्छ , पर्यटन संसारकै एक महत्वपूर्ण दिगो उद्योग हो । यसले नयाँ व्यवसाय र नोकरी, आम्दानीको नयाँ श्रोत, नयाँ नयाँ प्रविधि, सांस्कृतिक ज्ञानको विकासको क्षेत्रमा फाइदा पनि ल्याउँदछ । नेपाल जस्तो विकासोन्मुख देशको लागि पर्यटनले आर्थिक लाभ बढाउन र अरु महत्वपूर्ण समस्या जस्तै बेरोजगारी, गरिबी निवारण, तथा क्षेत्रिय समानताको लागि पनि प्रमुख भूमिका खेलेको छ ।

नेपालका विभिन्न महत्वपूर्ण पर्यटन क्षेत्रहरुमध्ये तराइको सन्दर्भमा चितवन राष्ट्रिय निकुञ्ज, कोशी टप्पु आरक्ष, शुक्ला फाँट, वर्दिया राष्ट्रिय निकुञ्जको पर्यटन मान्न सकिन्छ । राम्रो पर्यटन क्षेत्रको रुपमा काठमाडौंको नजिक पर्ने चितवन राष्ट्रिय निकुञ्जको सौराह क्षेत्रको नाम पनि उल्लेखनीय रहेको छ । यो दक्षिण एशियामै बृहत र गहन रुपमा अध्ययन गरिएको आरक्षण क्षेत्र मानिन्छ । विभिन्न बन्यजन्तु रहेका यस क्षेत्रमा मानिसहरुको पनि उल्लेखनिय वस्ती रहेको पाइन्छ ।

चितवन राष्ट्रिय निकुञ्जको साथमा रहेको बछौली गा.वि.स. स्थित सौराह क्षेत्र चितवनको टाँडी बजारबाट ६ किलोमिटर दक्षिणमा पर्दछ । सन् १९७३ मा पर्यावरण संरक्षण र सम्वर्द्धन गर्ने उद्देश्यले स्थापना गरिएको नेपालको सबैभन्दा पहिलो राष्ट्रिय निकुञ्ज चितवन राष्ट्रिय निकुञ्ज दक्षिण एशियाको महत्वपूर्ण प्राकृतिक धरोहर मानिन्छ । संयुक्त राष्ट्र संघीय संस्था UNESCO ले सन् १९८४ मा यस आरक्षण क्षेत्रलाई विश्व सम्पदा सूचीमा समावेस गर्नुले पनि यस क्षेत्रको वातावरणीय तथा सांस्कृतिक, पुरातात्विक महत्वलाई झल्काएको पाइन्छ ।[१७] थारु जातिको बाहुल्यता रहेको बछौली गा.बि.स. मा बसोबास गर्ने अन्य जातिहरुमा ब्राम्हण, क्षेत्री, नेवार, कामी, गुरुङ, मगर, तामाङ् , बोटे, दमाई, दनुवार, धोबी, आदि पर्दछन् । चितवन राष्ट्रिय निकुञ्जको साथमा हुनुले सौराह बढी लोकप्रिय बन्न पुगेको छ । स्थानिय स्रोतबाट प्राप्त तथ्याङ्क अनुसार सौराह तेस्रो महत्वपूर्ण पर्यटकीय गन्तब्य स्थल मान्न सकिन्छ । भारतको सीमाना नजिक रहेको वीरगंज र भैरहवाबाट पनि पर्यकहरु आउन यहाँ सजिलो पर्दछ । यहाँको तापक्रम बढीमा ४५$^{o}$ से. (बैशाख जेठ महिनामा) र न्यूनतम ०–६$^{o}$ से. (मंसिर पुष महिनामा) रहने गरेको छ ।[१८] यहाँ भदौ असोज महिनामा अधिकतम वर्षा हुन्छ जुन ३१६ मि.मी. सम्म पुगेको रेकर्ड छ । पर्यटकहरुको लागि पर्यटन गर्न मंसिर र माघको बीचको समय उपयुक्त हुन्छ , किनकि त्यस

---

[१७] .ऐजन, पृ. १५६ ।

[१८] .Kunwar, **opcit** (f.n.1), p. 81।

समयमा खुला दृष्यावलोकन गर्न पाइन्छ । सौराह, ओद्रा, बद्रेनी, मालपुर, सिसवार, पढरिया, मैना, दोरङ्गी, वछौली, जनकौली, भ्वानी र तरौली जस्ता गाउँहरु यस गाउँ विकास समिति अन्तर्गत रहेका छन् । वछौलीमा पुलीसचौकी, स्वास्थ्यचौकी, वैंक, हुलाक, प्राथमिक तथा माध्यमिक विद्यालय, गैरसरकारी संस्थाको कार्यालय, ओसो क्याम्प स्थापित छन् । सौराहमा आजको काठमाडौंको ठमेल, पोखराको लेकसाइड वा भारतको गोवाको झलक पाइन्छ ।[१९]




## चित्र नं. ३.१ चितवन राष्ट्रिय निकुञ्ज र त्यससँग जोडिएका वरिपरीका गाउँहरु

१९७३ मा स्व. राजा महेन्द्रको पालामा गैंडा र वाघको संरक्षणको सम्भाव्य वातावरण देखेर यसलाई पहिलो राष्ट्रिय निकुञ्जको मान्यता दिइयो । चितवनमा १९६४ देखि बाट मात्र पर्यटकहरु आएर पर्यटनको शुरु भएको हो । स्थानिय तथ्याङ्क अनुसार तेस्रो महत्वपूर्ण पर्यटकीय गन्तव्यस्थल मानिएको चितवन राष्ट्रिय निकुञ्ज साथमा जोडिएकोले गर्दा धेरै पछि मात्र आएर सौराह प्रख्यात हुन पुग्यो । १९९२–९३ मा चितवन राष्ट्रिय निकुञ्जमा ५५,००० पर्यटकहरुले भ्रमण गरेका थिए भने त्यही वर्षमा २३,००० पर्यटकहरुले भ्रमण गरे र धेरै भन्दा धेरै पर्यटकहरु राष्ट्रिय निकुञ्जको होटल लजहरुमा बसे । सन् १९९७ मा नेपाल आउने पर्यटकहरुमा ९२,७१७ ले पोखराको भ्रमण गरेका थिए भने ६९,४६४ पर्यटकहरुले चितवन राष्ट्रिय निकुञ्जको भ्रमण गरेका थिए । यसरी १९७४ मा ३६ बाट भ्रमण गर्ने पर्यटकहरु १९९७ मा आउँदा ६९,४६४ पुग्न गयो । परिणाम अनुसार सोहि आर्थिक वर्षमा US $ ७,१०,१५७

[१९]. Ibid, p. 82।

आयको प्राप्ति भयो । लजहरुको संख्या पनि १० (१९७५) बाट ४८ (१९९७) हुन पुग्यो जसले गर्दा धेरै मानिसहरुले रोजगार हुने मौका पाए । चितवन राष्ट्रिय निकुञ्जमा भ्रमण गर्ने पर्यटकहरुमा यूरोपियन (७०%), उत्तर अमेरीकन (१२%), ओसियन (१२%), र एशियन (६%) ले भ्रमण गरेका थिए ।[२०] सौराहमा आएका दुई तिहाई पर्यटकहरुको सर्वेक्षणबाट सो ठाउँ बढी भिडभाड, साँगुरो र वातावरणिय प्रदुषणको समस्या आउन थालेकोले पर्यटकको संख्यामा सिमितता भएको पाइएको कुरा रमेशराज कुवँरको Anthropology of Tourism – A Case Study of Chitwan Sauraha, Nepal मा उल्लेख गरिएको छ । सर्वेक्षणबाट होटलहरु अनावश्यक रुपमा बन्दै जाने क्रममा त्यस क्षेत्रको सबैजसो ठाउँ प्रयोग भैसकेको पाइएको हुँदा नयाँ होटलहरु बन्ने प्रक्रियालाई बन्द गर्नु पर्ने देखिन्छ । बन्यजन्तुका कारणले आफ्नो बालीनालीको विनास, धनजनको क्षती हुने जस्ता घटनाहरु पनि नभएका हैनन् तथापि बन्यजन्तुकै कारणले पर्यटकको आगमन हुनुबाट पर्यावरणिय पर्यटनको अवसर बढेको पाइन्छ । पर्यटकहरुलाई मनोरंजन दिन विभिन्न सांस्कृतिक कार्यक्रमहरु र भेषभुषाहरुको प्रर्दशन गर्ने अवसर पनि प्राप्त हुनाले सांस्कृतिक पर्यटनको विकासमा पनि यस क्षेत्रको महत्व बढेको छ । यस क्षेत्रको आर्थिक विकासमा यस्ता पर्यटनले उल्लेखनीय योगदान पुऱ्याएको पाइन्छ ।

## ३.२ सौराहको आर्थिक विकासमा पर्यटनको स्थान

पर्यटन विकास हुनुपूर्व सौराह क्षेत्र केबल सामान्य आदिवासी थारुहरु बसोवास गर्ने ठाउँको रुपमा परिचित थियो । प्रमुख पेशा कृषि रहेको यो जातिले धान, मकै, गहुँ, तोरी आदि अन्नवालीहरुको खेती गर्नुको साथै पशुपालन, तरकारी खेती, जडिबुटीहरुको उत्पादन गर्ने गर्दछन् । बाहिरी क्षेत्रसँग त्यति धेरै सम्पर्कमा आउन नखोज्ने यी जातिहरुको प्रमुख आम्दानीको स्रोत भनेको कृषि र पशुपालन नै रहेको थियो र केही मात्रामा मात्र सरकारी काममा कार्यरत रहेका थिए । अरुसित बोल्नलाई समेत हिच्किचाउने यी थारुजाति पहाडबाट र अन्यत्रबाट बसाइँसरेर आएका मानिसहरुको संसर्गको साथसाथै पर्यटन व्यवसायको प्रवर्द्धनले निकै टाठाबाठा भएको पाउन सकिन्छ । पर्यटकहरुको आगमनसँगै होटल, रेष्टुरेण्टको विकास विस्तारले रोजगारको अवसर पैदा गरी उनीहरुलाई रोजगार दिई सक्षम बनाएको छ । यिनीहरुको सांस्कृतिक क्रियाकलापहरु पहिले केवल आफ्नो लागि हुन्थ्यो भने अहिले त्यही सांस्कृतिक कार्यक्रमहरु पर्यटकहरुलाई देखाएर राम्रो आम्दानी गर्न सक्ने प्रमुख स्रोत बन्न पुगेको छ । उनीहरुका हस्तकलाका सामानहरु आफ्ना घरमा मात्र सिमित नरहेर अरुलाई बेची आय आर्जन गर्ने माध्यम बन्न सकेका छन् ।

पर्यटनले देशको आर्थिक आय वृद्धि गर्नमा महत्वपूर्ण भूमिका खेल्नुका साथै यो धेरै स्थानिय वासिन्दाको आम्दानीको श्रोत पनि बन्दछ । सौराहमा अहिले आधुनिक रिसोर्ट, होटल एवम् अरु पनि निर्माणको कार्य भैरहेको छ जसको परिणाम स्वरुप

[२०] .Ibid, p. 83 ।

औपचारिक रुपमा खुला रुपमा प्रस्तुत हुन नसकेको गाउँ अहिले आएर  पर्यटकहरुको लागि उच्च स्तरका होटल रेष्टुरेण्ट तथा अन्य सुविधासम्पन्न प्रख्यात ठाउँ हुन पुगेको छ । जसको फलस्वरुप त्यहाँको जमिनको भाउ बढेर गएको छ । होटल व्यावसायको साथै फलफूल, तरकारी र पोल्ट्रीफर्मको व्यवसाय पनि वृद्धि भएको छ ।

## ३.३ सौराहका आकर्षणहरु

जब पर्यटकहरु काठमाडौंमा आएर आफ्नो कार्यक्रम तय गरी सौराहलाई गन्तब्यस्थलको रुपमा छान्दछन्, उनीहरुले थारुहरुको लाठी नाचका अतिरिक्त सांस्कृतिक कार्यक्रम, गाउँको भ्रमण, थरीथरीका चराहरुको अवलोकन, हात्ती चढ्ने, जगंल घुम्ने, सूर्यास्तको दृष्य, साइकलमा घुम्ने आदि जस्ता कुराको मजा तथा अनुभव गर्न सक्छन् । नेपालबाटै शुरु भएको अन्तर्राष्ट्रिय हात्तीपोलो खेल चितवन राष्ट्रिय निकुञ्जको साथमा रहेको मेघौलीमा हुने गरेको छ । हालै सम्पन्न भएको २४ वटा टिमहरुको सहभागिता रहेको यो खेल ३ दिन सम्म चलेको थियो । यो खेल खेलिनु भन्दा अगाडि त्यहाँका स्थानिय आदिवासी थारु जातिले आफ्ना सांस्कृतिक कार्यक्रमहरु प्रस्तुत गरेका थिए ।[२१] नेपाल आउने पर्यटकहरुको लागि यो एउटा नयाँ मनोरंजनात्मक खेल हुनुको साथै धेरैभन्दा धेरै पर्यटकहरु नेपाल भित्र्याउने माध्यम पनि बन्न पुगेको छ ।

### ३.३.१ सांस्कृतिक आकर्षणहरु

सौराहमा घुम्न आउने पर्यटकहरुले त्यहाँ बसोवास गर्ने थारुहरुको जीवनशैली, भाषा, रितीरिवाज, संस्कार, चाडपर्व मनाउने तरिका, परम्परागत घर, पोशाक, गरगहना, भाडाँकुडाहरु, खाना, रहनसहनको तरिका, बाद्यबादन, कलाकृति, हस्तकलाका सामान आदि सबै सांस्कृतिक आकर्षणहरुको एउटा नौलो अनुभव गर्न सक्छन् । अन्नवालीहरुको रोपाई गर्ने समयमा रोपहारहरु लाइनवद्ध रुपमा बसी रोपाई गर्नुको साथै रोपहार र हलीहरु हलो, गोरु र कोदालोसँगै सामूहिक रुपमा रोपाई गीत गाउँदै रम्ने दृष्य पनि आकर्षक हुन्छ । थारु समुदायमा मनाइने विभिन्न चाडपर्वहरुमा फागु , जितिया, र सोहारी धेरै प्रख्यात छन् । फागु पर्वमा पुरुष र स्त्री दुवैले रङ्ग र अविर लिएर एकले अर्कालाई लगाई रमाइलो गर्दछन् । जितिया पर्वमा थारु आइमाईहरु मात्र सरिक हुन्छन् । यस्ता पर्वहरुमा पर्यटकहरु सहभागी भई मनोरंजन गर्ने गर्दछन् । थारुहरुको घर सजावट, माछा मार्ने तरीका, जन्मदेखि मृत्यसम्म गरिने हरेक संस्कारहरु पर्यटकहरुको लागि नौलो अनुभव हुनसक्छ । सौराहको सांस्कृतिक आकर्षणका रुपमा थारुहरुको सांस्कृतिक कार्यक्रम प्रमुख रुपमा पर्दछ । आदिवासी थारुहरुको सांस्कृतिक कार्यक्रममा लाठी नाच निकै प्रसिद्ध छ । यो कार्यक्रम करिब एक

---
[२१] .अन्तर्वार्ता

घण्टाको हुन्छ र यसलाई ४/५ प्रकारको तरिकाले पर्यटकहरुलाई देखाइन्छ।[२२] भजिती नाच (अलि लामो लाठी लिएर नाचिने नाच ), डम्फूनाच, थकारानाच ( फागुपुर्णिमामा नाचिने नाच ), झिलीनाच यी सबै नाचहरु पर्यटकहरुको मनोरंजनका लागि सौराहको विभिन्न होटल तथा रिर्सोटहरुमा देखाइन्छ।

[२२] .अन्तर्वार्ता

# अध्याय चार

# सौराहको संस्कृतिमा पर्यटनले पारेको असर

## ४.१. प्राक्कथन

चितवन राष्ट्रिय निकुञ्जको साथमा रहेको नेपालका विभिन्न महत्वपूर्ण पर्यटन क्षेत्रहरुमध्ये सौराह क्षेत्र पनि एक हो । पर्यटनको विकासको क्रममा यस क्षेत्रको संस्कृतिमा पनि असर परेको पाइएको छ । पर्यटनको कारणले यस क्षेत्रका मानिसहरुमा चेतनामा वृद्धि हुनु अतिथिको सम्मान सत्कार गर्ने संस्कारको विकास हुनु, समाजका कुरितीहरु हटाउने पक्षमा लाग्नु आदि जस्ता कुरामा सकारात्मक असर परेको पाइन्छ । तर यस क्षेत्रका बासिन्दाहरु सांस्कृतिक नकारात्मक प्रभावका शिकार नभएका पनि हैनन् । विदेशीहरुकै सबै चीज राम्रो भन्ने सोचाइ विषेशगरी युवाहरुमा आउँदा उनीहरुले आफ्नो संस्कृति र मूल्यमान्यतालाई महत्व नदिने प्रवृति देखाउन थालेको पाइएको छ । यस क्षेत्रका विषेशगरी थारु जातिका केटाहरुमा आफ्ना हैसियत भन्दा बढी तडकभडक देखाउने, अनावश्यक रुपमा पैसा खर्च गर्ने, लागूपदार्थको सेवन गर्ने, डिस्को पब आदिमा गई बरबाद हुने जस्ता नकरात्मक प्रभाबहरु पनि देखिएको छ । सबै पर्यटकहरु धनी र शिक्षित हुन्छन् भन्ने उनीहरुको सोचाइ छ । उनीहरुले लिने विभिन्न प्रकारका खाना, सफा लुगा लगाउने तरिका, विभिन्न वाद्यवादन, स्वच्छ वातावरणमा बस्ने चाहना आदि उनीहरुको भाषा, संस्कृति आदि आफ्नो भन्दा धेरै राम्रो हुन्छ भन्ने सोचाइ रहनुले Weaker Host and Stronger Guest ("सवल अतिथि र कमजोर सेवक") को सोचाइ विद्यमान छ जसले गर्दा पर्यटकसँग हरेक पक्षमा सधैं सकारात्मक व्यवहार गर्ने गर्दछन् । एकातर्फ यहाँ ठूलठूला होटल र धनी पर्यटकहरु छन् भने अर्कोतर्फ सानो घरमा बसेका धेरै सन्तान भएका मानिसहरु रहेका छन् । थारु केटाहरु जो यस्तै वातावरणबाट आएका हुन्छन उनीहरु पनि तुरुन्तै त्यस्तै पश्चिमी जीवनशैली, उच्च स्तरको वसाई गर्ने, वियर लगायतका पेय पदार्थहरु, महँगो चुरोट, लुगा आदिमा खर्च गर्दछन् जो उनीहरुको समाजको परिवारका लागि राम्रो होइन । जब उनीहरु साँझमा घर जान्छन् आफ्नो स्वास्नीले पनि पश्चिमी शैलीको नाच प्रस्तुत गरोस् भन्ने चाहन्छन्  तर उनीहरुले पश्चिमी नाच देखेकै हुदैनन् । यसबाट के थाहा हुन्छ भने सकारात्मक परिणाम दिने खालका परिवर्तन राम्रो हुन्छ नत्र त्यो परिवर्तन राम्रो हुदैन । पर्यटनको कारणले यस्ता विभिन्न प्रकारका प्रभाव समाजमा पर्न जान्छन्। जवान केटाहरुले सधैं यो स्तरमा आफूलाई पुगाउन सक्दैनन् र उनीहरु सबै पर्यटकहरुलाई राम्रा र ठूला दर्जाका र आफू सानो र तल्लो दर्जाको सोची दुःखी हुन्छन् । यस्ता बाहिरका आगन्तुकले मासु, ड्रग र पेयपदार्थ पिलाई तिनीहरुको जीवन मूल्यविहिन तुल्याइदिन्छन् ।

सौराहमा पर्यटनको प्रभावमा पुराना स्थानिय परम्परा, बानी,  रितीरिवाज धेरै क्षेत्रमा घट्दै गइरहेको छ । सौराहका थारु र अरु जातिका केटाकेटी, होटल रेस्टुरेण्टका

कामदारहरु, जीवजन्तु र वनस्पतिको अध्ययनकर्ता समेत जो पर्यटकहरुको प्रत्यक्ष सम्बन्धमा छन् उनीहरुले समेत आधुनिक लुगा लगााउने र धेरैले त राम्रो अंग्रेजी बोल्ने गरेको पाइन्छ । यतिसम्म कि पर्यटक केटीहरुसित विवाह गरी तिनीहरुबाट आफू बाहिर देश गई काम गरी स्थापित हुने बलियो चाहना राख्ने केटाहरु समेत यहाँ रहेका छन् । तरपनि  सौराह र ओद्रामा रहेका थारुहरुले पर्यटक केटीहरुसित विवाह गरेको, तिनीहरु पश्चिमी देश भ्रमण गरेको कुनै प्रमाण प्राप्त छैन । केटीहरुले पनि भाषा एवम् अन्य कारणहरुले गर्दा पर्यटक केटाहरुसित विवाह गर्ने कोशिशमा  कुनै पनि प्रस्ताव राख्न सक्दैनन् । भर्खरै मात्र वछौलीको थारु केटाले अस्ट्रेलियन केटीसित विवाह गरी आफ्नो श्रीमतीसँग अस्ट्रेलिया गएको थाहा भएको छ ।[२३]

सौराहमा सबै जातिहरुको बसोबास रहेको भएतापनि त्यहाँ स्थानिय आदिवासी थारुहरुकै वाहुल्यता रहेको छ । यिनीहरुमा आफ्नै रहनसहन र जातिगत परम्पराहरु रहेका छन् । बालकजन्मदेखि मृत्युसम्म धेरै संस्कारहरु आफ्नो परम्परा अनुसार गर्दछन्। ब्राह्मण, क्षेत्रीको प्रभावमा आएर दशैं तिहार पनि मनाउने गर्दछन् । यिनीहरुको समाजमा एकात्मक र संयुक्त दुवै परिवार पाइन्छ ।

चितवनका मानिसहरु भूत प्रेत हुन्छ भन्ने कुरामा विश्वास राख्दछन् जसलाई भगाउन हात्तीका माउतेहरुले असार महिनामा नदीको किनारमा गई पूजा गर्ने गर्दछन् । उनीहरु भगवान गणेशको पूजाआजा पनि गर्दछन् । उनीहरुको विश्वास अनुसार कुनै समयमा केही हात्तीहरु जंगलमा हराउनुका साथै केही हात्तीहरु पागल भएर भागेका हुँदा त्यस्तो घटना फेरीफेरी नहोस् भन्नका हेतु जंगलमा वनसप्ती नामक देवीदेवताको पूजा गर्दछन् । चितवनका थारुहरु जब आफ्ना गोरुहरु जंगलमा हराएर पाउन सक्दैनन तब यिनै वनसप्ती नामक देवताको पूजा गर्दछन् । असार महिनामा नै उनीहरु जहरमाई भनिने  अर्को  नदीको देवताको पनि पूजा गर्दछन् । प्रत्येक दिन पर्यटकहरु लिएर जंगलमा जाने हात्तीका माउतेहरुमा पर्यटकहरुको प्रत्यक्ष सम्बन्ध रहेपनि उनीहरुको यो पूजा गर्ने आफ्नो परम्परा भने  कायमै छ । विश्वासले मानिसलाई अझ बलियो बनाउँछ, त्यसैले होला अहिलेसम्म पनि पर्यटनले माउतेहरुको यो विश्वासलाई केही असर पारेको छैन । जब पर्यटकहरु वाघमरा गाउँमा घुम्न जान्छन् त्यहाँका वासिन्दाहरु धेरै नै खुसी महसुस गर्दछन् तर उनीहरु पर्यटकहरुको लगाई र केही मान्यताहरु नरुचाएको कुरा पनि ब्यक्त गर्दछन् । पर्यटकहरुको संगतले युवा पुस्ताहरु दिनप्रतिदिन यस्तो अवस्थामा आउनसक्ने कुराले उनीहरु चिन्तित छन् भने पर्यटकहरुले उनीहरुको गाउँमा ड्रग परिचित गराइदिन्छन् कि भन्ने कुरामा अझ चिन्ताग्रस्त छन् । समाजका सदस्यहरुका अनुसार धेरै थारु समाजमा पर्यटकहरुको प्रभाव परेको छ र उनीहरुको संस्कृति,रहनसहन केही क्षेत्रमा बदलिदै गएको पनि छ । थारु युवाहरु कृषिमा कडा परिश्रम गर्न मनपराउँदैनन् ।[२४] तर वाघमराको वडा न. ४ को  एकमात्र मीना गाउँमा भने पर्यटकहरुको प्रभाव परेको देखिदैन । यहाँको गाउँको

---

[२३] . अन्तर्वार्ता

[२४] . **kunwar, opcit** (f.n.1), p. 108।

समितिले पुराना परम्परा संस्कृतिलाई जगेर्ना गर्नुपर्दछ भन्ने महसुस गरेको र त्यही अनुसार योजना गरिरहेको पाइएको छ ।[२५]

पर्यटनले गर्दा सौराह क्षेत्रको आर्थिक गतिविधि बढेको, शिक्षा क्षेत्रमा महिला तथा पुरुष दुवैको संख्या बढेको कुरा वी.एन लामिछ्यानेलाई उद्धृत गर्दै रमेशराज कुवँरले आफ्नो पुस्तक "ANTHROPOLOGY OF TOURISM" मा उल्लेख गर्नुभएको छ । स्वास्थ्य चौकी राम्रो उपचारका साधन सहित विकसित भएको छ । महिलाहरुको लागि पनि तालिमको विकास गरिएकोले उनीहरु पनि स्वंय आत्मनिर्भर छन् । यी सकारात्मक पक्ष हुँदाहुँदै युवाहरुले पर्यटकहरुको नक्कल गर्ने, लागु औषध (ड्रग) लिने जस्ता प्रवृतिले गर्दा आफ्ना मौलिक संस्कृति विस्तारै लोप हुँदै गइरहेका जस्ता नकारात्मक प्रभावहरु रहेका पनि छन् ।[२६]

सौराहका स्थानिय बासिन्दाका अनुसार यहाँ आउने कतिपय पर्यटकहरु जंगल घुम्दा धुम्रपान गर्ने गर्दछन् र केही मान्छेहरु छिट्टै पैसा कमाउने उद्धेश्यले उनीहरुलाई यस्ता पदार्थ उपलब्ध गराउने गर्दछन् । पर्यटकहरुसँग राम्रो सम्बन्ध राख्नलाई नशालु पदार्थ सेवन गर्ने मानिसहरुले पर्यटकहरुलाई पनि सेवन गर्न प्रस्ताव गर्दछन् । स्थानिय मानिसहरुको भनाई अनुसार त केही मान्छेहरु पर्यटकहरुसँग राम्रो सम्बन्ध राख्नलाई केटी र ड्रग दुवै पठाउँछन् । उनीहरुले यस्ता कार्य गरेवापत उनीहरुलाई पछि पर्यटकले आफ्नो देश बोलाउलान भन्ने आशा गर्दछन् । बहुमतमा पर्यटन व्यवसायबाट स्थानियबासी लगायत सो क्षेत्रमा काम गर्ने हरेक व्यक्ति धेरै खुशी छन् किनभने यसले उनीहरुको काम र आर्थिक आय वृद्धि मा प्रत्यक्ष लाभ दिन्छ ।[२७]

स्थानिय क्षेत्रका बृद्धहरुसँग लिएको अन्तर्वार्ताबाट थाहा भएअनुसार पर्यटनबाट युवाहरुको चरित्रमा मिश्रित प्रभाव परेको पाइन्छ । युवा केटाहरु जो वास्तवमा बिग्रने खालका होइनन् उनीहरु बिग्रिरहेका छन् र जो बिग्रिएका छन् उनीहरु उल्लेखनीय रुपमा राम्रो हुँदै गएका पनि छन् । पर्यटन उद्योगको कारण युवाहरुको प्रवृत्ति, वानी, मूल्य, मान्यता र परम्परा आदिमा प्रभाव आएको छ र उनीहरुको जीवन धेरै सजिलो र छिटो भएको छ । सौराहमा जब पाँच, छ जना युवकहरु एकअर्कासँग भेट हुन्छन् उनीहरु आफ्नो साँझको समय रेष्टुरेण्टमा बिताउँछन् । पर्यटकले दिएका बक्सिस रेष्टुरेण्टमा खर्च गर्ने तिनीहरु पर्यटकहरुको कुरा गर्ने, पेयपदार्थ लिने र कहिलेकाहीँ एकअर्कासँग झगडा गर्ने समेत गर्दछन् । युवा केटाहरु पर्यटकहरुका साथ जगंल घुम्न जाँदा ३–४ घण्टा हिडिसकेपछि उनीहरु थकाई मार्ने बहानामा रेष्टुरेण्टमा जाने गर्दछन् र पेय पदार्थहरु सेवन गरी आनन्द लिन्छन् । उनीहरु झगडा गरेपनि धेरै लामो

---

[२५] . Ibid ।

[२६] . Ibid ।

[२७] अन्तर्वार्ता

समयसम्म भने गर्दैनन् किनभने तिनीहरुलाई राष्ट्रिय निकुञ्जको निश्चित क्षेत्र भित्र सँगसँगै बसेर दैनिक कार्य र व्यवहार गर्नु पर्दछ ।

थारुहरुमा केबल पर्यटनको मात्र प्रभाव नपरेर सामाजिक सांस्कृतिक गतिविधिको पनि उत्तिकै प्रभाबका भागिदार रहेका छन् । अहिलेको दिनमा ओसो क्याम्प त्यहाँको स्थानिय बासिन्दाहरुको लागि अर्को आकर्षणको केन्द्र बन्न पुगेको छ । त्यहाँ जानुको मुख्य उद्धेश्य ध्यान गर्नु हो, तर त्यहाँका मानिसहरुले आ-आफ्नो ढङ्गले त्यहाँ जानेकुरालाई विवेचना गरेका छन् । एक पक्षले युवाहरु त्यस केन्द्रमा गएपछि आफ्नो संस्कृतिलाई जोगाउने काममा विचार गर्दैनन् । त्यहाँ प्रवेश भएपछि तिनीहरु छुट्टै खालको स्वतन्त्र जीवनशैली देखाउने, अरुहरुको परम्परागत मूल्य, मान्यता, सिद्धान्त पछ्याउने गर्छन् भन्ने विचार राख्छन् भने अर्को पक्षले भने त्यहाँको प्रवेशले उनीहरुलाई अनुशासित बनाउँछ भन्दछन् । पर्यटनको दृष्टिकोणले सौराहमा पर्यटन विस्तारको लागि अनुशासित जनशक्तिको आवश्यकता रहेको छ । ओसो क्याम्पले सौराहलाई शान्तिपूर्ण गन्तब्य स्थलको रुपमा राख्नलाई मद्दत गर्न सक्दछ, नत्रभने सौराहले आफ्नो पहिचान नै गुमाएर बिथोलिन सक्दछ । यसरी हेर्दा ओसो क्याम्प पनि एउटा सकारात्मक परिवर्तनको माध्यम बन्न पुगेको छ ।

## ४.२. थारु संस्कृति र त्यसमा पर्यटनको प्रभाव

चितवन राष्ट्रिय निकुञ्जको साथमा रहेको बछौली गा.वि.स. स्थित सौराह क्षेत्र पर्यटनबाट प्रभावित ठाउँमध्ये एक हो । थारुहरुको बाहुल्यता रहेको यस क्षेत्रमा पर्यटनको विकासको क्रममा संस्कृति तथा सामाजिक संरचना पनि धेरै प्रभावित हुन पुगेको छ । पर्यटनले पार्ने असर यस क्षेत्रमा बस्ने अल्पसंख्यक जातिहरु (बोटे, दनुवार आदि) मा र बहुसंख्यक जातिहरु (ब्राह्मण, क्षेत्री आदि) मा कम मात्रमा देखिएको छ । आफ्ना मौलिक संस्कृति र सम्पदाले धनी आदिबासी थारु जातिहरुको संस्कृतिमा भने पर्यटनको असर बढी पाउन सकिन्छ । समयको परिवर्तनको सँगसँगै पर्यटन व्यवसायको विकास एवम् विस्तारले गर्दा भेषभूषा, चाडपर्व, संस्कार, चालचलन आदि सबैबाट सुसज्जित र धनी रहेका यस क्षेत्रका आदिबासी थारु जातिहरुको संस्कृतिमा बिभिन्न असर परेको पाइएको छ ।

### ४.२.१. रहन सहन

चितवनमा थारुहरु भएको ठाउँमा पहाडबाट बसाई सरी ब्राह्मण, क्षेत्री, गुरुङ, कुमाल, तामाङ, बोटे, दराई, र केही सरकारी कार्यालय र पछि पर्यटक सम्पर्कमा आए, जसले गर्दा यस ठाउँमा थारु संस्कृति, पहाडी संस्कृति र पर्यटकका संस्कृति सम्मिलित हुन पुगे । बहुसंख्यक रुपमा रहेका थारुहरुले सहरी क्षेत्रका मान्छेसँग सम्बन्ध, हिन्दी र नेपाली चलचित्रसँग परिचय, हवाइजहाज, मोटरकार, रेडियो, फ्याक्स, टेलिफोन कम्प्यूटर, इन्टरनेट र इमेलसँग समेत परिचय विकास गरे । थारुहरुको घर सानो

आकारमा भएपनि उनीहरु परम्परा अनुसारको  संयुक्त  परिवारमा बस्छन् जहाँ पुरुष पुस्ताको ज्यादै महत्व हुन्छ । एउटा संयुक्त परिवारमा बढीमा ३२ जनासम्म सदस्य एउटै भान्सा प्रयोग गरी बस्न सक्दछन् । अहिले आएर एकल  परिबारको संख्या बढिरहेको छ । एकल परिवारको प्रक्रिया पहाडबाट बसाई सरी आएका ब्राह्मण, क्षेत्रीहरुको देखासिकि, आधुनिकिकरणको प्रभाव, सञ्चार माध्यमले गर्दा व्यक्तिहरुबीचको अन्तर्क्रिया, भेला आदि भन्दा एकान्तमै आनन्द लिने प्रवितिको विकास, स्वतन्त्रताको चाहना, पेशागत विभिन्नता, आय आर्जनमा फरक तथा खानपिन, इच्छा , आवश्यकता र अन्य जीवनशैलीमा पनि एउटै परिवारका सदस्यमा समेत विभिन्नता भएकोले पनि संयुक्त परिवारभन्दा एकल परिवारमा बस्न रुचाउने गरेको पाइन्छ ।

सौराहका थारुहरुको घर परम्परागत रुपमा रहेका छन् र झ्यालहरु फूलबुट्टायूक्त आर्कषणले भरिएका छन् जसलाई सजाउने काम घरका आइमाइहरुले गर्ने गर्दछन् । थारुहरुको आफ्नै किसिमको परम्परागत लुगा रहेको छ । थारु पुरुषमा धोती र कछाड लगाउने चलन छभने थारु स्त्रीमा चांगा, चोलीया, थेनगी, नेहगी, कालो ब्लाउज, सेतो मरदानी आदि लगाउने चलन छ । तर बाह्य प्रभावका कारण तरुनी आइमाईहरुले अहिले सारी लगाउने गर्दछन् भने भर्खरका केटीहरु पश्चिमी शैलीका छोटो स्कर्ट, पेन्ट कुर्तासलवार लगाउने गर्दछन् र सफासुग्घर भई राम्रोसँग कपाललाई पछाडी लगेर बाँध्ने गर्दछन् । परम्परागत गहनामा थार्‍या, हातमा भारीभारी बाला, हसुली (चाँदी वा कुनै सानो मूल्यको मिश्रित धातुबाट बनेको), आकर्षक चाँदीका औंठी र नाक र कानका गहना प्रयोग गर्दछन् । आइमाईहरुले पहाडी आइमाई तथा हिन्दी चलचित्रका प्रभावका कारण आफ्ना परम्परागत गहनाहरु र लुगाहरु लाउन धेरै हदसम्म छाडिसकेका छन् । थारु केटाहरुले सफा, रङ्गीन र आधुनिक लुगा लगाएको देख्न सकिन्छ । चितवन राष्ट्रिय निकुञ्जमा आइमाईहरुले भेस्ट, फ्रक, म्याक्सी, नाइटी, गाउन् तथा केही पहाडी लुगाहरु लगाएको देख्न सकिन्छ र बच्चाहरुले विद्यालयको ड्रेस लगाएको पाइन्छ । उनीहरु आफ्नो परम्परागत लुगा लगाउँदा सानो वा असभ्य भएको अनुभूति गर्दछन् ।

## ४.२.२. परम्परा

सामन्यतया जो पर्यटन व्यवसायमा संलग्न छन् उनीहरु आफ्नो भाषा बोल्न र परम्परागत जीवनशैलीको बारेमा कुरा गर्न हिच्किचाउँछन् । यसको कारण आफू अरुभन्दा सानो र पिछडिएको महसुस हुनु नै हो । यसले के देखाउँछ भने थारु समाजमा आफ्नो पहिचानको समस्या बढिरहेको छ । एकातिर आन्तरिक रुपमा आफूहरु पछाडि पर्नुका कारण आफ्नै संस्कृति हो भन्ने महसुस गर्दछन् तर उनीहरुले आफ्नो पछ्यौटेपनको कारकको रुपमा हेर्ने संस्कृतिलाई त्याग्न पनि सकेका छैनन् । उनीहरु आफूलाई थारु भन्दा आफ्नो थर चौधरी भनी चिनाउन मन पराउँछन् । थारुहरुमा शरीर खोपाउने चलन रहेको पाइन्छ , जो केबल थारु आइमाईहरुले खुट्टाको तल्लो भागमा र पाखुरामा मयूरको वा अन्य आकारमा खोपाएको पाइन्छ ।

यस्तो सजाएर खोपाउने काम विवाहभन्दा अगाडि गरिन्छ । खोपाउने काम आइमाईहरुको लागि आवश्यक भएतापनि वर्तमान समयमा आफ्नो अंगको सुरक्षा र सुन्दरताको लागि यस्तो चिन्ह खोपाउन रुचाउँदैनन् । पहिले विना खोपाइ पूनर्जन्म लिन पाइदैन भन्ने विश्वास गर्दथे, तर अहिलेका जवान केटीले यस्तो खोपाउदा छाला बिग्रन्छ र खराब देखिन्छ भन्ने धारणा राखेको पाइन्छ । यस्तो महसुसको सृजना हुनुमा पर्यटन, आधुनिक शिक्षा, पहाडी मानिसको संगत, सहरी वातावरण र चलचित्र आदिको प्रभाव मुख्य कारक तत्व  हुन् । जब उनीहरुसँग केही पैसा हुन्छ तब तिनीहरु सिनेमा हेर्न र टाँडी या नारायणगढ बजार घुम्न जान्छन् किनकि तिनीहरु घुम्ने र सिनेमा हेर्ने भनेपछि मरिमेट्छन् । पहिलेको समयमा थारुहरु दिनभर खेतमा खनजोत गरेर विताउँथे र तीन या चार पटक खाना खान्थे तर अहिले तिनीहरु त्यती काम पनि गर्दैनन् र  त्यसरी खाना पनि खादैनन् ।

अहिलेको दिनमा थारुहरुको घरमा परम्परागत कलाशैली मुश्किलले देख्न सकिन्छ । उनीहरुको घरको आकार, कोठाको बनावट र भान्छाघरको भाडाँकुडाहरुमा समेत परिवर्तन पाउन सकिन्छ । घरका पुराना सामानका ठाउँमा आधुनिक सामान देखिन्छन् । सौराहमा विजुली आएर चारैतिर उज्यालो छाउनुका साथै आवश्यक परेमा फोन, कम्प्यूटर, इन्टरनेट, इमेलको प्रयोग गर्ने गर्दछन् तर जो भित्री गाउँमा बस्छन् उनीहरुलाई चाहिँ यस्ता चीजहरुको पहुँचमा अझैपनि अप्ठ्यारो छ । सौराहमा सबै उपभोग्य सामाग्री उपलब्ध भएकाले काठमाडौं आइरहनु पर्दैन भनेर त्यहाँका व्यवसायीले बताएका छन् ।



**चित्र नं.४.१ : थारुहरुले पुजा गर्ने ब्रम्हथान देवता**

वर्षको असार र असोज दुई महिना उनीहरु ब्रम्हथान संस्कार गर्दछन् । पुरै वर्षभरी काम गरिरहने हुनाले उनीहरु आनन्द गर्न त्यो दिन काम नगरी एकदिनको लागि रमाइलो गर्दछन् । गाउँको गुरौले उनीहरुलाई यो चाड मनाउन निर्देशित गर्दछन्। थारु सम्प्रदायमा ब्रम्हथानलाई भगवान ब्रम्हाजीको रुपमा पुजा गर्दछन् । ब्रम्हथानको अर्थ भगवान ब्रम्हाजी बसेको ठाउँ भन्ने बुझिन्छ । परापूर्वकाल देखि गाउँको

पूर्वदिशातिर पर्ने सिमल, वरपिपल तथा काब्रोको रुखलाई भगवान ब्रम्हाजीको रुपमानी रुखको चारैतिर जमिनमा  ढुङ्गा, साल (जिनवा) को खम्बा, हलो (मुड्हारा) लाई गाडेर पुजापाठ गर्ने   चलन छ । ब्रम्हथानलाई गाउँको जमिन्दार पतिरथी (गाउँको पुरोहित) ले बर्ना, औंशी, पुर्णीमामा बोका, पाटी, परेवा, फलफूल, रक्सी चढाई पूजापाठ गर्नाले गाउँ घरमा रोग नलाग्ने, सधैं सुख शान्ति हुने र अन्नवाली सप्रन्छ भन्ने विश्वास रहेको पाइन्छ (चित्र नं. ४.१)। पहिले यो संस्कार नसकुन्जेलसम्म कुवाको पानी पिउने इजाजत थिएन तर अहिले आएर चारैतिर धारा रहेका छन् र यो नियमसँग पनि तिनीहरु बाँधिएका छैनन् । पहिले थारुहरुले अदृष्य शक्तिमाथि विश्वास राखी कुनै पनि रोग व्याधिहरुबाट वच्चाहरुलाई टाढा राख्न देवैको पूजा गर्दथे । उनीहरु संसार र अदृष्य शक्ति वीचको मध्यस्तकर्ता गुरौलाई मान्दथे । गुरौले यो अदृष्य शक्तिको पूजा गरी रक्षा गर्ने गर्दथे तर आजभोली गुरौले यस्तो कार्य गर्न इन्कार गर्दछन् । गुरौद्वारा वशमा पारिने नराम्रो शक्ति प्रति मानिसहरुको ठूलो विश्वास थियो तर अहिलेको दिनमा युवायुवतीहरु यसको बारेमा केही कुरा गर्दैनन्, र यस्तो शक्तिमाथिको विश्वास पनि विस्तारै लुप्त हुदैगइरहेको छ । कुनै पनि युवक केटाहरु आफ्ना अनुभवी गुरौहरुबाट आफ्ना परम्परागत विधिहरु पढ्न चाहदैनन् । उनीहरु सोच्छन् कि यस्तो अध्ययनविधि अहिलेको आधुनिक संसारमा अव्यबहारिक छ । यसको प्रमुख कारण आधुनिक पर्यटन, आधुनिक अस्पताल र शिक्षाको सुविधा नै मान्न सकिन्छ । युवा केटाकेटीहरु आधुनिक कपडा किन्न, खाना खान र आधुनिक जीवनशैली अपनाउँनमा मख्ख पर्छन् तर बुढापाकाहरुलाई यो मन परिरहेको छैन । तर आफ्ना छोराछोरीको खुसीको लागि यो परिर्वतन स्वीकारेका छन् ।

थारुहरुले लाउने पोशाक र गर गहनामा आफ्नै विषेशता रहेको छ । थारुहरु स्वभावका धेरै सरल, शान्तिप्रिय र मिजासिला छन् । नाचगान र चाडपर्वमा धेरै रमाउने यिनीहरुको बानी छ । यिनीहरुको स्वभावमा विलासी र खर्चालु भएकोले खानपिन पाउनापासाको सम्मानमा बढी खर्च गर्छन् ।



**चित्र नं.४.२ : थारुहरुको फागुपूर्णिमामा नाचिने नाच**

चितवनका थारु समाजका सवै पर्वहरुमा फागु, जितीया र सोहारी धेरै प्रख्यात छन् । जसमा पनि ३ दिनसम्म मनाउने फगुवा पर्वमा विषेश रौनक देख्न पाइन्छ । यो चाड विषेशगरी फाल्गुण पूर्णिमाको अवसरमा मनाइने गरिन्छ । यस पर्वमा गाउँका युवकहरु सबै भेला भई तोरीको गट्टे जम्मागरी गाउँको पूर्व र पश्चिम दिशामा चिर (सामित) बनाई त्यसभित्र कुखुराको चल्ला, अण्डा, रोटी आदि चढाई गाउँको मुखियाले पूजा गरिसकेपछि चिर जलाउने चलन  छ । चिर जलाउँदा जुन दिशातिर ढल्छ त्यसैबाट होरी खेल्न शुरु हुन्छ । भोलिपल्ट बिहान चिर पोलेको ठाउँमा सबैजना जम्मा भई वरिपरि ढोलक बाजाको तालमा ठकरी, लट्टी, झर्रा र डम्फू लिई नाच्ने गर्दछन् र खरानीको टिको लगाई खोलानदीमा गई स्नान गर्ने गरिन्छ (चित्र नं. ४.२)। सबै घरका परिवारहरु यी सबै पर्वहरुमा भाग लिन्छन् तर परिवर्तनको सन्दर्भमा यस्ता पर्वमा भागलिने क्रममा मात्रात्मक रुपमा  भने कमी आएको छ । यदि परम्परागत रुपमा जम्मा हुने ठाउँमा भाग लिएनन् भने रु. १० जरीमाना तिरेर छुट्‌दछन् जुन त्यसबाट भाग्ने एकदमै सजिलो तरिका हो । सन् १९९२ र १९९८ मा पर्यटन मन्त्री र थारु स्वास्थ्य समुदायबाट प्रभावित भएर सौराहमा थारुहरुका यी दुवै पर्वहरु मनाइयो,जसमा चितवनसहित तराईका थुप्रै थारुहरुले भाग लिई आफ्ना स्थानिय नाच २,३ दिन प्रस्तुत गरे । त्यसपछि भने सौराहका थारुहरुले आफ्ना सबै पर्वहरुमा धेरै चाखका साथ भाग लिने गर्दछन् ।[२८]



**चित्र नं.४.३ : थारुहरुको सांस्कृतिक बाद्यबादनका साथ रासधारी नाच**

स्थानिय बृद्ध मानिसहरुको सुचनाका अनुसार जब उनीहरु जवान थिए विवाह संस्कारमा नाच्ने गाउने तथा मृत्यु संस्कारमा गाउने गर्दथे जुन संस्कारलाई रासधारी भनिन्छ । यो नाच गीतामा आधारित भएकोले यस नाचमा कृष्णको चरित्र बर्णन गर्दै

२८. Kunwar, **opcit** (f.n.1), P. 116 ।

कृष्ण र राधाको राम्रो चरित्रको अभिनय गर्ने गरिन्छ । यस नाचमा हारमोनियम, दुगी, तब्ला कठझाली आदिले सुमधुर धुन निकाली नाच्ने व्यक्ति र मृतकाली (अगुवा) मिलेर नाचलाई रोमाञ्चित बनाउने गर्दछन् (चित्र नं. ४.३)। तर अहिले युवा केटा तथा केटीले त्यो संस्कारलाई छोडिसके ।  पूर्वकालमा विवाहमा छोरीलाई दाइजो दिने कुनैपनि प्रथा थिएन तर अहिले दाइजो आवश्यक भएको छ जुन गरीब मानिसहरुको लागि बिल्कुलै राम्रो छैन । अन्य जातिमा जस्तै थारु जातिमा पनि विवाहको आफ्नै प्रचलन छ । यस जातिमा विशेषगरि मागी विवाह र चोरी(उडरी) विवाह गर्ने गरेता पनि विवाहका अन्य प्रथाहरु पनि छन् । विवाहको समयमा कलशमा दियो वाली दुलाहालाई छाता ओढाई एवम् तरवार बोकाई रंगीचंगी काठको गाडामा जन्तीहरुका साथ दुलाहीको घरतर्फ प्रस्थान गरिन्छ । घरबाट प्रस्थान गर्ने समयमा गुराउले अक्षता जपेर जन्ती र लैजाने सामानहरुमा दुलाहीको घर नआइपुग्ने बेलासम्म छर्नुको साथै फर्कदा पनि छर्ने गर्दछ । घरभित्र लैजानु अघि दुलाहाको आमाले दुलाहा दुलाहीलाई ३/३ पटक पानीले छर्कने गर्छ । विवाह भोजमा रक्सी, खसीको मासु र दालभात खुवाउने चलन छ (चित्र नं.४.४)। तर अहिलेको दिनमा ब्राह्मण पुजारीले नै उनीहरुको विवाह संस्कारलाई सम्पन्न गर्दछन् । यसले के देखाउछ भने उनीहरु बिस्तारै पहाडीकरण र पहाडी संस्कृतिकरणतिर अग्रसर हुँदै गइरहेका छन् ।



**चित्र नं. ४.४ : थारुहरुको विवाहप्रथा**

सांस्कृतिक वस्तुहरुमा सौराहमा पहिले नै आधुनिक वस्तुहरुले ठाउँ लिइसकेका छन् । पहिलेका दिनमा प्रयोग हुने  स्थानिय वस्तुहरु तथा जङ्गलका काठबाट निर्मित हंगा, पाला, तवेदा, धरिया, कोइन, झारा, गोनरी, खितिरा, खेनहरी, हाँडी, घैला, ढकना, गेलवारी, छिपना, धारा, छाछरा, वरही, पन्गो, दुहुरी, दिवारी, तर्कनी, झोकी, ढकीया, इडिया, कन्ती, भङ्गा, छल्नी, खुर्पा, खुर्पी, छटीया, मचैया, कथैया, पन्तोपनि (बास्केट),

टोकरी, ठेकी, पटुवा, खाडी, पिटना, बसीला, खरहर, दली, विन्दा, ओथरा, वगनी, भाला, जाल, खराउ, भोरा, पेरुङ्गो, धार्नी, खन्ती, सिलौटा, टोपी, टुकी आदि जस्ता वस्तुहरु आजभोली लोप हुदैं गएर त्यस्ता वस्तुहरुको ठाउँमा आधुनिक वस्तुहरु रहेको पाइन्छ ।


## ४.२.३. पेशा

थारु समाजमा घरको सदस्यबीच व्यक्तिवादी भावनाको विकास भएको पाइन्छ । पहिले घरको हरेक सदस्यको आवश्यकता पुरा गर्न पैसा खर्च गरिने गरिन्थ्यो तर अहिले आएर घरको छोरी वा बुहारीले काम गरेर पैसा कमाएभने आफैं राख्दछन् । चाडपर्वहरु पनि अब सानो क्षेत्रमा समेटिदै गइरहेको देखिन्छ । उनीहरु अधिकताका साथ आधुनिक जीवनशैलीबाट प्रभावित भएका छन् । वैलगाडी उनीहरुको प्रमुख यातायातको साधनको ठाउँमा अहिले मानिसले साइकल र मोटर साइकल लिएर गाँउमा घुम्छन् । होटलका मालिकहरुले जिप हाक्छन् र आउँदा जाँदा थारुहरु र अरु मानिसहरुलाई पनि लिफ्ट दिने गर्दछन् । गाडा भन्दा जिप निकै सुविधाजनक भएकाले उनीहरु शहरीकरणको प्रकृयातिर अग्रसर हुँदै गएको देखिन्छ ।

थारुहरुको लाठीनाच जुन सामन्यतया साझँको समयमा छुट्टाछुट्टै लज वा सांस्कृतिक घरमा प्रस्तुत गरिन्छ र यो नाच सौराहमा मात्र नभएर राष्ट्रिय निकुञ्जभित्र रहेका अन्य रिसोर्टहरुमा पनि प्रख्यात छ । यो कार्यक्रममा थारुहरुले चार पाँच प्रकारका कार्यक्रम देखाउँछन् । उनीहरु आफ्ना वाद्यवादन र लुगा लिई होटलमा आएर त्यहाँ लुगा फेरी तयारी गर्छन् र आफ्नो कार्यक्रम पर्यटकका सामु प्रस्तुत गर्छन् । यस्ता सास्कृतिक घरहरुमा नेपालका विभिन्न जनजातिका नाचका प्रकार देखाइनाले स्थानिय संस्कृतिको संरक्षण हुनुको साथै स्थानिय मानिसहरुले आफ्नो संस्कृति पाहुनालाई बेच्ने मौका पाउँदछन् र यो पर्यटनको सकारात्मक पक्ष बन्न सक्दछ । कुनै ठाउँमा पनि यदि पर्यटकहरुलाई सो स्थानको बारेमा स्थलगत जानकारी दिइएन भने उनीहरु त्यहाँको वस्तुस्थितिबाट अनभिज्ञ हुन्छन् । सौराहमा पनि थारुहरु र उनीहरुको संस्कृतिको महत्व सम्झाउने अनुभवी पथप्रदर्शक (गाइड) को कमीले गर्दा पर्यटकहरु रमाइलो मनोरंजन गर्न नाचमा भाग त लिन्छन् , तर उनीहरु त्यस संस्कृतिप्रति अनभिज्ञ रहन्छन् । अहिले थारुहरु आफ्नो परम्परागत गीत गाउनभन्दा हिन्दी र नेपाली चलचित्रका गीत गाउन मन पराउँछन् । अलीअली मात्र सम्झाउन जान्न सक्ने मानिसले पर्यटकहरुलाई झन् भ्रम पारिदिइरहेका हुन्छन् जसले गर्दा पर्यटकहरु वास्तविक कुरा बुझ्दैनन् र त्यो कार्यक्रम प्रति हाँस्छन् । त्यहाँका पथप्रदर्शक (गाइड) लाई प्रकृतिको मात्र ज्ञान हुने तालिम नदिएर त्यहाँको संस्कृतिको बारेमा पनि ज्ञान र तालिम दिनु पर्दछ भन्ने कुरा यसबाट स्पष्ट हुन्छ ।

## ४.३ अध्ययनबाट प्राप्त आकँडाहरुको तथ्याङ्कगत प्रस्तुति

### क. बछौली गा.वि.स.र सो अन्तर्गत पर्ने गाउँहरुको नक्सा




**चित्र नं. ४.५ : राष्ट्रिय निकुञ्जसँगै रहेको बछौली गा.वि.स.र सो अन्तर्गत पर्ने गाउँहरु**


बछौली गा.वि.स. अर्न्तगत सौराह, ओद्रा, बद्रेनी, मालपुर, सिसवार, पढरिया, मैना, दोरङ्गी, वछौली, जनकौली, भ्वानी र तरौली जस्ता गाउँहरु रहेका छन् ।

चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र मृगकुञ्ज उपभोक्ता समितिको कार्यलय बाट  उपलब्ध गराइएको चितवन जिल्ला विकास समितिको तथ्याङ्क अनुसार बछौली गा.वि.स. मा  कुल जनसंख्या १०४४३ रहेको छ जसमा  थारु सम्प्रदायको जनसंख्या ५०१६ छ ।[२९] अन्य जातिहरुमा ब्राह्मण, क्षेत्री, नेवार, कामी, गुरुङ, मगर, तामाङ ,बोटे, दमाई, दराई, दनुवार, धोबी, सन्यासी, सोनार, यादब, धानुक, माझी, ठाकुर, मुस्लिम, कायस्थ आदि यस गाउँमा बसोबास गर्दछन् ।

---

[२९]. चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र मृगकुञ्ज उपभोक्ता समिति

### ख. विभिन्न जात - जातिहरुको वितरण





कुल जनसंख्या : १०४४३

**चित्र नं. ४.६ : बछौली गा.वि.स.को विभिन्न जातिहरुको वितरणको सरलदण्डाचित्र**

माथि देखाइएको चित्र नं. ४.६ बाट बछौली गा.वि.स.को कुल जनसंख्या १०४४३ मा थारुहरुको संख्यामा बाहुल्यता देखिन्छ तर त्यहाँ बाहिरबाट बसाईसरी आएका अन्य जातिहरु पनि धेरै नै रहेका छन् । त्यसमा पनि पहाडी ब्राह्मणहरुको संख्या धेरै छ ।

### ग. विभिन्न जात - जातिहरुको प्रतिशत वितरण





**चित्र नं. ४.७ : बछौली गा. वि. स. को विभिन्न जातिहरुको वितरणको वृताकार चित्र (Pie chart)**

माथिको वृताकार चित्रबाट बछौली गा. वि. स. मा थारुहरु ४८ % र पहाडी ब्राह्मणहरु २३% रहेको देखिन्छ ।[३०] अन्य जातिहरु पनि यस गा.वि. स. मा बासोवास गर्दछन् तर बाहुल्यतामा भने थारुहरुको नै छ । आदिवासी थारुहरुको बासस्थान रहेको यो क्षेत्रमा बाहिरबाट बसाईसरी आउने अरु जातिहरु पनि थुप्रै रहेका रहेछन् ।

३०. चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र मृगकुञ्ज उपभोक्ता समिति

**घ. विभिन्न भाषाहरुको  वितरण**




**चित्र नं. ४.८ : बछौली गा.वि.समा मातृभाषाको रुपमा  बोल्ने विभिन्न भाषाहरुको  वितरणको सरलदण्डा चित्र**

बछौली गा.वि.स. मा बोलिने विभिन्न मातृभाषाहरु मध्येमा थारुभाषा सबैभन्दा (४७४०), र त्यसपछि  नेपालीभाषा (४३१९) पर्दछन् । अन्य भाषाहरुमा तामाङ,दराई , नेवार , वोटे,  गुरुङ , मैथली,  मगर  आदि पर्दछन् । यसको विस्तृत वितरण माथिको सरल दण्डाचित्र (simple bar diagram) द्वारा देखाइएको छ । आदिवासी थारुहरुको बाहुल्यता रहेको बछौली गा.वि.स. मा थारुहरुको जनसंख्या ५०१६ (४८%) रहेको छ तर थारु मातृभाषा बोल्नेहरुको संख्या ४७४० (४५.४ %) रहेको छ त्यसमा २७६ जना थारुहरुले आफ्नो भाषा नबोलेर अन्य भाषा बोल्ने गर्दछन् भन्ने देखिन्छ । त्यसैगरी नेपाली भाषा बोल्नेहरुको संख्या ४३१९ रहेको छ यसबाट अन्य जातिहरु पनि आफ्नो भाषा धेरै नबोलेर नेपाली भाषा नै बोल्दा रहेछन् भन्ने थाहा हुन्छ ।[३१]

---

[३१]. चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र मृगकुञ्ज उपभोक्ता समिति


**तालिका न. ४.१**


सौराह क्षेत्र अवस्थित बछौली गा.वि.स.को विभिन्न वर्ष समूहको जनसंख्या वितरण

| उमेर समूह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| ० – ४ वर्ष | ५६६ | ५३९ | ११०५ |
| ५ – ९ वर्ष | ६९१ | ६७५ | १३६६ |
| १० – १४ वर्ष | ६९३ | ६७२ | १३६५ |
| १५ – १९ वर्ष | ५९० | ६०४ | ११९४ |
| २० – २४ वर्ष | ५३३ | ६१८ | ११५१ |
| २५ – २९ वर्ष | ४४९ | ४७० | ९१९ |
| ३० – ३४ वर्ष | ३७२ | ३६२ | ७३४ |
| ३५ – ३९ वर्ष | ३१८ | २७३ | ५९१ |
| ४० – ४४ वर्ष | २४८ | २१९ | ४६७ |
| ४५ – ४९ वर्ष | १९७ | १९३ | ३९० |
| ५० – ५४ वर्ष | १५५ | १३६ | २९१ |
| ५५ – ५९ वर्ष | १२८ | १०८ | २३६ |
| ६० – ६४ वर्ष | १२३ | ९७ | २२० |
| ६५ – ६९ वर्ष | ७५ | ९१ | १६६ |
| ७० – ७४ वर्ष | ६८ | ५८ | १२६ |
| ७५ र त्यस भन्दा माथि | ७२ | ५० | १२२ |
| **जम्मा** | **५२७८** | **५१६५** | **१०४४३** |

स्रोत : चितवन जिल्ला विकास समिति

**ङ. पुरुष र महिलाको संख्यात्मक र प्रतिशत वितरण**





**चित्र नं. ४.९ : सौराह क्षेत्र अवस्थित बछौली गा.वि.स.को पुरुष र महिलाको संख्या वितरणको सरलदण्डाचित्र र प्रतिशत वितरणको वृताकार चित्र**

माथिको चित्र नं. ४.९ को सरलदण्डा चित्र र वृताकार चित्रबाट पुरुष र महिलाको संख्या लगभग बराबर देखिन्छ । यसबाट के प्रष्ट हुन्छ भने यस क्षेत्रका सम्पूर्ण पक्षको संरक्षण र विकासको लागि महिलाहरुको जागरुकतमा र सहभागिताको उत्तिकै महत्व छ ।


**च. विभिन्न वर्ष समूह र लिङ्गको आधारमा जनसंख्या वितरण**




**चित्र नं. ४.१० : सौराह क्षेत्र अवस्थित बछौली गा.वि.स.को विभिन्न वर्ष समूहका जनसंख्या वितरणको समूहदण्डाचित्र**

तालिका न. ४.१ को आकँडाबाट बनाइएको चित्र नं. ४.१० को समूहदण्डा चित्रबाट ५–१४ वर्ष समूहका पुरुष र माहिलाहरुको संख्या धेरै देखिन्छ । १५–२९ वर्ष बीचका  महिला र पुरुषहरुमा महिलाहरुको संख्या केही मात्रामा बढी पाइएको छ । अन्य सबै वर्षसमूहका महिला र पुरुषहरुको संख्यामा पुरुषहरुको संख्या नै बढी रहेको छ । ६०–७५ र त्यसभन्दा माथिको जनसंख्या थोरै रहेको देखिन्छ ।


### छ . विभिन्न वर्ष समूहको जनसंख्याको प्रतिशत वितरण




**चित्र नं.४.११ : सौराह क्षेत्र अवस्थित बछौली गा.वि.स.को जनसंख्याको उमेर समूह वितरणको वृताकारचित्र**


चित्र नं. ४.११ मा रहेको वृताकार चित्रमा प्रष्ट रुपमा हरेक वर्ष समूहको प्रतिशत देखाइएको छ । जसबाट ५–१४ वर्ष समूहका मानिसहरुको प्रतिशत संख्या सबैभन्दा धेरै, १५–२४ वर्ष समूहका मानिसहरुको प्रतिशत संख्या केही कम,२५–३९ वर्ष समूहका मानिसहरुको प्रतिशत संख्या अझ कम र ४०–७५ र त्यसभन्दा माथिको वर्षसमूहको प्रतिशत संख्या निकै कम मात्रामा रहेको छ । ५ वर्षदेखि २४ वर्ष सम्मका मानिसहरुको संख्या लगभग ५० प्रतिशत भएको र सांस्कृतिक लगायत अन्य क्षेत्रमा यिनीहरुको प्रमुख भूमिका हुने भएकोले यिनीहरुलाई आफ्नो संस्कृतिको संरक्षण र संबर्द्धनको साथै अन्य पक्षमा सचेत र अग्रसर बनाउनु प्रभावकारी देखिन्छ ।यदि यो समूहलाई सकारात्मक पक्षतर्फ समेट्न सकिएन भने यिनीहरुको भूमिका सांस्कृतिक, आर्थिक र सामाजिक सबै पक्षमा नकारात्मक हुनसक्ने तर्फ पनि संबन्धित पक्षको ध्यानाकर्षण हुनु पर्दछ ।

ज. १० वर्ष भन्दा माथिको आर्थिक गतिविधि




**चित्र न. ४.१२ : बछौली गा.वि.स.मा १० वर्ष भन्दा माथिको आर्थिक गतिविधिको समूहदण्डाचित्र**


झ. १० वर्ष भन्दा माथिका आर्थिक गतिविधिको प्रतिशत वितरण




**चित्र नं. ४.१३ : बछौली गा.वि.स.मा १० वर्ष भन्दा माथिको आर्थिक गतिविधिको वृताकारचित्र**


बछौली गा.वि.स.मा १० वर्ष भन्दा माथिको आर्थिक गतिविधिमा माथिको चित्र नं. ४.१२ को समूहदण्डचित्र बाट पुरुष र महिलाको आर्थिक रुपमा सक्रिय र निस्क्रियताको मापदण्ड देख्न सकिन्छ । पुरुषहरुको सक्रियता महिलाहरुको दाँजोमा धेरै रहेको छ । पुरुषहरुको सक्रियता उनीहरुको निस्क्रियता भन्दा धेरै छ । महिलाहरु पनि पुरुष सरह निकै मात्रामा सक्रिय रहेका रहेछन् भन्ने कुरा देखिन्छ । त्यसैगरी चित्र नं. ४.१३ को वृताकार चित्रबाट महिलाहरु भन्दा पुरुषहरु आर्थिक रुपमा केही बढी सक्रिय भएको देखिन्छ । समग्रमा हेर्दा ७३.५% आर्थिक रुपमा सक्रिय देखिन्छन् भने २६.५% निस्क्रिय देखिन्छन् जसलाई सन्तोषजनक नै मान्नु पर्दछ । आर्थिक क्षेत्रको विकासको लागि सक्रियता प्रतिशत अझ बढाउने खालका गतिविधि र कार्यक्रमहरु ल्याइनु पर्ने देखिन्छ ।

### ञ. ६ वर्ष र सो भन्दा माथिको साक्षरताको झलक




**चित्र नं. ४.१४ : बछौली गा.वि.स.मा ६ वर्ष र सोभन्दा माथिको साक्षरताका समूहदण्डाचित्र**


### ट. साक्षरताको प्रतिशत वितरण




**चित्र नं. ४.१५ : बछौली गा.वि.स. को ६ वर्ष र सोभन्दा माथिको साक्षरताको वृताकारचित्र**

माथिको चित्र नं. ४.१४ मा देखाइएको समूहदण्डाचित्र र चित्र नं. ४.१५ को वृताकारचित्र बाट बछौली गा.वि. स. मा पुरुषहरु र महिलाहरुको साक्षरताको अवस्था हेर्न सकिन्छ। पढ्न र लेख्न दुवै नजान्ने पुरुषहरु २४% छन् भने महिलाहरु ४०% छन् र समग्रमा ३१.६ % पूर्ण रुपमा असाक्षर छन् । जनसंख्याको लगभग आधा हिस्सा ओगटेका महिलाहरुको साक्षरतामा बृद्धि गरी पुरुषहरुको हाराहारीमा पुचाउनु पर्ने देखिन्छ , जसले गर्दा आर्थिक , सांस्कृतिक र अन्य क्षेत्रहरुमा महिलाहरुको सहभागिता र योगदान बढी समग्र विकासमा टेवा पुग्न सक्दछ । त्यस्तै चित्र नं. ४.१५ को वृताकारचित्र बाट पढ्न लेख्न दवै जान्ने पुरुषको प्रतिशत (६९ %) महिलाको प्रतिशत (५४ %) भन्दा निकै बढी भएको पाउन सकिन्छ। समग्रमा पूर्ण रुपमा साक्षर ( पढ्न र लेख्न दुवै जान्ने) ६१.८ % छन् भने केही मानिसहरु पढ्न मात्र जान्ने छन् जसलाई पढ्न र लेख्न दुवै जान्ने बनाउन संबन्धित निकायले भूमिका खेल्नु पर्ने देखिन्छ ।

## ४.४ पर्यटनबाट प्रभावित गाउँहरु र असरहरु




**चित्र नं.४.१६ : चितवन राष्ट्रिय निकुञ्जको बछौली गा.वि.स. मा पर्यटनबाट प्रभावित गाउँहरु**

माथिको गोलो घेरामा देखाइएका नम्बरहरु राष्ट्रिय निकुञ्जबाट कुन गाउँ बढी प्रभावित भएको छ भन्ने कुराको जानकारी दिन लेखिएको हो । सोको विवरण तल देखाइएको छ ।

- १ – सबैभन्दा बढी प्रभावित गाउँ सौराह ( वडा नं. २ मा पर्दछ )।
- २ – दोस्रो प्रभावित गाउँ ओद्रा ( वडा नं. २ मा पर्दछ )।
- ३ – तेस्रो प्रभावित गाउँ बद्रेनी (वडा नं. १), मालपुर, शिशवार ( वडा नं. ३ मा पर्दछन् )।
- ४ – चौथौँ प्रभावित गाउँ बछौली ( वडा नं. ६ मा पर्दछ )।
- ५ – पाँचौ प्रभावित गाउँ जनकौली ( वडा नं. ७ मा पर्दछ )।

## ४.५ सौराह क्षेत्रमा पर्यटनका असरहरु

शेधको यस खण्डमा सौराह क्षेत्रमा पर्यटनले पारेका विविध असरहरुको चर्चा गरिने छ । सौराह बछौली गा.वि.स. भित्रको एउटा गाउँ हो । यसमा थारुहरुको बसोवास तथा जंगली जीवजन्तु अधिक पाइने हुनाले यो क्षेत्रमा पर्यटनको बढी विकास भएको छ । गा.वी.स.अन्य वस्तीहरुमा यस्तो प्रभाव फरक फरक देख्न सकिन्छ ।

चितवन राष्ट्रिय निकुञ्जको साथमा रहेको बछौली गा.वि.स. मा स्थित वडा नं. २ मा पर्ने सौराह गाउँ पर्यटनबाट धेरै प्रभावित भएको छ । सौराह एक व्यवसायिक क्षेत्र हो । यहाँ राष्ट्रिय निकुञ्ज, होटल व्यवसाय देखि लिएर सांस्कृतिक कार्यक्रम देखाउने ठाउँ रहेको छ । सौराह गाउँमा धेरै चौधरी (थारु) हरुको बसोवास रहेको छ भने व्यवसायको लागि बसेका अरु जातिहरु पनि छन् ।  वडा नं. २ मा पर्ने ओद्रा गाउँ दोस्रो प्रभावित क्षेत्रको रुपमा रहेको छ । यहाँ पनि थारुहरुको नै वाहुल्यता छ । वडा नं. ३ मा पर्ने मालपुर, शिशवार र वडा नं. १ को बद्रेनी तेस्रो प्रभावित क्षेत्रमा पर्दछन् । यहाँ बाघमारा सामूदायिक वन रहेको छ भने धेरै थारुहरुको नै बसोवास भएको पाइन्छ । बद्रेनीमा हात्तीहरुको अभिजनन (उत्पादन) केन्द्र रहेको छ । यहाँ हात्तीहरुको लागि खाना बनाउने तरिका र हात्तीहरुले खाना खाने तरिका प्रस्ट रुपमा देख्न सकिन्छ ।  वडा नं. ६ मा बछौली गाउँ पर्दछ र यो चौथो पर्यटनबाट प्रभावित क्षेत्र हो । यहाँ थारु संग्राहलय रहेको छ । वडा नं. ७ मा जनकौली गाउँ पर्दछ  र यो पर्यटनबाट प्रभावित पाँचौ क्षेत्र हो । यहाँ हेर्न र घुम्नको लागि सामूदायिक वन  रहेको छ । सौराह आउने बाटो वडा नं. ५ दोरङ्गी गाउँमा  पर्दछ । वडा नं. ८ मा भ्वानी गाउँ पर्दछ र यहाँ पुस्तकालय रहेको भएतापनि पर्यटकहरु कम आउने कुरा शोध अनुसन्धानको क्रममा थाहा हुन आएको छ । वडा नं. ४ मा अवस्थित मैना, पढरीया गाउँ र वडा नं. ९ मा रहेको तरौली गाउँमा पर्यटनको प्रभाव नगण्य रुपमा रहेको पाइएको छ । (चित्र नं.४.१६)

यसबाट बढी प्रभावित क्षेत्रको रुपमा सौराह र ओद्रा वस्ती रहेको देखिन्छ । यहाँ थारुहरुको बसोवास बढी रहेकोले प्रभाव पनि उनीहरुमा नै बढी परेको पाइन्छ । बसाई सरी आएका ब्राह्मण, क्षेत्री तथा अन्य थुप्रै जातिहरु पनि यहाँ बसोवास गर्दछन्। ब्राह्मण, क्षेत्री, नेवार आदिले सौराहमा होटल व्यवसाय गरेर बसेका छन् । उनीहरुमा पर्यटकहरुको लवाइखवाइको असर, उनीहरुको चाड मनाउने जस्ता कुराहरुमा प्रभाव परेको छ । स्थानिय आदिवासी थारु जातिमा पर्यटकहरुको साथसाथै बसाई सरी आएका अरु जातिहरुको प्रभाव मिश्रित रुपमा परेको छ । उनीहरु आफ्नो मौलिक पोशाक, कलाकृतिलाई पछि छोडेर आधुनिकताप्रति तिब्र गतिले अग्रसर भएका छन् । विभिन्न ठाउँबाट विभिन्न व्यवसायको लागि आएका मानिसहरुमा आफ्ना संस्कृतिको बचावट नहुदाँ पनि खासै फरक नपर्ने हुन्छ किनकि तिनीहरुको संस्कृति आफ्ना पुर्ख्यौली गाउँ बस्तीहरुमा संरक्षित भैराखेकै हुन्छ । तर थारुहरुको भने यही नै पुर्ख्यौली वस्ती हुनुले यिनीहरुले आफ्नो संस्कृतिको जगेर्णा नगर्नु भनेको थारु संस्कृतिको लागि नै संकटको बिषय बन्दछ । त्यसैले अरु अल्पसंख्यक बसाई सरेर आएका र

व्यपारव्यवसायको लागि आएका समुदायको भन्दा सांस्कृतिक दृष्टिकोणमा आदिवासी र बहुसंख्यक थारु सम्प्रदायलाई बढी महत्वको रुपमा हेरिनु पर्ने देखिन्छ ।

चितवन राष्ट्रिय निकुञ्जको साथमा रहेको बछौली गा.वि.स. स्थित सौराह क्षेत्रको अध्ययनको क्रममा गरिएको स्थलगत भ्रमण, सोधिएको प्रश्नहरु, लिइएको अर्न्तवार्ताद्वारा पर्यटनबाट यस क्षेत्रमा परेका विभिन्न असरहरुबारे थाहा हुन आएको छ, जसलाई निम्न अनुसार बुदाँगत रुपमा वर्णन गरिएको छ ।

## ४.५.१ आर्थिक क्षेत्र

आर्थिक रुपमा हेर्दा यहाँ भएको राष्ट्रिय निकुञ्जले गर्दा पर्यटकहरुको आगमन हुने भएबाट राष्ट्रलाई आर्थिक आर्जन भई राजश्व वृद्धिमा टेवा पुगेको छ । यसको साथमा यस क्षेत्रमा पर्यटकहरुलाई मनोरंजन दिने अन्य कार्यक्रमबाट पनि आर्थिक आय भई जीवनस्तरमा सुधार भएको पाइन्छ । तर देशको स्थितिका कारण विगत दश वर्ष अघि पर्यटकहरु जति मात्रामा नेपाल आउने गर्दथे र सौराहमा पर्यटन गर्दथे त्यो अति न्यून हुन पुगेको छ । सौराहमा राष्ट्रिय निकुञ्जमा त्यहाँ रहेका जनावर चराचुरुङ्गीको मनोरंजनात्मक दृष्यावलोकन साथ ग्रामीण पर्यटन पनि राम्रो हुन्छ । अहिले आएर देशकोस्थिती तथा निकुञ्जमा पर्यटकहरुलाई आकर्षण गर्ने गैडाहरुको कमि, हात्तीहरु पनि एकैपल्ट २०–२५ वटा जंगलभित्र पसाउने गरेकोले अरु जंगली जनावर कम नै देखिने गरिन्छ । पर्यटकहरु सौराहमा पर्यटन गर्दा जति लामो समयसम्म उनीहरुको बसाँई अवधि हुने गर्दथ्यो त्यसमा अहिले आएर कमि भई केबल २/३ दिन मात्र बस्ने र बस्न डराउने गरेको पाइन्छ । एकातिर होटल व्यवसाय, होटलमा खाना पकाउने, वेटरको काम गर्ने, सांस्कृतिक कार्यक्रम देखाउने, हात्ती चढाउने व्यवसाय तथा स्थानिय तरकारीको खपतले सौराहवासीले आफ्नो आर्थिक स्थिति सुधारेको पाइन्छ भने अर्कोतिर होटलहरु नयाँनयाँ बनाउने र जसको दर्ता गर्नमा समस्या उत्पन्न भएको स्थिति छ । होटलहरु पनि ३५/४० वटामा जम्मा १०/१५ वटा मात्र राम्रोसँग चलेका छन् । पर्यटकहरुको कमिले गर्दा होटलहरुमा भएकै कामदारहरुलाई रोजगार दिन नसकि कामदारहरु पालो पालो गरी होटलमा (महिना महिनामा) काम गर्दै आएका छन् । यसबाट नयाँ होटलहरु बनाएर थुपार्नु भन्दा भएकै होटलहरुको सुधार गरी व्यवसायिक रुपले पर्यटकहरुलाई बढी भन्दा बढी सुबिधा उपलब्ध पुचाउने तर्फ ध्यान दिनु आवश्यक देखिन्छ ।

सौराहमा पुग्नलाई सर्बसाधारण तथा पर्यटकहरुलाई दिउँसो टाँडीबाट रिक्सा, जिप, टाँगा आदि सवारी साधनहरु पाइन्छ तर रात पर्ने क्रमको साथसाथै सौराहबाट टाँडी आउन पनि समस्या देखिन्छ । पर्यटकहरुलाई होटल र रिर्सोट का सवारी साधन उपलब्ध छ भने सर्बसाधारणलाई त्यहाँ कुनैपनि सवारी साधन पाउन निकै गाह्रो छ । पर्यटन विकासलाई विस्तार गर्न सौराह क्षेत्रको बाटोघाटोलाई पनि ध्यान दिनु जरुरी छ । यहाँको बाटाहरु ग्राबेल गरिएका छन् र गाडी हिड्दा धुलो उड्ने गर्दछ । विदेशको स्वच्छ वातावरणमा बसेका पर्यटकहरुलाई आफू घुमफिर गर्ने ठाउँहरु पनि

स्वच्छ भएको रुचाउँछन् । त्यसैले यहाँका जिप, गाडी चल्ने बाटोहरु कालोपत्रगरी धुलो मैलो रहित बनाउनु पर्दछ । आगन्तुकहरुको सुबिधाको लागि यहाँका महत्वपूर्ण कार्यलयहरु र ठाउँहरु जस्तै पर्यटन सुचना केन्द्र, बैंक, लज, होटल, संग्राहलय, नाचघर जाने बाटोका चोकहरुमा सुचनाबोर्डहरु राखी तिनीहरुको दुरी, दिशा आदि प्रस्टसँग झल्किने खालका संकेत चिन्हहरु राख्नुको साथै त्यस्ता भवनका अगाडि आगन्तुकको आँखा पुग्नसक्ने खालको साइनबोर्डहरु राख्नुपर्ने देखिन्छ ।

### ४.५.२ शैक्षिक क्षेत्र

पर्यटनले गर्दा सौराहको शिक्षाको क्षेत्रमा हेर्दा केही सुधार भएको पाइन्छ । केटाकेटीहरु स्कुल जाने र केही पथप्रदर्शक राम्रो अंग्रेजी बोल्ने गर्दछन् भने कतिले टुटेफुटेको अंग्रेजी बोल्ने गरेको पाइन्छ । राम्रोसँग अंग्रेजी बोल्न नजान्ने पथप्रदर्शकले पर्यटकहरु लाई घुमाउन लैजादाँ गैडाले वाँसघारी खाएको देख्यो भने **“This rhino is grass gram gram”** भन्ने गरेका जस्ता घटनाहरु पनि भएका स्थानियबासीहरु सुनाउछन् । कसैलाई टेलिफोन नंबर भन्न आउने तर लेख्न नआउने, कसैले देखाउन हिच्किचाउने, कसैले टेलिफोन नंबर हातमा लेखिदिने आदि जस्ता समस्या नदेखिएका पनि हैनन् । यहाँ पर्यटकलाई सही जानकारी दिन र बुझाउन सक्ने खालको दक्ष र शिक्षित पथप्रदर्शक र अन्य जनशक्तिको आवश्यकता टड्कारो रुपमा खड्किएको महसुस हुन्छ ।

थारुहरु पर्यटकहरुसँग र अरु बाहिरबाट आएकाहरुसित बोल्न लजाउने र हिच्किचाउने गर्दछन् । आफुहरुले बोल्दा केही गल्ती भैहाल्छ कि भन्ने उनीहरुको सोच रहेको छ । यस क्षेत्रको अध्ययनबाट प्राप्त आँकडा अनुसार सौराहमा धेरै थारु महिलाले एस.एल.सी. पास गरेका छन् , तर विवाह पछि घरको अवस्थाका कारण आफ्नो पढाइ छोडेर घरगृहस्थिको काममा व्यस्त भएका छन् । थारुहरुमा पढाइको कमिले गर्दा बढी खेतीकिसानी गर्ने र कार्यालय सम्बन्धि काममा कम सहभागिता रहेको पाइएको छ । सौराहमा रहेको श्री वछौली नारी चेतना वचत तथा ऋण सहकारी संस्था लिमिटेड (स्था.२०५५–५६) ले द्वन्द्व, कानुन सम्बन्धी १५ दिने तालिम दिएको तर सिकेर पनि केही उपलब्धी नभएको कुरा त्यहाँ कार्यरत सदस्य भागीरथी घिमीरेले बताउनु भएको छ ।

### ४.५.३ सामाजिक तथा सांस्कृतिक क्षेत्र

सौराहमा अरु जाति भन्दा थारुहरुको वाहुल्यता रहेको छ । पर्यटकहरुलाई मनोरंजन दिने कुरामा सांस्कृतिक कार्यक्रम प्रमुख रुपमा पर्दछ । यस क्षेत्रमा थारुहरुको सांस्कृतिक कार्यक्रमले अरुहरुको सांस्कृतिक कार्यक्रम भन्दा बढी महत्व राख्नु स्वभाविक नै हो । उनीहरुले पर्यटकहरुलाई आफ्नो लाठीनाच, मयूरनाच आदि जस्ता अन्य कार्यक्रम देखाई मनोरंजन गराउछन् । थारुहरुको

लाठीनाच भन्दा पहिले भ्कम्टा नाच देखाइन्थ्यो र लाठीनाच पछि मात्र आएको कुरा शोधको अनुसन्धानको क्रममा स्थानिय जानकारीबाट थाहा हुन  आएको छ । थारु संस्कृति साथै अरु थुप्रै संस्कृति बारे जानकारी दिन लोकगायक मिलन लामाले राष्ट्रिय निकुञ्ज नजिकै चौतारी कार्यक्रम चलाएका थिए, तर दुर्घटनावश सो स्थानलाई बाढीले बगाएपछि सो कार्यक्रम बन्द भएको र अब त्यहाँ त्यस्ता कार्यक्रम देखाउने अन्य कुनैपनि स्थान नरहेको कुरा बुझिन्छ । पर्यटकले थारुहरुको स्थानिय हस्तकलाका वस्तुहरु खरिद गर्ने, यिनीहरुको संस्कृति रुचाउने तथा केही गरिब थारुहरुलाई आर्थिक सहयोग गर्ने जस्ता सकारात्मक पक्ष देखिन्छ भने त्यहाँका केही स्थानिय व्यक्तिहरुले पर्यटकहरुलाई खुशी तुल्याई त्यसबाट नाजायज फाइदा समेत उठाउने जस्ता नकारात्मक पक्ष पनि देखिन्छ । पर्यटकको पैसा दिने वानीले ९/१० बर्षको बच्चामा अझ धेरै असर परेर उनीहरुको वानी बिग्रेको जस्ता नकारात्मक असर पनि देखा पर्न गएको छ । आफ्नो समाज, संस्कार र संस्कृतिमा विश्वास गर्नेहरु आर्थिक आर्जनको बाध्यताका कारण त्यहाँ बस्नु परेको नत्र बालबच्चाको चरित्र विकासका लागि यो ठाउँ उपयुक्त नभएको बिचार व्यक्त गर्दछन् ।

शोधको क्रममा लिइएको अर्न्तवार्तामा ५–१२ वर्षका केटाकेटीका अनुसार आन्तरिक र बाह्य दुवै पर्यटकहरुले उनीहरुलाई पहिले पछि लाग्दा पैसा दिन्थे र अहिले नदिने तर विद्यालयमा आएर पेन्सील, कापीहरु बाँड्ने गर्दछन् । पर्यटकहरुले उनीहरुलाई रक्सी, चुरोट खान नसिकाउने तर आफूहरु छोटो कपडा लगाउने र रक्सी खाएर झगडा, हल्ला गर्ने गर्दछन् जुन उनीहरुलाई मन पर्दैन । पर्यटकहरुको अगाडि थारु भाषा बोल्न, थारु पोशाक लगाउन लाज लाग्ने, पोशाक लगाउँदा बुढो जस्तो देखिने धारणा, थारु गाना थोत्रो थोत्रो लाग्ने बताउँछन् । त्यस्तै १६–२३ वर्षका केटाकेटीका अनुसार पर्यटकहरुले एक दुई जनालाई पैसा दिनुभन्दा सामूहिक रुपमा मद्धत गर्नु पर्दछ । थारु भाषाको किताब स्पेशल कोर्षमा समावेश गरिनु पर्ने, प्रौढ शिक्षा थारु भाषामा संचालन गरिनु पर्ने भनेर भन्दछन् । ब्राह्मण, क्षेत्रीको दाँजोमा थारुहरुले नै ब्राह्मण, क्षेत्रीको संस्कृति ग्रहण गरेका छन् । दशैंतिहार जस्ता ब्राह्मण, क्षेत्रीले मनाउने चाडपर्व वास्तवमा थारुहरुको संस्कृतिमा छैन तर ब्राह्मण, क्षेत्रीको संस्कृतिको प्रभावमा आएर उनीहरु पनि यस्ता चाड मनाउने गरेका छन् । दशैंमा ठूलाले सानालाई आशिर्वाद दिनुपर्छ भन्नेकुरा हिन्दु धर्ममा भएकोले दशैंतिहार मनाउने गरेको तर आफ्नो खर्च भने बढेको उनीहरु बताउँछन् । दशैं तिहार जस्ता ब्राह्मण, क्षेत्रीको चाडपर्व मनाउँदा ब्राह्मण, क्षेत्रीसंग बढी घुलमिल हुन सकिने र सामाजिक स्तरमा पनि उनीहरुको हाराहारीमा पुग्नसकिने भएकोले यस्तो गरेको थारुहरुको बिचार छ । पर्यटकको प्रभावले विदेशीहरुले मनाउने क्रिसमस पर्व पनि यस क्षेत्रका मानिसले मनाउन थालेका छन् । एउटै परिवारमा पनि  कोही दशैं तिहार मनाउने, कसैले क्रिसमस मनाउने गर्दछन्, र त्यहाँ कुनै रोकटोक रहेको छैन । हाल जनजाति महासंघको निर्देशन अनुसार जनजातिहरु हिन्दु चाड-पर्वबाट विमुख हुने क्रम बढेको छ ।

थारुहरुको परम्परागत प्रकारका घरहरु सौराहमा बढी मुश्किलले देख्न सकिन्छ। थारुहरुको परम्परागत प्रकारका घरहरु भनेको खरबाट बनेको हो । अहिले घरहरु सबै आधुनिक तरिकाले बनाइएको हुँदा यस्ता परम्परागत घरहरु हेर्नको लागि थारुहरुको भित्री गाउँमा नै जानुपर्ने हुन्छ र त्यहाँ पनि धेरै कम मात्रामा मात्र यस्ता घरहरु देख्न सकिन्छ । निकुञ्जमा खर काट्न जाने समस्याले गर्दा खरको घरहरु कम देखिन्छ । तसर्थ उनीहरुको त्यस्ता परम्रागत घरहरुलाई सानोसानो कटेजको रुप दिई ठाउँठाउँमा बनाएर राख्न सकेमा पर्यटकहरुलाई आर्कषणको केन्द्र र परम्परागत शैलीको जर्गेणा पनि हुन सक्छ । अत्याधिक मात्रामा थारुहरुको बसोबास रहेका सौराह क्षेत्रमा पर्यटकहरुको आकर्षण बढाउन थारु खानालाई सरसफाई र महत्वका साथ प्रस्तुत गर्न सकेको खण्डमा राम्रो ग्रामीण पर्यटन फस्टाउने कुरामा दुइमत छैन । यसबाट पर्यटकहरुलाई यो एउटा नयाँ विशेष आकर्षक परिकार हुनुका साथसाथै यसबाट उनीहरुको संस्कृतिको जगेर्णा र आर्थिक लाभ हुनसक्छ, तर युवाहरु त्यसतर्फ सोच्नुभन्दा आफ्ना खाना र कलाकृतिहरु छोडेर पश्चिमी खाना, पहिरन तथा कलाकृतिहरु प्रति नै आकर्षक देखिन्छन् । युवापुस्ताहरु आफ्नो जात बताउन लाज मान्ने, आफ्ना सांस्कृतिक कार्यक्रममा चाख नदेखाउने, भाग नलिने, केही रोजगारको सिलसिलामा विदेश पलायन हुने, आधुनिकिकरणमा पर्यटकहरु तथा अन्य जस्तै हुने, र केही लागुपदार्थ सेवन गर्नेहरु पनि रहेका छन् । थारुहरु धेरैमा पैसा कमाउनमा नै बढी तल्लीन रहेका छन् । यसैको अर्को पक्षमा केही युवापुस्ताहरुमा आफ्ना संस्कृति जोगाउनु पर्दछ भन्ने चेतना आएको पाइन्छ । यसै सन्दर्भमा स्थानिय थारु सम्प्रदायका युवाहरु, हरियाली युवा क्लब, मध्यवर्ती क्षेत्रका स्थानिय उपभोक्ता समुहबाट गठित मृगकुञ्ज उपभोक्ता समिति, NIDS (Nepal Indigenous Development Society) नामक गैरसरकारी संस्था तथा महेन्द्र प्रकृति संरक्षण कोषको सक्रियतामा थारुसंग्राहलय स्थापना गरिएको छ ।[३२] लोप हुने अवस्थामा रहेका आफ्ना संस्कृतिलाई स्थानिय थारु समुदायका युवाहरुले संग्राहलयमा संग्रहित गरेका छन् । यस संग्राहलयमा चितवनका आदिवासी थारु सम्प्रदायका सांस्कृतिक चालचलन, भेषभूषा, गरगहना, खानपिन, संस्कार, प्रयोग गरिने घरेलु सामाग्रीहरु, बाद्यबादन आदिलाई संग्रह गरेर राखिएका छन् । चितवनका थारु सम्प्रदायका आदिवासी सांस्कृतिक चालचलन, भेषभूषा लोप हुँदै गएको कारण त्यसको संरक्षणहेतु यो संग्राहलय स्थापना गरिएको हो । सौराहमा क्षेत्रमा अत्याधिक मात्रामा आधुनिकताको प्रभाब परिसकेको छ । यस संग्राहलयमा आधुनिकताको क्रममा लुप्त हुन लागेको थारुहरुका सांस्कृतिक भेषभूषा, गरगहना, घरेल सामाग्री र थारु कलाकृतिहरु संग्रह गरिएको छ । शहरिकरणको प्रक्रियामा दिनानुदिन ढल्किदै गइरहेका नयाँ पुस्तालाई आफ्ना संस्कृतिबारे जानकारी दिन उक्त संग्राहलयले महत्वपूर्ण भमिका खेल्ने देखिन्छ । थारुहरुले आफ्ना संस्कारहरु पनि कति मात्रामा मनाउन छाडिसकेका छन् र आफ्ना वाद्यवादन समेत लुप्त हुने अवस्थामा रहेका छन् । यस्तो क्रममा संग्राहलयले आफू, आफ्ना नयाँ पिढि तथा घुम्न आउने, रमाइलो गर्ने र अध्ययन गर्नेहरुको लागि जानकारी दिन अहम् भूमिका खेलेको कुरा त्यहाँ काम गर्ने युवकहरु बताउँछन् । संग्राहलयमा दैनिक लगभग ३० जना र

---

[३२] .थारु संग्राहलयमा कार्यरत कर्मचारीहरुसँगको अन्तर्वार्ता र त्यहाँ राखिएको सूचनाबोर्ड

बिहान बेलुका बढी मात्रामा आउने गर्दछन् । थारु युवाहरुले आफ्ना चाडपर्व, चालचलन आदिमा चाख नदेखाएकोमा बुढाबुढीहरुले चित्त दुखाउँछन् । आधुनिकतालाई ग्रहण गर्दै युवाहरुले आफ्नो संस्कृतिलाई संग्राहलयमा संरक्षित गरेका छन् जसलाई अझ व्यवस्थित बनाउनमा सबै पक्षले जोड दिनुपर्दछ ।

## ४.६ विकासको क्रियाकलापमा प्रभाव

यस क्षेत्रका केही युवाहरुले युवा क्लब पनि खोलेका छन् । पर्यटकहरु दिनभर अरु काममा व्यस्त भएतापनि साँझमा उनीहरुलाई हरेक होटल रेष्टुरेण्टमा त्यहाँको स्थानिय सांस्कृतिक कार्यक्रम देखाइने गरिन्छ , जुन थारुहरुको संस्कृति हो । आफ्नो इतिहास र अभिलेखप्रति थारु बुढाबुढीहरु समेत अन्योलमा छन् , त्यसैले त्यससम्बन्धी खोजअनुसन्धान हुनुपर्दछ भन्ने उनीहरुको गुनासो रहेको छ । थारु भाषा बोल्न सजिलो तर लेख्नलाई गाह्रो भएको विचार थारु युवायुवतीहरुको छ । थारु संस्कृतिको जानकारी दिन र त्यसको विकासको लागि सिनर्जी एफ.एम.रेडियोबाट थारु साहित्य, गीत, कविता, अन्तर्वार्ता, मनोरंजनात्मक कार्यक्रम तथा अन्य जानकारी दिइन्छ भने कालिका एफ. एम., विजय एफ.एम र थारुभाषामा लेखिएको डोभर पत्रिका प्रसारित हुनेगर्दछ । यसबाट मात्र संस्कृतिको जगेर्णा हुने कुरामा पुग्दैन, यसको लागि यस्ता कार्यक्रम टेलिभिजनमा प्रस्तुत हुनुपर्दछ र अन्य पत्रपत्रिकामा पनि निस्कनुपर्दछ भन्ने उनीहरुको भनाई छ ।[३३]

चितवनका आदिवासी थारुले साठी वर्षपछि २०६३ साल जेठ महिनामा पहिलोपटक जागरी पर्व मनाएका छन् । बछौलीमा रहेका १०१ घर थारुले उक्त परम्परागत पर्व सामूहिक रुपमा मनाए । पाँच-पाँच वर्षमा मनाइने उक्त पर्व बढ्दो बाहिरी संस्कृतिको प्रभाव र आर्थिक अभावका कारण ६ दशकसम्म मनाइएको थिएन । नयाँ पुस्ताले पुरानो संस्कृतिको बेवस्ता गर्दा यतिका वर्षसम्म यो पर्व आयोजना हुन नसकेको, र आफू चौध वर्षको उमेर हुदाँ उक्त पर्व मनाइएको र 'त्यसपछि अहिले मनाइयो' भनेर बछौली-६ का ७४ वर्षीय सुखलाल चौधरीले बताएका छन् । जागरी पूजा समाजमा नराम्रो कुरा नहोस् , बोक्सी भागोस् भन्ने धारणाले गर्ने गरेको त्यहाँका स्थानीयवासिबाट थाहा भएको छ ।[३४]

## ४.७ उपसंहार

देशको महत्वपूर्ण उद्योगको रुपमा रहेको पर्यटन क्षेत्रमा सौराह क्षेत्रको योगदान उल्लेखनीय देखिन्छ । थारुहरुको वाहुल्यता रहेको यस क्षेत्रमा सांस्कृतिक पर्यटनको महत्वपूर्ण योगदान रहेको पाइन्छ । सांस्कृतिक रुपमा हेर्दा एकातिर कतिपय पक्षमा

---

[३३]. अन्तर्वार्ता

[३४].२०६३/३/१ को कान्तिपुर दैनिक तथा स्थानिय व्यक्तिहरुसँगको कुराकानी

सुधारहरु जस्तै : सभ्यतामा विकास, लवाइखुवाई, केही नयाँ कुरा सिक्ने आदि कुरामा सुधार भएको पाइन्छ । यति हुँदा हुँदै पनि सांस्कृतिक दृष्टिकोणबाट हेर्दा कतिपय नकारात्मक असर परेका पनि छन् ; जसको कारण आफूलाई सानो मान्ने मनोवृति र पर्यटक भनेको सबै कुरामा ठूलो दर्जाको हो भन्ने सोचाइले पनि भूमिका खेलेको पाइन्छ । थारुहरुको वाहुल्यता रहेको यस क्षेत्रमा थारु सम्प्रदायमा अन्य सम्प्रदायको समेत प्रभाव परेको पाइन्छ । उनीहरु आफ्ना संस्कृतिका कतिपय पक्षलाई खुलेर प्रस्तुत गर्न नसक्ने र त्यसैमा हिनता बोध गर्ने गरेको पनि पाइन्छ । समयको परिवर्तनलाई अंगिकार गर्दै आफ्ना मौलिक संस्कृति र सम्पदाको संरक्षणमा थारुहरु सचेत हुनुपर्ने आवश्यकता छ । थारुहरुको भेषभूषा, चाडपर्व, संस्कार, चालचलन सबैबाट उनीहरु हरेक पक्षमा धनी भएको देखिन्छ तर यो धनलाई उनीहरुले राम्ररी बुझ्न नसक्दा भने धनको समुचित र यथोचित उपभोग नभएको स्थिती देखिन्छ ।

सौराह क्षेत्र मूलतः थारुप्रधान क्षेत्र हो । तर विगत केही दशकदेखि यस क्षेत्रमा अन्य पहाडी मूलका जातिको पनि बसोवास रहेको छ । यो क्षेत्र वन्यजन्तु संरक्षण योजनाक्षेत्रभित्र परेकोले एक आकर्षक पर्यटकीय स्थल भएको छ । यसबाट थारु संस्कृतिमा नकारात्मक असर पर्ने महसूस गरी त्यसको झलक दिन र पर्यटकलाई समेत आकर्षित गर्न त्यहाँ एक संग्राहलय बनाइएको छ । यसले परम्परागत थारु संस्कृति, रहन-सहन, कला-कौशल झल्किने र मनोरंजन पनि दिने आशा रहेको छ ।

# अध्याय पाँच

## निष्कर्ष र सुझाब

प्रस्तुत शोधले के देखाएको छ भने थारुहरुको पुरानो वस्तीको रुपमा परिचित सौराहमा पहिलेको दाँजोमा अहिले धेरै परिवर्तन आइसकेको छ । यो परिवर्तन केबल पर्यटनको मात्र नभएर अहिलेको संचार माध्यम लगायतका विभिन्न कारण बाट पनि भएको छ । तर पर्यटन क्षेत्रले पारेको प्रभाव अरुभन्दा बढी उल्लेखनिय भएको पाइएको छ ।

सौराहमा पर्यटनले सामाजिक समस्या जस्तै जातिय भेद, रुढीवादी मान्यता, संस्कार र रितीरिवाजमा सुधार भई गतिशील समाजको रुपमा लैजान मद्धत गरेको छ । खासगरेर युवा पुस्ताहरु आफ्ना मूल्यमान्यतामा परिर्वतनको क्रममा छन् ।

सौराहमा पर्यटनले ल्याएको प्रमुख परिवर्तन भनेको यहाँको स्थानिय मानिसमा राम्रो व्यवहारको विकास गराउनु हो । यहाँको स्थानियवासिहरुको व्यवहार धेरै चित्तबुझ्दो भएको पर्यटकहरुको बिचार रहेको छ । पहुनासँग कस्तो व्यवहार गर्नुपर्दछ भन्नेबारेमा उनीहरुलाई राम्रो ज्ञान भएको पाइन्छ, । यसको बाबजुद मौलिक संस्कृतिमा संकट आउन थालेको पनि पाइएको छ । यस क्षेत्रमा बसोबास गर्ने प्रमुख आदिवासीको रुपमा रहेको थारु जातिले आफ्नो मौलिक संस्कृतिलाई स्वतन्त्ररुपले हुर्काउन, बढाउन र बचाउन सकिराखेको छैन । यसको संरक्षण र संम्बर्धनको लागि विभिन्न उपायहरु अपनाउनु पर्ने देखिन्छ । यी मध्ये केही उपायहरु निम्न अनुसार हुन सक्दछन् ।

- आदिवासी थारु जातिको विकास र उनीहरुको संरक्षण र सम्बर्द्धनको लागि सरकारी तथा गैरसरकारी क्षेत्रबाट संवदेनशिल भएर सोच्नुपर्ने र ठोस कार्यक्रम ल्याउनुपर्ने ।

- थारुहरुको संस्कृति, भाषा, सांस्कृतिक चालचलन बारे ज्ञानदिने खालका सामग्रीहरु पाठ्यपुस्तकमा समाबेश गर्नुपर्ने ।

- नयाँ पिढिलाई आफ्नो संस्कृतिबारे जागरुक बनाउनुपर्ने ।

- आफ्नो संस्कृतिमा लजाउनुभन्दा आफ्नो संस्कृतिमाथि गर्व गर्नुपर्ने चेतना फैलाउनुपर्ने ।

- थारुहरुको भाँडाकुँडा र खानालाई परिस्कृत रुपमा विकास गरी पर्यटकहरुकोलागि नयाँ थारु परिकारको रुपमा विकास गर्ने ।

- विदेशी खाना भन्दा त्यँहीको थारु खानाहरुलाई प्रोत्साहन गर्नुपर्ने ।

- थारुहरुका हस्तकला र घरेलु सरसामानहरु बनाउन सरकारी तवरबाटै प्रोत्साहनको वातावरण बनाउनुपर्ने ।

- उनीहरुले बनाएको सामानको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा बजार पाउन सक्ने खालको नीति बनाउनुपर्ने ।

- सिपमुलक तालमिको कमि, घरेलु उद्योगको कमि बजार व्यवस्थानको कमि भएकोले त्यसतर्फ सबै पक्षको ध्यानाकर्षण गराउनुपर्ने ।

- सौराह क्षेत्रको बारेमा संचार माध्यमहरुमा प्रचारप्रसार गरी बाह्य समुदायलाई पर्यटनको विकासका साथै संस्कृतिको संरक्षणप्रति पनि ध्यानाकर्षण गराउनुपर्ने ।

- थारु संस्कृतिको बचावट तथा उत्थानमा सहयोग पुचाउने व्यवसायलाई नाफामूलक व्यवसाय भन्दा बेग्लै समूहमा राखी उनीहरुलाई सरकारबाट विशेष सुबिधा दिई प्रोत्साहित गर्नुपर्ने ।

- संस्कृति बचावका अन्य अभियानमा सरकारबाट नीतिगत तथा आर्थिक रुपमा सहयोग हुनुपर्ने ।

- पर्यटकहरु सँग हिड्ने पथपर्दशकहरुलाई औपचारिक तालिमहरु दिई पर्यटकहरुलाई यस क्षेत्रको संस्कृतिप्रतिको चाख तथा सम्मान  बढाउने तवरले बताउन सक्ने बनाउनुपर्ने ।

- पर्यटकहरुले व्यत्तिगत रुपमा गर्ने सहयोगलाई भन्दा समग्र थारु संस्कृतिको संरक्षण र उत्थान हुने खालको कार्यमा सहयोग गर्न प्रोत्साहित गर्नुपर्ने ।

- मौलिक जनजीवन र चालचलन प्रति पर्यटकहरुको सम्मान बढाउन वातावरणीय सरसफाई, व्यवस्थित शौचालय, फोहोर फ्याक्ने कन्टेनर, शुद्ध पानी तथा सफासुग्घर जस्ता स्वास्थ्यसँग सरोकार राख्ने कुराहरुमा थप चेतनाको विकास गराउनुपर्ने ।

नेपाल विभिन्न जाति र संस्कृतिको एउटा सुन्दर फूलवारी हो । विभिन्न जातिका संस्कृतिको समष्टि नै नेपाली संस्कृति हो । नेपालभित्रका कुनै जाति वा संस्कृतिको लोप हुनु नै नेपाली संस्कृति लोप हुनु हो । जसरी देश विकासका विभिन्न

क्षेत्रको उत्थानको लागि सरकारले त्यस क्षेत्रसँग संबन्धित नीति निर्माण गरी सोही अनुसार कार्यक्रम ल्याएर योजनाबद्ध विकासको बाटो खोल्दछ , त्यसरी नै संस्कृतिको संरक्षण संबर्द्धन र उत्थान गर्नको लागि पनि राष्ट्रिय संस्कृति नीति बनाई देशमा छरिएर रहेका संस्कृतिको बारेमा अध्ययन अनुसन्धान गर्ने बातावरण बनाई हरेक संस्कृतिलाई फल्ने फूल्ने अवसर प्रदान गर्नुपर्दछ । यसो गरिएमा सौराह क्षेत्रको थारु संस्कृतिको पनि प्रभावकारी रुपमा संरक्षण र संबर्द्धन हुन सक्दछ । त्यसैगरी पर्यटन व्यवसायलाई विकास गर्दा अरु पक्षको पनि राम्ररी अध्ययन गरी सकारात्मक असर पुग्ने तवरले कार्यक्रम ल्याउनु पर्दछ ,अनिमात्र दिगो पर्यटनको विकास गर्न सकिन्छ । यसको लागि सरकारी स्तरबाटै नयाँ कदम चाल्नु पर्ने आवश्यक देखिन्छ ।

## सन्दर्भ ग्रन्थ र पत्रपत्रिका सूची


Amatya, S. (1983). **Some Aspect of Culture Policy in Nepal**. (UNCESCO).

Cohen, E. (1988). **Traditions in the Qualitative Sociology of Tourism.** In Annals of Tourism Research, vol. 15, pp. 29– 46.

Department of Tourism, HMG/N (2001), **Nepal Tourist Statistics**. Kathmandu. (N.T.B.).

Development Commission. (1992). **The Green Light: A Guide to Sustainable Tourism.** London. ETB.

Dhakal, Diwas. (2000). **Nepalese Culture, Society and Tourism.** Kathmandu : Mukta Dhakal.

Hunter, Colins. (1995). **Tourism and The Environment**.Green, Howard (London: Routledge).

Kunwar, Ramesh Raj. (2002). **Anthropology of Tourism.** Delhi (ADROIT).

Kunwar, Ramesh Raj. (1997). **Tourism and Devlopment,** Kathmandu: Laxmi Kunwar .

Kunwar, Saroj Bikram. (2005). **Effects of Tourism In Bungmati,** unpublished Thesis, NeHCA, Kirtipur,Kathmandu.

Pandey, Ram Niwas, Chettri, Pitambar, Kunwar, Ramesh Raj and Ghimire, Govinda (1995).**Case Study On The Effects Of Tourism On Culture And The Environment - NEPAL -Chitwan-Sauraha and Pokhara-Ghandruk.**Published by theUNESCO Principal Regional Office for Asia and the Pacific. Bangkok 10110, Thailand.

Satyal, Yajna Raj. (2000). **Tourism in Nepal.** Delhi (ADROIT).

Sharma, Prayag Raj. (1995). **Culture and Tourism.** Kathmandu (ICIMOD).

अधिकारी, रेशराज, (२०५२). **समाजशास्त्र तथा मानवशास्त्रको परिचय**, काठमाडौ : विधार्थी पुस्तक भण्डार ।

पुरी, उद्धव, (२०५८). **पर्यटन र विकास, काठमाडौं** : तलेजु प्रकाशन भोटाहिटी ।

भण्डारी, कृष्णप्रसाद, (२०५७-५८). **सामाजिक अनुसन्धान पद्धतिको परिचय**, वाराणसी : राजेश प्रकाशन ।

लाल दास, हरिकान्त, (२०५६). **सप्तरीको राजनैतिक इतिहास तथा प्रमुख धार्मिक स्थलहरु (सांस्कृतिक स्थलहरु समेत)**, राजविराज : श्रीमती विद्या देवी,।

क्षेत्री डा. गणेश र रायमाझी रामचन्द्र, **(२०००). पर्यटन : विकास र व्यवस्थापन,** काठमाडौं : एसिया पव्लिकेसन्स् ।

# परिशिष्ट

क. सान्दर्भिक तथ्याङ्कहरुको संकलन

ख. सान्दर्भिक तस्वीरहरुको संकलन

ग. संग्राहलयमा संग्रहित कृतिहरुको चित्रमय झलक

घ. सौराह क्षेत्रमा अध्ययनको क्रममा गरिएका प्रश्नहरु

# परिशिष्ट क
## सान्दर्भिक तथ्याङ्कहरुको संकलन

नेपाल पर्यटन बोर्ड तथा सौराह क्षेत्रको स्थलगत भ्रमण तथा अनुसन्धनाको क्रममा प्राप्त पर्यटकहरुको आगमनका तथ्याङ्कहरुको विवरण यस परिशिष्टमा समावेश गरिएको छ ।

**तालिका न. १**
**नेपालमा पर्यटकहरुको आगमन ( आर्थिक वर्ष सन् १९६२ देखि सन् २००४ सम्म )**

| वर्ष | जम्मा संख्या | वृद्धि दर % | हवाईमार्ग संख्या | भुमिमार्ग संख्या | बसाई अवधि |
|---|---|---|---|---|---|
| १९६२ | ६१७९ | – | – | – | – |
| १९६६ | १२५६७ | – | ११२०६ | १३६१ | – |
| १९७० | ४५९७० | – | ३६५०८ | ९४६२ | – |
| १९७४ | ८९८३८ | – | ७४१७० | १५६६८ | १३.२ |
| १९७८ | १५६१२३ | – | १३००३४ | २६०८९ | ११.८ |
| १९८२ | १७५४४८ | – | १५३५०९ | २१९३० | १३.३ |
| १९८६ | २२३३३१ | – | १८२७४५ | ४०५८६ | ११.२ |
| १९८७ | २४८०८० | ११.१ | २०५६११ | ४२४६९ | १२.० |
| १९८८ | २६५९४३ | ७.२ | २३४९४५ | ३०९९८ | १२.० |
| १९८९ | २३९९४५ | –९.८ | २०७९०७ | ३२०३८ | १२.० |
| १९९० | २५४८८५ | ६.२ | २२६४२१ | २८४६४ | १२.० |
| १९९१ | २९२९९५ | १५.० | २६७९३२ | २५०६३ | ९.३ |
| १९९२ | ३३४३५३ | १४.१ | ३००४९६ | ३३८५७ | १०.१ |
| १९९३ | २९३५६७ | –१२.२ | २५४१४० | ३९४२७ | ११.९ |
| १९९४ | ३२६५३१ | ११.२ | २८९३८१ | ३७१५० | १०.० |
| १९९५ | ३६३३९५ | ११.३ | ३२५०३५ | ३८३६० | ११.३ |
| १९९६ | ३९३६१३ | ८.३ | २४३२४६ | ५०३६७ | १३.५ |
| १९९७ | ४२१८५७ | ७.२ | ३७११४५ | ५०७१२ | १०.५ |
| १९९८ | ४६३६८४ | ९.९ | ३९८००८ | ६५६७६ | १०.८ |
| १९९९ | ४९१५०४ | ६.० | ४२१२४३ | ७०२६१ | १२.३ |
| २००० | ४६३६४६ | –५.७ | ३७६९१४ | ८६७३२ | ११.९ |
| २००१ | ३६१२३७ | –२२.१ | २९९५१४ | ६१७२३ | १२.० |
| २००२ | २७५४६८ | –२३.७ | २१८६६० | ५६८०८ | ७.९ |
| २००३ | ३३८१३२ | २२.७ | २७५४३८ | ६२६९४ | ९.६ |
| २००४ | ३८५२९७ | १३.९ | २९७३३५ | ८७९६२ | १३.५ |

**स्रोत : नेपाल पर्यटन बोर्ड , काठमाडौं**

## तालिका नं. २

## पर्यटकहरुको आगमन (आर्थिक वर्ष सन् २००४ देखि सन् २००५ सम्म )

| | २००४ | | | २००५ | | | % फरक | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **महिना** | **हवाईमार्ग** | **भूमिमार्ग** | **जम्मा** | **हवाईमार्ग** | **भूमिमार्ग** | **जम्मा** | **हवाईमार्ग** | **भूमिमार्ग** | **जम्मा** |
| जनवरी | २५,९१२ | ५,०७६ | ३०,९८८ | १९,०३२ | ६,३३१ | २५,३६३ | -२६.५५% | २४.७२% | -१८.१५% |
| फेब्रुवरी | २७,११४ | ८,५१७ | ३५,६३१ | १४,००१ | ६,२५८ | २०,२५९ | -४८.३६% | -२६.५२% | -४३.१४% |
| मार्च | ३३,३०५ | १०,९८५ | ४४,२९० | २०,१३७ | ९,७५५ | २९,८९२ | -३९.५४% | -११.२०% | -३२.५१% |
| अप्रील | २८,८३१ | ४,६८३ | ३३,५१४ | १८,८७९ | ४,४९४ | २३,३७३ | -३४.५२% | -४.०४% | -३०.२६% |
| मे | २३,४७१ | ३,३३१ | २६,८०२ | २०,८१६ | ४,६३८ | २५,४५४ | -११.३१% | ३९.२४% | -५.०३% |
| जुन | १७,३१७ | २,४७६ | १९,७९३ | १८,८४० | ४,०९२ | २२,९३२ | ८.७९% | ६५.२७% | १५.८६% |
| जुलाई | १९,०७८ | ५,७८२ | २४,८६० | १९,५०५ | ४,५९२ | २४,०९७ | २.२४% | -२०.५८% | -३.०७% |
| अगस्ट | २२,८३३ | १०,३२९ | ३३,१६२ | २५,९७४ | १०,९७६ | ३६,९५० | १३.७६% | ६.२६% | ११.४२% |
| सेप्टेम्वर | १८,८३७ | ६,६५९ | २५,४९६ | २७,५११ | ८,५२४ | ३६,०३५ | ४६.०५% | २८.०१% | ४१.३४% |
| अक्टुवर | ३२,८२४ | १०,५४९ | ४३,३७३ | ३८,५६३ | १३,११९ | ५१,६८२ | १७.४८% | २४.३६% | १९.१६% |
| नोभेम्वर | २५,४२२ | १०,९५९ | ३६,३८१ | २७,५११ | १३,८१८ | ४१,३२९ | ८.२२% | २६.०९% | १३.६०% |
| डिसेम्वर | २२,३९१ | ८,६१६ | ३१,००७ | २६,३६० | ११,७७५ | ३८,१३५ | १७.७३% | ३६.६६% | २२.९९% |
| **जम्मा** | **२९७,३३५** | **८७,९६२** | **३८५,२९७** | **२७७,१२९** | **९८,३७२** | **३७५,५०१** | **-६.८०%** | **११.८ ३%** | **-२.५४%** |

**स्रोत : नेपाल पर्यटन बोर्ड**

### तालिका न. ३

**विभिन्न उमेर र लिङ्ग समूह बाट नेपालमा पर्यटकहरुको आगमन**

| उमेर समूह | २००३ | २००४ | % फरक |
|---|---|---|---|
| १ – १५ वर्ष | १६०५६ | ३८७३४ | १४१.२४ |
| १६ – ३० वर्ष | ७८३५७ | ८४१२५ | ७.३७ |
| ३१ – ४५ वर्ष | ९९७४० | १२५२६७ | २५.६० |
| ४५ – ६० वर्ष | ८५७५३ | ९६९२० | १३.०२ |
| ६१ र ६१ पछि | ५८२२६ | ३७२५१ | –३६.०२ |
| **जम्मा** | **३३८१३२** | **३८२२९७** | **१३.०६** |
| पुरुष | २०४७३२ | २५५३०३ | २४.७० |
| महिला | १३३४०० | १२९९९४ | –२.५५ |

**स्रोत : नेपाल पर्यटन बोर्ड , काठमाडौं**

### तालिका न. ४

**भ्रमणको उद्धेश्यको आधारमा नेपालमा पर्यटकहरुको आगमन**

| भ्रमणको उद्धेश्य | २००३ | २००४ | % फरक |
|---|---|---|---|
| बिदा मनाउन | ९७९०४ | १६७,२६२ | ७०.८५ |
| पदयात्रा र पर्वतारोहण | ६५७२१ | ६९,४४२ | ५.६७ |
| व्यवसायिक | १९३८७ | १३,९४८ | –२८.०६ |
| धार्मिक | २१३९५ | ४५,६६४ | ११३.४३ |
| आधिकारिक | २१९६७ | १७,०८८ | –२२.२१ |
| अन्य | १११७५८ | ७१,८९३ | –३५.६७ |
| **जम्मा** | **३३८१३२** | **३८५,२९७** | **१३.९५** |

**स्रोत : नेपाल पर्यटन बोर्ड , काठमाडौं**

### तालिका न. ५

**भ्रमणबाट प्राप्त आय**

| वर्ष | रु. (000) | **US $(000)** | **%फरक US $ मा** |
|---|---|---|---|
| २००३ | १४५०८३९६ | १९२८३२ | ८०.५ |
| २००४ | १३१४६५३४ | १७९९४ | –६७ |

**स्रोत : नेपाल पर्यटन बोर्ड , काठमाडौं**

## तालिका न. ६

**नेपालमा पर्यटकहरुको आगमन (महिनामा)**

| **महिना** | **२००३** | **२००४** | **%फरक** |
|---|---|---|---|
| जनवरी | २१२१५ | ३०,९८८ | ४६.०८ |
| फेब्रुवरी | २४३४९ | ३५,६३१ | ४६.३४ |
| मार्च | २७७३७ | ४४,२९० | ४६.०८ |
| अप्रील | २५८५१ | ३३,५१४ | २९.६५ |
| मे | २२७०४ | २६,८०२ | १८.०५ |
| जुन | २०३५१ | १९,७९३ | –२.८ |
| जुलाई | २२६६१ | २४,८६० | ९.७० |
| अगस्ट | २७५६८ | ३३,१६२ | २०.३० |
| सेप्टेम्वर | २८७२४ | २५,४९६ | –११.२३ |
| अक्टुवर | ४५४५९ | ४३,३७३ | –४.५९ |
| नभेम्वर | ३८३९८ | ३६,३८१ | –५.२६ |
| डिसेम्वर | ३३११५ | ३१,००७ | –६.३६ |
| **जम्मा** | **३३८१३२** | **३८५,२९७** | **१३.९५** |


**स्रोत : नेपाल पर्यटन बोर्ड , काठमाडौं**

## तालिका न. ७


**सौराहमा आर्थिक वर्ष २०६१–२०६३ मा पर्यटकहरुको आगमन**

| २०६१/६२ | विदेशी | | | नेपाली | | | सार्क मुलुक | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | बच्चा | पुरुष | महिला | बच्चा | पुरुष | महिला | बच्चा |
| | ७,८०७ | ८,७९६ | ११ | ५,५१८ | १,४७८ | ६६ | ९६६ | ८३४ | ९ |
| जम्मा | १६६१४ | | | ७०६२ | | | १८०९ | | |
| २०६२/६३ (श्रावण देखि भाद्र सम्म) | १,११९ | १,२९९ | २ | ४३० | १३७ | ० | १०३ | ४७ | ० |
| जम्मा | ४२२० | | | ५६७ | | | १५० | | |


**स्रोत : चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, बछौली**




**चित्र. नं. क.१: सौराहमा आएका स्वदेशी तथा विदेशी पर्यटकहरुको वितरणको वृतकारचित्र**





विदेशी




नेपाली

**चित्र नं. क.२ : सौराहमा आर्थिक वर्ष २०६१/६२ मा आएका पर्यटकहरुको वितरणको वृतकार चित्रहरु**




**चित्र नं. क.३ : सौराहमा आर्थिक वर्ष २०६१/६२ मा आएका पर्यटकहरुको संख्यात्मक वितरणको समूहb08flrq**

# परिशिष्ट ख


## सान्दर्भिक तस्वीरहरुको संकलन

सौराह क्षेत्रको स्थलगत भ्रमण तथा अनुसन्धनाको क्रममा लिइएका तस्वीरहरु र तिनको संक्षिप्त विवरण यस परिशिष्टमा समावेश गरिएको छ ।



**चित्र नं. ख १ : सौराहमा रहेको थारु साँस्कृतिक संग्राहलय**

महेन्द्र प्रकृति संरक्षण कोष अन्तर्गत जैविक विविधता संरक्षण योजनाले चितवन राष्ट्रिय निकुञ्ज, मध्यवर्ति  समिति, मृगकुञ्ज मध्यवर्ति उपभोक्ता समूह र हरियाली युवा क्लब बछौली जस्ता संस्थाहरुसँग समन्वय गरी यो थारु संग्राहलय संचालनमा ल्याएको छ । यसमा UNDP, GEF, UNITED NATION FOUNDATION र नेपाल सरकारको पनि सहयोग रहेको तथ्य संग्राहलयमा राखिएको सुचना बोर्डबाट थाहा    हुन्छ ।





**थारु पुरुष** **थारु स्त्री**

**चित्र नं. ख २ : थारु साँस्कृतिक संग्राहलयमा राखिएका परम्परागत थारु भेषभूषामा सजाइएका थारु पुरुष र थारु स्त्री**

थारु पुरुष :– हरेक जातिको आफ्नै मौलिक किसिमको भेषभुषा भएजस्तै थारु जातिमा पनि आफ्नै मौलिक किसिमको भेषभुषाहरु छन् । यस जातिमा पुरुषहरुले पुरानो पहिरन मरदनानी(धोती) र भ्काड (कछाड) लगाउने चलन छ । खेतबारीमा काम गर्न जाँदा पुरुषहरु टाउकोमा छत्री(छतिया) काँधमा कोदालो, कम्मरमा सूर्तिका (डिबा) भाडो तथा खुर्पा राख्ने खुणबुणिया र हातमा लट्ठी लिई जाने गर्दछन् ।

थारु स्त्री :– नेपालको परिप्रेक्ष्यमा थारुजातिका महिलाहरुको भेषभुषा र गरगहना अन्य जातिका महिलाहरु भन्दा नितान्त फरक छ , यस जातिका महिलाहरु पहिरनमा चांगा चोलिया, थेनगी, नेहगी, कालो ब्लाउज, सेतो मरदानी आदि लगाउने गर्दछन् भने विभिन्न चाडपर्व तथा अन्य समयमा नाकमा नथिया, बुलाकी, कानमा कनफूल, कनपासा, घाटीमा हसुली, कण्ठी, चकति(चांदी) को माला, नाडीमा माठा डणकासा, हातको कुहिनामा टडिया, भुभटा, निधारमा टिकुली, मनटिका, खुट्टामा पैरी, आदि आकर्षक गरगहना लगाउन मन पराउछन् । खुट्टा, हातपाखुरा शरिरमा मसिनो सियोले खोपी फूलबुट्टा, पंक्षि आदिको चित्रहरु गोद्ने गर्दछन् ।



**चित्र नं. ख ३ : थारु महिलाहरुले तिज पर्व मनाउँदै**

असोज महिनाको कृष्णपक्षको अष्टमी तिथिमा पर्ने जितिया पावनी थारु समाजमा नारीहरुले तीन दिनसम्म मनाउने प्रमुख चाड हो । जितिया पावनीमा खास गरेर “जितबाहन” देवताको पूजा गर्ने चलन छ । जीतको अर्थ “विजय” र “बाहन” को अर्थ सर्बश्रेष्ठ हुन्छ । यस पर्वमा महिलाहरु बिहान नजिकको खोलानालामा गई नुहाई-धुवाई गरी ब्रत बस्ने र नयाँ (विशेष गरि सेतो र कालो) कपडामा सजिएर थारु भाषमा गीत गाउँदै झम्टा नाँचमा रमाउँछन् । बेलुका गाउँको जमिन्दारको घरमा सबै महिलाहरु भेला भई जीतबहानको कथा सुन्ने र फलफूल मात्र खाने गर्दछन् । यस पर्वमा ब्रत बसेमा घरपरिवार, बालबच्चा, पतिको स्वास्थ्य राम्रो हुन्छ भन्ने विश्वास रहेको छ ।



**चित्र नं. ख ४ : थारुहरुको मृत्युसंस्कार**

यस समुदायमा कुनै मान्छेको मृत्यु भएमा गरिने काजक्रिया अरुको भन्दा केही भिन्न रहेको पाइन्छ । यस जातिमा मृत शरिरलाई परापूर्वकालमा गाड्ने चलन भएतापनि पछिल्लो समयमा आएर जलाउने गर्दछन् । मृत शरिरलाई मलामीहरुले बासँको झलुङ्गोमा राखी खोलानदीको छेउमा काठको चितामाथि राखेर जलाउने गरिन्छ र मृतकले प्रयोग गरेका सरसामानहरुलई सोही ठाउँमा फ्याक्ने गरिन्छ। बालक र ठूलो उमेरको मान्छेको मृत्यु संस्कार भिन्नभिन्न तरिकाले गरिने चलन छ। यदि श्रीमती जीवित हुदैं लोग्नेको मृत्यु भएमा श्रीमतीले लोग्नेको अनुहारमा तोरीको तेल घसी सिन्दुर लगाइदिने र चुरा फुटाउने गर्दछन् । साधारणतया लोग्नेको १२ दिनमा, महिलाको १३ दिनमा र अविवाहितको ५ दिनमा क्रिया (पचतरिया) गरिन्छ ।



**चित्र नं. ख ५ : पितृऔंसी**

जितिया पर्वको सातदिनपछि आश्विन कृष्ण औंसीको दिनमा पर्ने यस चाडलाई थारु समुदायमा यमोसा (पितृऔंसी) भन्ने गरिन्छ । यो चाड थारु समाजमा आफ्ना पुर्वज मृतकहरुको सम्झनामा सन्तानहरुद्वरा पितृ (पितरक पनिया देई) लाई तर्पण दिनको लागि मनाइने चाड हो । यस चाडमा मनोरञ्जनका लागि गाउँको बिचमा पिङ्ग हालिएको हुन्छ । पितृऔंसीको बिहानै प्रत्येक घरका आगँनमा लिपपोतगरी सफा पिर्का राखी पिर्कामाथि दुई मुठा कुचो राख्ने गरिन्छ र त्यसलाई पितृ मानिन्छ । यस दिन घरका सबै सदस्यहरु नुहाउँदा कुश हातमा लिएर मृत्यु आत्मालाई पानी दिने चलन छ ।पिर्कामा राखिएको पितृलाई घामपानीबाट सुरक्षित राख्न छाता ओढाइदिने गरिन्छ ।



**चित्र नं. ख ६ : तिहार**

यो चाड दशैंको सोह्र दिनपछि पर्ने भएकोले थारु समाजमा सोहराई भनिन्छ । थारु जातिले यो चाड कार्तिक कृष्णपक्ष त्रयोदशीदेखि औंसीसम्म ३ दिन मनाउने गर्दछन् । यस चाडमा चामलको पिठोको रोटी बनाइन्छ र बनावट अनुसार रोटीको नाम राखिन्छ । घरको आँगनमा गाईगोरु बाध्नको लागि मेहा (खम्बा) गाडिन्छ र सोही मेहाको टुप्पामा छाता, रङ्गीबिरङ्गी फूल, तोरण झुण्ड्याउने गरिन्छ । त्यसपछि घरमुलीले घरको आँगनमा रोटी, रक्सी र भाले कुखुराको बली चढाई पूजा गर्ने चलन छ । यस पर्वमा गाईवस्तुलाई पनि रंगाउने र अघिल्लो दिन पकाएको दौ (कुभिण्डो, दुबो, ढूटो र नुन) खुवाउने चलन छ ।



**चित्र नं. ख ७ : परम्परागत थारु गहना र भेषमा थारु युवतीहरु**

थारु महिलाले लगाउने यो एक प्रकारको चाँदीको गहना हो, जुन चाँदीले बनेको हुन्छ र हेर्दा पैसाको आकार भएको देखिन्छ । पैसा आकारका जस्ता यी चाँदीका गहना चाँदीमा नै उनेर झुप्प पारि छातीलाई ढाक्ने गरी छातीको अघिल्लो भागमा लगाइन्छ ।



**चित्र नं. ख ८ : थारुहरुले प्रयोग गर्ने कुवा**

थारुहरुको गाउँमा सामुहिक रुपमा प्रयोग गर्नको निम्ति कुवा (इनार) खनिएको पाइन्छ। सबैले त्यहाँबाट पानी ल्याई आफ्नो घरधन्दा गर्ने गर्दछन् । नुहाउन, कपडा धुन, भाँडा माझ्न आदि सबै काम यही पानीले गर्दछन् । धेरैले आफ्नै घरमा धारा(कल) गाडेको देख्न पनि सकिन्छ ।



**चित्र नं. ख ९ : राष्ट्रिय निकुञ्जभित्र रहेको थारु गाउँ**

थारुहरुको गाउँ घर झुम्म परेको (एकै ठाउँमा धेरै घरहरु) बस्ती बाक्लो भएको हुन्छ । थारुहरुमा  धेरै घरको एउटै आँगन समेत रहेको पाइन्छ । थारुहरुको घर गोबरमाटोले लिपेर सफागरी पोतिएको हुन्छ । उनीहरु गाई, भैंसी, सुँगुर, बाख्रा, कुखुरा, हाँस, जस्ता जनावर पाल्दछन् र खेतमा मौसम अनुसारको खेतीपाती लगाउँछन् ।




**चित्र नं. ख १० : थारुहरुको सांस्कृतिक कार्यक्रम देखाउने ठाउँ**

सौराहमा थारुहरुले पर्यटक तथा आगन्तुकहरुलाई मनोरंजन तथा आफ्नो सांस्कृतिक कार्यक्रम देखाउन यो स्थान निर्माण गरेको बुझिन्छ । यहाँ थारुहरुले आफ्नो सांस्कृतिक कार्यक्रम देखाउने गर्दछन् । यहाँ थारुहरुको लाठी नाचका अतिरिक्त मयूर नाच देखाउने गरिन्छ जुन निकै रमाइलो र प्रसिद्ध मानिन्छ ।



**चित्र नं. ख ११ : थारुहरुको लाठीनाच**

सौराहको थारु लाठीनाच मनोरंजनको दृष्टिकोणले विशेष महत्वपूर्ण मानिन्छ । यसमा भागलिने मानिसहरुले एकअर्काको लठ्ठीमा पिटेर लडाई गरेजस्तै गरी नाच्ने गर्दछन् । शुरुमा यो नाच रातमा आउन सक्ने जंगली जनावरहरुलाई घरबाट टाढा भगाउन आवाज निकाल्ने उद्धेश्यले गरिन्थ्यो । अहिले पनि थारुहरुको फागु पूर्णिमा मनाउने क्रममा यस नाचले महत्व राख्दछ । तर पर्यटकहरुलाई देखाउन अरु बेलामा पनि सौराह क्षेत्रका निश्चीत स्थानहरुमा यो नाच देखाइन्छ । साझँको समयमा देखाइने यो नाच पर्यटकहरु आउने मौसममा दिनदिनै पनि देखाइन्छ ।




**चित्र नं. ख १२: सौराहमा रहेको पसल**

सौराहमा पर्यटकहरुलाई आकर्षण गर्नको लागि निकै व्यवस्थित ढङ्गबाट पसलहरु खोलिएका छन् । यहाँका पसलहरु पनि काठमाडौंको ठमेलमा अवस्थित पसलभन्दा केही कम छैनन् । तर यहाँ सानो क्षेत्रमा मात्र बजार व्यवसाय गरिएको छ । पर्यटकहरुको चहल पहल रहेको मुख्य स्थानमा मात्र यो बजार केन्द्रित छ । यहाँ कपडा, विभिन्न किसिमको कलात्मक मुकुण्डोहरु, बौद्ध मुर्तिहरु, हात्ती दाँतमा बनाइएका कलाकृतिहरु आदि जस्ता अन्य थुप्रै सामाग्रीहरु बेच्न राखिएका छन् ।




**चित्र नं. ख १३ : सौराहको आधुनिक घर र रेश्टुरेण्ट**

सौराहमा पुराना प्रकारका घरका साथै आधुनिक घरहरु पनि धमाधम बनिरहेका छन् । पर्यटकहरुको सुविधाका लागि सौराहमा नयाँ नयाँ होटल तथा रेश्टुरेण्टहरु बनेका छन् भने कति बन्ने क्रममा छन् । यी होटल तथा रेश्टुरेण्टहरुमा खान र बस्नको राम्रो व्यबस्था रहेको छ । सौराहका प्रत्यक्ष रुपमा नखुलेका कतिपय ठाउँहरु पर्यटकहरुका लागि राम्रो रिर्सोट, उच्च स्तरीय सुविधायुक्त होटल, रेश्टुरेण्ट बन्ने स्थानका रुपमा परिणत भएको पाइन्छ ।




**चित्र नं. ख १४ : सौराहमा रहेको विद्यालय**

यो बछौली माध्यमिक विद्यालय हो जुन बछौली गाउँमा अवस्थित रहेको छ । यस विद्यालयमा त्यहाँका स्थानिय बालबालिकाहरुले पढ्ने गरेका छन् ,जसमा थारु बिद्यार्थीहरुको संख्या उच्च रहेको छ । यहाँ अरु सरकारी बिद्यालयमा भ्कैं. उस्तै प्रकारको पाठ्यक्रमको पढाई हुने गरेको छ । प्राथमिक कक्षाहरुमा र माथिल्लो कक्षाका केही विषयमा थारु भाषा र संस्कृतिलाई पनि समावेश गरी पढाउने व्यवस्था मिलाएमा यहाँका बालबालिकाहरु आफ्नो संस्कृति र भाषाको बारेका बढी सचेत भई सकारात्मक योगदान पुचाउन सक्दछन् ।



**चित्र नं. ख १५ :  स्थानिय विद्यालयमा अध्ययनरत विद्यार्थीहरु**

सौराहको बछौली स्थित विद्यालयमा पढ्ने विद्यार्थीहरुमा थारु सम्प्रदायका केटाकेटीहरुको संख्या उल्लेखनिय रुपमा देखिन्छ । विद्यालयको पोशाकमा देखिएका यी केटाकेटीहरुलाई थारु पोशाकबारे कमै ज्ञान छ भने थारु भाषा, साहित्य सम्बन्धी ज्ञान र चासोको पनि कमि रहेको पाइन्छ ।



**चित्र नं. ख १६ : थारु केटीसँग अर्न्तवार्ता  लिइदै**



**चित्र नं. ख १७ : थारु केटीहरु गैरथारु पोशाकमा**

थारुहरुको स्त्रीहरुको आफ्नै किसिमको परम्परागत लुगा रहेको छ । थारु स्त्रीमा चांगा, चोलीया, थेनगी, नेहगी, कालो ब्लाउज, सेतो मरदानी आदि लगाउने चलन छ । तर बाह्य प्रभावका कारण तरुनी आइमाईहरुले अहिले सारी लगाउने गर्दछन् भने भर्खरका केटीहरु पश्चिमी शैलीका छोटो स्र्कट, पेन्ट लगाउने गर्दछन् र सफासुग्घर भई राम्रोसगँ कपाललाई पछाडी लगेर बाँध्ने गर्दछन् । चितवन राष्ट्रिय निकुञ्जमा आइमाईहरुले भेस्ट, फ्रक, म्याक्सी, नाइटी, गाउन् तथा केही पहाडी लुगाहरु लगाएको देख्न सकिन्छ ।

**चित्र नं. ख १८ : थारु केटाकेटीहरुसित अन्तर्वार्ता लिइरहेको**

थारु केटाकेटीहरुसित उनीहरुको शिक्षाको स्तर जान्दै र पर्यटन क्षेत्र साथै पर्यटकहरुको बारेमा धारणा बुझ्दै गरेको दृष्य माथिको चित्रमा दखिन्छ । यिनीहरुमा केही स्थानिय सरकारी विद्यालयमा पढ्दछन् भने केही अंग्रेजी विद्यालयमा पढ्दछन् । विद्यालय जाँदा विद्यालयको ड्रेस लगाउँदछन् भने अरु समय अन्य आधुनिक पहिरन लगाउन रुचाउँछन् । आफ्नो परम्परागत थारु भाषा बोल्नभन्दा नेपाली भाषा बोल्न मनपराउने र गीत सङ्गीत पनि आफ्नो परम्परागत भन्दा नेपाली, हिन्दी मनपर्ने उनीहरु बताउँछन् ।

**चित्र नं. ख १९ : थारुहरुको परम्परागतशैलीको घर**

सौराह क्षेत्रमा राष्ट्रिय निकुञ्जको वरिपरि थारुहरुको परम्रागत शैलीको घरहरु क्मै देख्न पाइन्छ , किनभने प्रायजसो सबै घरहरु आधुनिक शैलीमा निमार्ण भैसकेका छन् र कति निमार्णको क्रममा रहेका छन् । थारुहरुको वास्तविक रुपमा परम्परागतशैलीको घर सौराह क्षेत्रको भित्री गाउँ पदमपुरमा देख्न सकिन्छ ।



**चित्र नं. ख २० :थारुहरुको आधुनिक घर**

सौराहमा परम्परागत घरको दाँजोमा आधुनिक घरहरु बढी पाइन्छ । आधुनिकताको प्रभाव र यसको एक प्रमुख कारण निकुञ्जभित्र खर लिनजाने समस्या पनि एक हो ।





**चित्र नं ख.२१ : थारुहरुको परम्रागत घर र घर सजावट**

थारुहरुको परम्रागत घर खरले छाएको हुन्छ । थारु महिलाहरुले घरलाई गोबर माटोले राम्ररी लिपपोतगरी विभिन्न रगंहरु लिई हातका पंजाले घरका दैलामा छाप लगाई घर सजाउने गर्दछन् ।


**चित्र नं. ख २२ : थारुहरुको भान्छा घर (आधुनिक भाडाँकुडाँहरु)**

थारुहरुको भान्छाघरको बनावट पुरानै प्रकारको रहेको भएतापनि यहाँ प्रयोग भएका सामानहरु सबै आधुनिक रहेको पाइन्छ ।



**चित्र नं. ख २३ : थारु हस्तकलाका सामानहरु**

थारुहरुले आफ्ना हातले बनाएका धेरै राम्रा हस्तकलाका सामानहरु आफ्नो घरको प्रयोगमा ल्याउने गर्दछन् । अन्य जातिका मानिसहरुले पनि खरिदगरी प्रयोग गर्ने गर्दछन् ।



**चित्र नं. ख २४ : पर्यटहरु बैलगाडामा भ्रमण गर्दै**

सौराह क्षेत्रमा पर्यटकहरु पर्यटकहरु गाडी, हात्ती, जिपमा भ्रमण गर्नुको साथै बैलगाडामा पनि भ्रमण गर्न रुचाउँछन् । बैलगाडामा भ्रमण गर्नु पनि सौराह पर्यटनको एक महत्वपूर्ण भाग हो । पर्यटकहरु बैलगाडामा बसेर ग्रामिण पर्यटन गर्ने गर्दछन् ।



**चित्र नं. ख २५ :साइकलमा भ्रमण गर्दै पर्यटकहरु**

सौराह क्षेत्रमा पर्यटकहरु अन्य साधनमा जस्तै साइकलमा पनि भ्रमण गर्दै गरेको देख्न सकिन्छ ।





**चित्र नं. ख २६ : राष्ट्रिय निकुञ्जभित्र जिपमा पर्यटकहरु भ्रमण गर्दै**

सौराहमा क्षेत्रमा पर्यटकहरु बैलगाडा, टाँगा र हात्तीमा भ्रमण गर्नुको साथै जिपमा पनि भ्रमण गर्न रुचाउँछन् । निकुञ्जभित्र जिपमा भ्रमण गर्दा एउटा जिपमा ७–१० जना सम्म बसी जंगलमा भ्रमण गर्न सकिन्छ । जिपमा भ्रमण गर्न चाहनेहरुले बिहान वा दिउसो जंगलमा भ्रमण गर्न सक्दछन् । निकुञ्जभित्र बिहान ७ बजेदेखि १२ बजेसम्म र दिउसो १ बजेदेखि ५.३० बजेसम्म गरी दिनको दुईपल्ट जिपमा भ्रमण गर्न सकिन्छ ।

# परिशिष्ट ग

शोध प्रबन्धको यस परिशिष्ट ग मा थारु संस्कृतिको प्रतीकको रुपमा रहेको स्थानिय संग्राहलयमा संग्रहित कृतिहरुको चित्रमय झलक प्रस्तुत गरिएको छ।




















चित्र नं. ४.१३ बछौली गा. वि. स. को स्थानिय  थारु संग्राहलयमा संग्रहित सामाग्री र तस्वीरहरु

# परिशिष्ट घ

## सौराह क्षेत्रमा अध्ययनको क्रममा गरिएका प्रश्नहरु

- सौराह क्षेत्रमा पर्यटन व्यवसाय कस्तो रहेको छ ?
- पर्यटनले कस्तो प्रभाव पारेको छ ?
- पर्यटनको प्रभाव युवाहरुमा कस्तो रहेको छ ?
- तपाईंको आफ्नो व्यवसाय के रहेको छ ?
- तपाईं पर्यटन व्यवसायमा लागेको कति भयो ?
- तपाईंलाई आफ्नो परम्परागत व्यवसाय र पर्यटन व्यवसाय मध्ये कुनमा सन्तुष्ट हुनुहुन्छ ?
- आफ्नो व्यवसाय छोडेर पर्यटन व्यवसायमा लाग्नुको कारण के मान्नु हुन्छ ?
- पर्यटनले सौराहबासीको संस्कृतिमा कस्तो असर पारेको छ ?
- सौराहमा थारु जातिको बाहुल्यता भएकोले पर्यटनले थारु संस्कृतिलाई कस्तो असर पारेको छ ?
- नयाँ पिढीले आफ्ना परम्रागत संस्कृतिलाई कत्तिको अपनाएका छन ?
- के सबै परम्रागत संस्कृतिका चाडपर्व पहिले जस्तै अहिलेपनि मनाइन्छ ?
- युवाहरु आफ्नो संस्कृति प्रति कति सचेत छन् ?
- आफ्नो संस्कृतिलाई जोगाइराख्न के गरिराख्नु भएको छ ?
- तपाईंको संस्कृतिको विशेषता के जस्तो लाग्छ ?
- पर्यटनले संस्कृतिमा कस्तो सकारात्मक असर पारेको छ ?
- पर्यटनले संस्कृतिमा कस्तो नकारात्मक असर पारेको छ ?
- पहिले र अहिलेमा यस क्षेत्रमा के के अन्तर पाउनु भएको छ ?
- शिक्षामा सुधार भएको छ कि छैन ?
- पर्यटन व्यवसायको राम्रा र नराम्रा पक्ष तपाईंलाई के जस्तो लाग्छ ?
- नयाँ सांस्कृतिक जागरण र त्यसकालागि गरिएका प्रयासहरुका उदाहरणहरु केही छन् कि ?
- संस्कृति र आर्थिक विकासमा कुन महत्वपूर्ण लाग्छ ?
- आफ्नो संस्कृति र पर्यटन व्यवसाय दुवैलाई विकास गर्दैलान के गर्न सकिन्छ जस्तो लाग्छ तपाईंलाई ?